

# नेपालमा अधिक चोरी शिकार र अवैध व्यापार हुने वन्यजन्तु तथा वनस्पतिहरूको जानकारी



राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौ नेपाल

२०७५

# नेपालमा अधिक चोरी शिकार र अवैध व्यापार हुने वन्यजन्तु तथा वनस्पतिहरूको जानकारी


*प्रकाशक*

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**

बबरमहल, काठमाण्डौ नेपाल

२०७५

**पहिलो प्रकाशन:** ७०० प्रति, २०७२ असार
**दोश्रो संस्करण:** ९०० प्रति, २०७५

**प्रकाशक:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**सर्वाधिकार:** प्रकाशकमा

**साभार:** रा.नि. तथा व.ज.सं.वि. (२०७५, दोश्रो संस्करण), नेपालमा अधिक चोरी शिकार र अवैध व्यापार हुने वन्यजन्तुहरू तथा वनस्पतिहरूको जानकारी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं, नेपाल ।

**सम्पर्क:** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं
फोन नं.: ९७७-१-४२२०९१२, ४२२७९२६, ४२२०८५०
फ्याक्स नं.: ९७७-१-४२२७६७५
इमेल: info@dwpwc.gov.np
वेबसाईट: www.dnpwc.gov.np

**फोटो सौजन्य:**

१) प्रा. करन बहादुर शाह: १४-१७, २३-२५, २७, ३०, ४०, ४३, ५७-५९, ६४, ६९, १०२, १०४ र १०५
२) डा. झमक ब. कार्की: ५०, ५५, ६१, ६३, ७४, ७८, ८२, ८६, र ९९
३) कुमार पौडेल: ६-८
४) आर गुरुङ: १८
५) बेद बहादुर खड्का: ८७
६) ज्योतेन्द्रज्यू ठकुरी, पंक्षी संरक्षण संघ: ८८, ८९ र ९१
७) एन्साब: १०६ र १०७
८) खुला श्रोतको वेबसाइटहरुबाट: १, ३-५, ९, ११, २६, ३०(अ), ३५, ३८, ३९, ४४-४६, ५३, ५५, ६२, ७०, ८६, ९०, ९४, ११० र ११६
९) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग: अन्य बाँकी फोटोहरु

**मुद्रण:** सिग्मा मिडिया अफसेट प्रेस, सानेपा, ललितपुर
फोन नं.: ०१-५५२६२३१

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**
(.............................................शाखा)

संकेत नं. :-
पत्र संख्या :-
चलानी नं. :-

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http://www.dnpwc.gov.np

# मन्तव्य

वन्यजन्तु तथा वनस्पतिहरु लगायत सम्पूर्ण जैविक विविधता प्रकृतिका अनुपम उपहार हुन । यिनीहरुको दिगो संरक्षण र व्यवस्थापन गरी अन्तरपुस्ता हस्तान्तरण गर्नु हामी सबैको कर्तव्य हो । संरक्षण विना मानव जीवनको अस्तित्व कल्पना गर्न सकिदैन । नेपाल विश्वको मानचित्रमा सानो देश भएपनि यसले जैविक विविधतामा संरक्षणमा गरेको प्रयास विश्व भरिनै प्रसंशनिय छ । बढ्दो जनसंख्याको चाप प्राकृति श्रोत माथि बढ्दै जानु, असन्तुलित विकास, संरक्षणमा जनचेतनाको कमि, कानून कार्यान्वयनमा कमजोरी तथा अन्तराष्ट्रिय बजारमा वन्यजन्तु, वनस्पतिहरु र तिनीहरुको अङ्गहरु अवैध व्यापार वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा रहेका प्रमुख चुनौतिहरु हुन ।

वन्यजन्तु तथा वनस्पतिहरु र तिनीहरुको अङ्गहरुको अवैध व्यापार बढ्दै जानु तथा अन्तर्राष्ट्रिय बजारमा यिनीहरुको उच्च मूल्यमा कारोवार हुने तथ्यले समयमा नै वन्यजन्तु तथा वनस्पतिहरुको गैरकानूनी व्यापारलाई रोकथाम गर्नु संबन्धीत सबै पक्षको दायित्व हो । यसै सन्दर्भमा संरक्षणकर्मी, स्थानिय जनता, सुरक्षाकर्मी लगायत विभिन्न सरोकारवालाहरुलाई जानकारी दिने उद्देश्यले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले नेपालमा अधिक चोरी शिकार र अवैध व्यापार हुने वन्यजन्तु तथा वनस्पतिहरुको जानकारीमुलक पुस्तकको दोश्रो संस्करण प्रकाशन गरेको छ । यस पुस्तकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित गरेका, साईटिस अनुसूचि १ मा र आइयूसिएनको रातो किताबको अति संकटापन्न वर्गमा परेका विभिन्न वन्यजन्तु र वन ऐन र मातहतमा बनेका नियमावलीले संरक्षित गरेका विभिन्न वनस्पतिहरु लगायत अन्य अवैध संकलन तथा व्यापारका कारणले लोपोन्मुख रहेका ६८ प्रजातिका स्तनधारी, १० प्रजातिका चरा, १२ प्रजातिका घस्रने जनावार र ११ प्रजातिका गैरकाष्ठ वन पैदावारको बारेमा संक्षिप्त जानकारी सहितको सूचना संकलन गरिएको छ । विशेष गरी वन्यजन्तुका अङ्गहरु र वनस्पतिका भागहरुको अवैध व्यापार नियन्त्रणमा सहयोग पुर्याउँदै आएका संस्थाहरु भन्सार विभाग, नेपाल प्रहरी, नेपाली सेना, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र मातहतका कार्यालयका कर्मचारीहरु, वन विभाग तथा अन्तर्गत कार्यालयका कर्मचारीहरु, संरक्षण साझेदार संस्थाहरु लगायत सम्पूर्ण सरोकारवालाहरु यस पुस्तकबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने विश्वास गरिएको छ । साथै प्राज्ञिक संस्थाका अध्ययन अनुसन्धानकर्ताहरुलाई पनि यस पुस्तकले सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस पुस्तकको पहिलो संस्करणको तयारी तथा प्रकाशन गर्नमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने यस विभागका तत्कालिन ईकोलोजिष्ट श्री गोपाल प्रकाश भट्टराई तथा सहायक ईकोलोजिष्ट ऋषि रानाभाट विशेष धन्यवादका पात्र हुनु हुन्छ । त्यसैगरी अनुसन्धान तथा लेखन कार्यका

संलग्न डा. झमक बहादुर कार्की, शम्भु चर्माकार, रामप्रसाद आचार्य र ज्ञानेन्द्र ढकालको कडा मिहिनेतको हार्दिक प्रशंसा गर्दे यस पुस्तकलाई सम्पादन गरी सहयोग पुर्‍याउने प्रा. करन बहादुर शाह तथा डा. हेम सागर बराल प्रति आभार प्रकट गर्दछु । अध्ययन तथा प्रकाशन कार्यमा परामर्शदाताका रुपमा सहयोग पुर्‍याउने प्राक्टिकल सोलेशन कन्सल्ट्यान्सी नेपाल प्रा. लि. लाई विशेष धन्यवाद दिन चाहनछु । यसै गरी यस पुस्तकको दोश्रो संस्करण प्रकाशन गर्न सहयोग गर्नु हुने उप-महानिर्देशक गोपाल प्रसाद भट्टराई, संरक्षण शिक्षा अधिकृत विष्णु प्रसाद श्रेष्ठ र सहायक संरक्षण शिक्षा अधिकृत भोज राज पन्थलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यस पुस्तक प्रकाशन गर्न प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्‍याउने अन्य सबै व्यक्ति तथा संस्थाहरुलाई पनि स्मरण गर्न चाहन्छु ।

अन्त्यमा, यस पुस्तक अध्ययन तथा प्रकाशन गर्ने क्रममा रहेका कमी कमचोरी तथा भाषागत त्रुटिहरु पाठकवर्गले औंल्याई दिनु भयो भने आगामी दिनमा यसको परिमार्जनमा ठूलो सहयोग पुग्ने विश्वास लिएको छु ।

मन बहादुर खड्का
महानिर्देशक
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# विषयसूचि


पुस्तकको परिचय ........ १
यस पुस्तकका प्रयोगकर्ता ........ १२
पुस्तक प्रयोग गर्ने तरिका ........ १२
**वन्यजन्तु ........ १५**
**स्तनधारी जनावरहरू: Mammals ........ १७**
**Order: Lagomorpha ........ १७**
**परिवार: लेपोरिडे (Leporidae) ........ १७**
१. लघुकर्ण खरायो, Hispid Hare, *Caprolagus hispidus* ........ १७
**Order: Rodentia ........ १८**
**परिवार: स्कूरेडी (Sciuridae) ........ १८**
२. लोखर्केहरू ........ १८
२.१ रातो राजपंखी लोखर्केहरू ........ १९
**परिवारः हाइस्ट्रिसिडे (Hystricidae) ........ १९**
३. दुम्सीहरू, Porcupines, *Hystrix spp.* ........ १९
३.१ मलाया दुम्सी ........ २०
३.१ जुरे दुम्सी ........ २०
**Order: Pholidota ........ २१**
**परिवारः मेनिडी (Manidae) ........ २१**
४. सालकहरू, Pangolins, *Manis spp.* ........ २१
४.१ तामे सालक ........ २३
४.२ कालो सालक ........ २३
**Order: Carnivora ........ २४**
**परिवारः भिभेराडे (Viverridae) ........ २४**
५. नीर बिरालाहरू (Civets) ........ २४
५.१ ठूलो नीर बिरालो ........ २५
५.२ सानो नीर बिरालो ........ २५
५.३ गाजले नीर बिरालो ........ २६
५.४ ताडी नीर बिरालो ........ २६
५.५ सिलु बिरालो ........ २७
**परिवारः फेलिडे (Felidae) ........ २७**
६. ठूलो बिरालाका प्रजातिहरू ........ २७

६.१ बाघ, Tiger, *Pantehra tigris* ..... ३०
६.२ हिउँ चितुवा, Snow Leopard, *Panthera uncia* ..... ३३
६.३ चितुवा, Common Leopard, *Panthera pardus* ..... ३५
६.४ ध्वाँसे चितुवा, Clouded Leopard, *Neofelis nebulosa* ..... ३७
७ अन्य साना बिरालोका प्रजातिहरू ..... ३८
७.१ चरी बाघ ..... ३८
७.२ पाहन/फ्याकु ..... ४०
७.३ बन बिरालो ..... ४०
७.४ मलाहा बिरालो ..... ४१
७.५ सुनौलो बिरालो ..... ४१
७.६ छिरबिरे बिरालो ..... ४२
**परिवारः हरपेस्टिडे (Herpestidae) ..... ४२**
८. न्याउरी मुसाहरू (Mongooses) ..... ४२
८.१ सानो न्याउरी मुसो ..... ४३
८.२ ठूलो न्याउरी मुसो ..... ४३
८.३ गंगटे न्याउरी मुसो ..... ४३
९ हुँडार, Hyaena, *Hyaena hyaena* ..... ४४
**परिवारः क्यानिडी (Canidae) ..... ४५**
१०. ब्वाँसो, Tibetian grey wolf, Eurasian wolf ,*Canis lupus chanco* ..... ४५
११. स्याल, Jackal, *Canis aureus* ..... ४७
१२. ढोले/बन कुकुर, Dhole, *Cuon alpinus* ..... ४८
१३. फ्याउरो प्रजातिहरू ..... ४८
१३.१ भोटे फ्याउरो ..... ४९
१३.२ रातो फ्याउरो ..... ४९
१३.३ फुस्रो फ्याउरो ..... ५०
**परिवारः अर्सिडे (Ursidae) ..... ५०**
१४. भालुहरू, Bears ..... ५०
१४.१ कालो भालु ..... ५१
१४.२ खेरो/रातो भालु ..... ५२
१४.३ काठे भालु ..... ५२
**परिवारः मस्टेलिडे (Mustelidae) ..... ५४**
१५. ओंतहरू Otters ..... ५४
१५.१ कालो ओंत ..... ५५

१५.२ खैरो ओंत ........ ५५
१५.३ सानो ओंत ........ ५५
**परिवार: प्रोक्यानिडे (Procyonidae) ........ ५७**
१६. हाब्रे, रातो पाण्डा, Red Panda, *Ailurus fulgens* ........ ५७
**Order: Primate ........ ५९**
**परिवार: सर्कोपीथेसीडे (Cercopithecidae) ........ ५९**
१७. बाँदरहरू (Monkeys) ........ ५९
१७.१ नेपाल लंगूर ........ ६०
१७.२ तराई लंगूर ........ ६०
१७.३ पश्चिमा लंगूर ........ ६१
१७.४ आसामी बाँदर/काल्गाडा ........ ६१
१७.५ रेसस बाँदर ........ ६२
**Order: Cetacea ........ ६३**
**परिवार: प्लाटानिस्डे (Platanistidae) ........ ६३**
१८. शोंश, सुसु *Platanista gangetica gangetica* ........ ६३
**Order: Artiodactyla ........ ६४**
**परिवार: सुइडी (Suidae) ........ ६४**
१९. बँदेलहरू ........ ६४
१९.१ पुडके बँदेल, Pygmy Hog, *Porcula salvania* ........ ६४
१९.२ बँदेल, Eurasian Wild Boar, *Sus scrofa* ........ ६५
**परिवार: मोस्चिडे (Moschidae) ........ ६६**
२०. कस्तुरी मृगहरू, Musk Deer ........ ६६
**परिवार: सर्भिडे (Cervidae) ........ ७०**
२१. मृग प्रजातीहरु ........ ७०
२१.१ जरायो, Sambar Deer, *Rusa unicolor* ........ ७०
२१.२ चित्तल/चित्री, Chital, *Axis axis* ........ ७१
२१.३ लगुना/पाडे Hog Deer, *Axis porcinus* ........ ७२
२१.४ रतुवा/राते मृग, Northern Red Muntjac, *Muntiacus vaginalis* ........ ७३
**परिवार: बोभिडे (Bovidae) ........ ७५**
२२. हरिण तथा अन्य प्रजातिहरू ........ ७५
२२.१ कृष्णसार, Blackbuck, *Antilope cervicapra* ........ ७६
२२.२ नीलगाई/घोडगधा, Nilgai, Bluebull, *Boselaphus tragocamelus* ........ ७७
२२.३ चिरु, Tibetan Antelope, *Pantholops hodgsoni* ........ ७८

२२.४ चौका, चौसिङ्गा, Four-horned Antelope, *Tetracerus quadricornis* ...... ८०
२२.५ घोरल, Goral, *Naemorhedus goral* ........................................ ८१
२२.६ झारल, Himalayan Tahr, *Hemitragus jemlahicus* ........................ ८१
२२.७ थार Himalayan Serow, *Capricornis thar* .................................. ८२
२२.८ गौरीगाई, गौर, Gaur, *Bos gaurus* ............................................ ८३
२२.९ जंगली चौरी गाई, Wild Yak, *Bos mutus* ...................................... ८४
२२.१० नायन, Great Tibetan Argali, *Ovis ammon hodgsoni* ...................... ८५
२२.११ अर्ना Wild Water Buffalo, *Bubalus arnee* .................................. ८६
**Order: Perissodactyla** .................................................................. ८८
**परिवारः राइनोसेरोटेडी (Rhinocerotedae)** ............................................ ८८
२३. एक सिङे गैंडा, One-horned Rhinoceros, *Rhinoceros unicornis* .......... ८८
**परिवारः इलिफेन्टिडे (Elephantidae)** ................................................ ९१
२४. जंगली हात्ती, Asian Wild Elephant, *Elephas maximus* ....................... ९१
**चराहरूः Aves** ............................................................................. ९४
**Order: Gruniformes** ..................................................................... ९४
**परिवारः ग्रुइडी (Gruidae)** ................................................................. ९४
२५. सारस, Sarus Crane, *Grus antigone* ............................................ ९४
**परिवारः ओटिडी (Otidae)** ................................................................. ९५
२६. खरमुजुरहरू ................................................................................ ९५
२६.१ खरमुजुर, Bengal Florican, *Houbaropsis bengalensis* ........................ ९६
२६.२ सानो खरमुजुर, Lesser Florican, *Sypheotides indica* ........................ ९७
**Order: Bucerotiformes** .................................................................. ९७
**परिवारः बुसेरोटिडी (Bucerotidae)** ...................................................... ९७
२७. राजधनेश, Great Hornbill, *Buceros bicornis* ................................... ९७
**Order: Ciconiiformes** .................................................................... ९९
**परिवारः सिकोनीटिडी (Ciconiidae)** ....................................................... ९९
२८. भुँडिफोर गरूडहरू .......................................................................... ९९
२८.१ कालो भुँडिफोर गरूड, Black Stork, *Ciconia nigra* ............................. ९९
२८.२ सेतो भुँडिफोर गरुड, White sSork, *Ciconia ciconia* ......................... १००
**Order: Galliformes** ...................................................................... १०१
**परिवारः फेजिनिडी (Phasianidae)** ..................................................... १०१
२९. कालिज प्रजातिहरू ....................................................................... १०१
२९.१ डाँफे, *Lophophorus impejanus* ..................................................... १०१

२९.२ मुनाल, *Tragopan satyra* ........ १०२
२९.३ चिर कालिज, Cheer pheasant, *Catreus wallichii* ........ १०३
३०. अन्य चरा प्रजातिहरू ........ १०४
**घस्रने प्रजातिहरू: Reptiles** ........ १०५
**Order: Crocodilia** ........ १०५
३१. गोहीहरू, Crocodiles ........ १०५
**परिवार: ग्याभियानिडे (Gavialidae)** ........ १०५
३१.१ घडियाल गोही ........ १०५
**परिवार: कोक्रोडाइलिडे (Crocodilydae)** ........ १०६
३१.२ मगर गोही ........ १०६
**Order: Squamata** ........ १०७
**परिवार: भारनिडे (Varanidae)** ........ १०७
३२. गोहोरोहरू, Monitors ........ १०७
**परिवार: बोइडे (Boidae)** ........ १०८
३३. अजिंगरहरू, Pythons ........ १०८
**उभयचर: Amphibians** ........ ११०
**Order: Testudines** ........ ११०
३४. कछुवाहरू, Turtles ........ ११०
**परिवार: जियोमाइटीडी (Geoemydidae)** ........ ११०
३४.१ कछुवा, Tricarinate Hill Turtle ........ ११०
**परिवार: ट्रायोन्युचेडी (Trionychidae)** ........ १११
३४.२ कटैया, Indian Peacock Softshield Turtle ........ १११
३४.३ कटैया अभिनासा, Indian or Ganges Softshell Turtle ........ ११२
**परिवार: गेक्कोनीडे (Gekkonidae)** ........ ११३
३५. माउसुली, Wall Lizard, टोके-टोके, Tokay *Gekko gecko* ........ ११३
**माछाहरू: Pisces** ........ ११४
**Order: Syngnathiformes** ........ ११४
**परिवार: सिङनाथिडे (Syngnathidae)** ........ ११४
३६. सिहर्स, Sea horse ........ ११४
**वनस्पतिहरू**
**परिवार: क्लभिसिपिटेसी (Clavicipitaceae)** ........ ११९
३७. यार्सागुम्वा ........ ११९
**परिवार: भ्यालेरिनेसी (Valerianaceae)** ........ १२१

३८.१ जटामसी ............................................................................................. १२१
३८.२ सुगन्धवाल.............................................................................................. १२३
**परिवार: स्क्रुफुलारेसी (Scrophulariaceae)**....................................................१२५
३९. कुटकी ..................................................................................................१२५
**परिवार: ट्याक्सेसी (Taxaceae)** ...................................................................१२७
४०. लौठ सल्ला .............................................................................................१२७
**परिवार: लेगुमिनीसी (Leguminosae)** ..........................................................१२९
४१. रक्तचन्दन ..............................................................................................१२९
**परिवार: एपोसाइनेसी (Apocynaceae)**......................................................... १३१
४२. सर्पगन्धा ............................................................................................... १३१
**परिवार: डिस्कोरियसी (Dioscoreaceae)**.........................................................१३३
४३. भ्याकुर...................................................................................................१३३
**परिवार: जुग्लेन्डेसी (Juglandaceae)**.............................................................१३५
४४. ओखर....................................................................................................१३५
**परिवार: रेनुनकुलेसी (Ranunculaceae)**...........................................................१३७
४५. निरमसी (Neeramasi) ..............................................................................१३७
**परिवार: अर्किडेसी (Orchidaceae)**..............................................................१३८
४६. पाँचऔंले (Orchids)..................................................................................१३८
४७. सुनगाभाका अन्य प्रजातिहरू (Orchids)..............................................१४०
**सन्दर्भ सामाग्रीहरू**.....................................................................................१४३

# पुस्तकको परिचय

नेपाल जैविक विविधताले धनी देशको रुपमा परिचित छ । भौगोलिक क्षेत्रफलको हिसावले सानो भएता पनि नेपालको फैलावट समुद्र सतहको ६३ मि. देखि ८,८४८ मि.सम्म रहेको छ जसका कारण सानो क्षेत्रफल र छोटो भौगोलिक दूरी भित्र पनि विविध प्रजातिका वन्यजन्तु तथा वनस्पतिको बासस्थान रहेको छ । यहाँ ऊष्ण प्रदेशदेखि टुन्ड्रा क्षेत्र सम्मका वन्यजन्तु र वनस्पतिका प्रजातिहरू रहेका छन् । नेपालको भूगोलभित्र ६,९७३ प्रजातिका फूलफूल्ने प्रजातिहरू समेत ११९७१ प्रजातिका बनस्पति, ६५३ प्रजातिका पुतली, ३९५८ प्रजातिका मोथ, २३० प्रजातिका माछा, ५३ प्रजातिका उभयचर, १३७ प्रजातिका घस्रने प्राणी (७९ प्रजातिका सर्प समेत गरेर), ८७८ प्रजातिका चरा, २१० प्रजातिका स्तनधारी वन्यजन्तु लगायत ११८६१ प्रजातिका प्राणीहरूको अस्तित्व पहिचान भैसकेको छ । नेपाल सरकारले यी प्राणी तथा वनस्पति र यिनका बासस्थानलाई अपूर्व जैविक विविधताको रुपमा लिई संरक्षणका बिभिन्न प्रयास जारी राखे पनि एकातिर जनचेतनाको अभाव, फितलो कानून कार्यान्वयन, संस्थागत कमजोरीका कारणले संरक्षणका प्रयासहरु प्रभावकारी हुन सकेका छैनन् भने अर्कोतिर अन्तर्राष्ट्रिय बजारमा वन्यजन्तु र तीनका अंगहरुको उच्च मूल्य र मागका कारण वन्यजन्तु र वनस्पतिको अवैध व्यापार एउटा गम्भिर समस्या र यसको नियन्त्रण ठूलो चुनौती रुपमा रहँदै आएको छ । अझ हालैका दिनहरूमा खास गरी हिउँ चितुवाको छाला, बाघको हड्डी र छाला, भालुको पित्त र छाला, कस्तुरीको बीना, सालकका कत्ला, पाँचऔले, यार्सागुम्बा लगायतका जडिबुटी र वनस्पतिहरुको गैर कानूनी ओसारपसारमा बृद्धि भइरहेको महसुस गरिएको छ ।

नेपालमा अधिक चोरी शिकार र अवैध व्यापार हुने वन्यजन्तु तथा वनस्पतिहरूको जानकारी दिने उद्देश्य सहित यो पुस्तक तयार पारी प्रकाशन गरिएको छ । यस पुस्तकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले संरक्षित गरेका, साइटिस अनुसूचि १ मा र आइयूसिएनको रेड बुकको अति संकटापन्न वर्गमा परेका बिभिन्न वन्यजन्तु र वन ऐनले संरक्षित गरेका बिभिन्न वनस्पतिहरू लगायत अन्य अवैध संकलन तथा व्यापारका कारणले लोपोन्मुख रहेका ६८ प्रजातिका स्तनधारी, १० प्रजातिका चरा, १२ प्रजातिका घस्रने जनावर र ११ प्रजातिका वनस्पतिहरूको बारेमा संक्षिप्त जानकारी सहितको सूचना संलग्न गरिएको छ ।

यस पुस्तकमा समेटिएका स्तनधारी प्रजाति, चरा र वनस्पतिहरू र तीनको संरक्षणको अवस्था क्रमशः तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १: यस पुस्तकमा समावेश गरिएका स्तनधारी प्रजातिहरू र तिनको कानुनि अबस्था

| Species | Common Name | नेपाली नाम | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|
| **Order: LAGOMORPHA** | | | | | |
| **Family: Leporidae** | | | | | |
| *Caprolagus hispidus* | Hispid Hare | लघुकर्ण खरायो | संरक्षित | १ | संकटापन्न |
| **Order: RODENTIA** | | | | | |
| **Family: Sciuridae** | | | | | |
| *Petaurista petaurista* | Red Giant Flying Squirrel | रातो राजपंखी लोखर्के | | | कम चासो भएका |
| **Family: Hystricidae** | | | | | |
| *Hystrix brachyuran* | Malayan Porcupine | मलाया दुम्सी | | | कम चासो भएको |
| *Hystrix indica* | Indian Crested Porcupine | जुरे दुम्सी | | | कम चासो भएको |
| **Order: PHOLIDOTA** | | | | | |
| **Family: Manidae** | | | | | |
| *Manis crassicaudata* | Indian Pangolin | तामे सालक | संरक्षित | १ | संकटापन्न |
| *Manis pentadactyla* | Chinese Pangolin | कालो सालक | संरक्षित | १ | अतिसंकटापन्न |
| **Order: CARNIVORA** | | | | | |
| **Family: Viverridae** | | | | | |
| *Viverra zibetha* | Large Indian Civet | ठूलो निर बिरालो | | | लोपोन्मुख |

| Species | Common Name | नेपाली नाम | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|
| *Viverricula indica* | Small Indian Civet | सानो निर बिरालो | | | कम चासो भएको |
| *Paguma larvata* | Masked Palm Civet | गाजले निर बिरालो | | | कम चासो भएको |
| *Paradoxurus hermaphrodites* | Asian Palm Civet | ताडी निर बिरालो | | | कम चासो भएको |
| *Prionodon pardicolor* | Spotted Linsang | सिलु बिरालो | संरक्षित | १ | कम चासो भएको |
| **Family: Felidae** | | | | | |
| *Prionailurus bengalensis* | Leopard Cat | चरिबाघ | संरक्षित | २ | कम चासो भएको |
| *Lynx lynx* | Eurasian Lynx | पाहन विरालो / फ्याकु | संरक्षित | २ | कम चासो भएको |
| *Neofelis nebulosa* | Clouded Leopard | ध्वाँसे चितुवा | संरक्षित | १ | संबेदनशील |
| *Panthera uncia* | Snow Leopard | हिउ चितुवा | संरक्षित | १ | संकटापन्न |
| *Panthera pardus* | Common Leopard | चितुवा | | १ | लोपोन्मुख |
| *Panthera tigris* | Royal Bengal Tiger | पाटे बाघ | संरक्षित | १ | संकटापन्न |
| *Felis chaus* | Jungle Cat | बन बिरालो | | २ | कम चासो भएको |
| *Prionailurus viverrinus* | Fishing Cat | मलाहा बिरालो | | | संकटापन्न |
| *Catopuma temminckii* | Asiatic Golden Cat | सुनौलो बिरालो | | | लोपोन्मुख |
| *Pardofelis marmorata* | Marbled Cat | छिरबिरे बिरालो | | २ | संवेदनशील |
| **Family: Herpestidae** | | | | | |
| *Herpestes javanicus* | Small Asian Mongoose | सानो न्याउरी मुसो | | | कम चासो भएको |
| *Herpestes edwardsii* | Indian Grey Mongoose | ठूलो न्याउरी मुसो | | | कम चासो भएको |

| Species | Common Name | नेपाली नाम | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|
| *Herpestes urva* | Crab-eating Mongoose | गगँटे न्याउरी मुसो | | | कम चासो भएको |
| **Family: Hyaenidae** | | | | | |
| *Hyaena hyaena* | Striped Hyaena | हुँडार | संरक्षित | | लोपोन्मुख |
| **Family: Canidae** | | | | | |
| *Vulpes bengalensis* | Bengal Fox | फुस्रो फ्याउरो | | | कम चासो भएको |
| *Vulpes vulpes* | Red Fox | रातो फ्याउरो | | ३ | कम चासो भएका |
| *Vulpes ferrilata* | Tibetan Fox | भोटे फ्याउरो | | | कम चासो भएको |
| *Canis aureus* | Golden Jackal | स्याल | | | कम चासो भएको |
| *Canis lupus chanko* | Tibetan Grey Wolf | ब्वाँसो | संरक्षित | १ | कम चासो भएको |
| *Cuon alpinus* | Dhole | बन कुकुर | संरक्षित | २ | संकटापन्न |
| **Family: Ursidae** | | | | | |
| *Ursus arctos* | Brown Bear | खैरो भालु | संरक्षित | १ | कम चासो भएको |
| *Ursus thibetanus* | Himalayan Black Bear | एशियाली कालो भालु | | | संबेदनशील |
| *Melursus ursinus* | Sloth Bear | काठे भालु | | | संबेदनशील |
| **Family: Mustelidae** | | | | | |
| *Lutra lutra* | Eurasian Otter | कालो ओंत | | १ | लोपोन्मुख |
| *Lutrogale perspicillata* | Smooth-coated Otter | खैरो ओंत | | २ | संबेदनशील |
| *Aonyx cinerea* | Asian Small-clawed Otter | सानो ओंत | | २ | संबेदनशील |

| Species | Common Name | नेपाली नाम | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|
| **Family: Procyonidae** | | | | | |
| *Ailurus fulgens* | Red Panda | हाब्रे/रातो पाण्डा | संरक्षित | १ | संबेदनशील |
| **Order: PRIMATE** | | | | | |
| **Family: Cercopithecidae** | | | | | |
| *Macaca assamensis* | Assamese Macaque | काल्गाडा, पहरे बाँदर | संरक्षित | २ | लोपोन्मुख |
| *Macaca mulatta* | Rhesus Macaque | रातो बाँदर | | २ | कम चासो भएको |
| *Semnopithecus hector* | Tarai Grey Langur | तराई लंगूर | | १ | लोपोन्मुख |
| *Semnopithecus schistaceus* | Nepal Grey Langur | नेपाली लंगूर | | १ | कम चासो भएको |
| *Semnopithecus ajax* | Kashmir Grey Langur | पश्चिमा लंगूर | | १ | संकटापन्न |
| **Order: CETACEA** | | | | | |
| *Platanista gangetica* | Ganges River Dolphin | सोंस | संरक्षित | १ | संकटापन्न |
| **Order: ARTIODACTYLA** | | | | | |
| **Family: Suidae** | | | | | |
| *Porcula salvania* | Pygmy Hog | बाम पुडके बँदेल | संरक्षित | १ | अतिसंकटापन्न |
| *Sus scrofa* | Wild Boar | बँदेल | | | कम चासो भएको |
| **Family: Muschidae** | | | | | |
| *Moschus chrysogaster* | Alpine Musk Deer | सुनकण्ठे कस्तुरी | संरक्षित | १ | संकटापन्न |
| *Moschus leucogaster* | Himalayan Musk Deer | सेतो कण्ठे कस्तुरी | संरक्षित | १ | संकटापन्न |

| Species | Common Name | नेपाली नाम | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|
| *Moschus fuscus* | Black Musk Deer | कालो कस्तुरी मृग | संरक्षित | १ | संकटापन्न |
| **Family: Cervidae** | | | | | |
| *Muntiacus vaginalis* | Northern Red Muntjac | रतुवा | | | कम चासो भएको |
| *Rucervus duvaucelii* | Swamp Deer | बाह्रसिङा | संरक्षित | १ | संबेदनशील |
| *Rusa unicolor* | Sambar | जरायो | | | संबेदनशील |
| *Axis axis* | Spotted Deer | चित्तल, चित्री | | | कम चासो भएको |
| *Axis porcinus* | Hog Deer | लगुना,पाडे | | | संकटापन्न |
| **Family: Bovidae** | | | | | |
| *Boselaphus tragocamelus* | Nilgai | निलगाई | | | संबेदनशील |
| *Antilope cervicapra* | Blackbuck | कृष्णसार | संरक्षित | ३ | लोपोन्मुख |
| *Pantholops hodgsonii* | Tibetan Antelope, Chiru | चिरु | संरक्षित | १ | संकटापन्न |
| *Ovis ammon hodgsonii* | Argali, Great Tibetan Sheep | नायन / अर्गली | संरक्षित | १ | लोपोन्मुख |
| *Hemitragus jemlahicus* | Himalayan Tahr | झारल | | | लोपोन्मुख |
| *Naemorhedus goral* | Himalayan Goral | घोरल | | १ | लोपोन्मुख |
| *Capricornis thar* | Himalayan Serow | थार | | | लोपोन्मुख |
| *Tetracerus quadricornis* | Four-horned Antelope | चौका, चौसिङ्गा | संरक्षित | | संबेदनशील |
| *Bos gaurus* | Gaur | गौरीगाई | संरक्षित | १ | संबेदनशील |
| *Bos mutus* | Wild Yak | जंगली चौरीगाई | संरक्षित | १ | संबेदनशील |

| Species | Common Name | नेपाली नाम | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|
| *Bubalus arnee* | Wild Water Buffalo | अर्ना | संरक्षित | ३ | संकटापन्न |
| **Order: PERISSODACTYLA** | | | | | |
| **Family: Rhinocerotidae** | | | | | |
| *Rhinoceros unicornis* | Greater One-horned Rhinoceros | एकसिङे गैंडा | संरक्षित | १ | संवेदनशील |
| **Family: Elephantidae** | | | | | |
| *Elephas maximus* | Asian Elephant | जंगली हात्ती | संरक्षित | १ | संकटापन्न |

## तालिका नं. २ : यस पुस्तकमा समावेश गरिएका रा.नि.तथा व.ज.सं. ऐन २०२९ द्वारा संरक्षित चरा प्रजातिहरू र तिनको कानुनी अवस्था

| Species | Common Name | नेपाली नाम | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|
| **Order: GRUNIFORMES** | | | | |
| **Family: Gruiidae** | | | | |
| *Grus Antigone* | Sarus Crane | सारस | २ | संवेदनशील |
| **Family: Otidae** | | | | |
| *Houbaropsis bengalensis* | Bengal Florican | खरमुजुर | १ | अतिसंकटापन्न |
| *Sypheotides indica* | Lesser Florican | सानो खरमुजुर | २ | संकटापन्न |
| **Order: BUCEROTIFORMES** | | | | |
| **Family: Bucerotidae** | | | | |
| *Buceros bicornis* | Great Hornbill | राजधनेश | १ | लोपोन्मुख |

| Species | Common Name | नेपाली नाम | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|
| **Order: CICONIFORMES** | | | | |
| **Family: Ciconidae** | | | | |
| *Ciconia nigra* | Black Stork | कालो भुँडीफोर | २ | कम चासो भएको |
| *Ciconia ciconia* | White Stork | सेतो भुँडीफोर | | कम चासो भएको |
| **Order: GALLIFORMES** | | | | |
| **Family: Phasinidae** | | | | |
| *Lophophorus impejanus* | Danphe | डाँफे | १ | कम चासो भएको |
| *Tragopan satyra* | Munal | मुनाल | ३ | लोपोन्मुख |
| *Catreus wallichii* | Cheer Pheasant | चिर कालिज | १ | संवेदनशील |

## तालिका नं. ३: यस पुस्तकमा समावेश गरिएका घस्रने प्रजातिहरू र तिनको कानुनी अबस्था

| Family | English Common Name | नेपाली नाम | Scientific Name | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|---|
| **Order: CROCODALIA** | | | | | | |
| Gavialidae | Gharial | घडियाल गोही | *Gavialis gangeticus* | संरक्षित | १ | अतिसंकटापन्न |
| Crocodylidae | Mugger | मगर गोही | *Crocodylus palustris* | | १ | संवेदनशील |
| **Order: SQUAMATA** | | | | | | |
| Varanidae | Bengal Monitor | भैंसे गोहोरो | *Varanus bengalensis* | | १ | कम चासो भएको |
| | Golden Monitor | सुन गोहोरो | *Varanus flavescens* | संरक्षित | १ | कम चासो भएको |

| Family | English Common Name | नेपाली नाम | Scientific Name | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|---|
| Boidae | Asian Rock Python | अजिंगर | *Python molurus* | संरक्षित | १ | संवेदनशील |
| | Burmese Rock Python | बर्मेली अजिंगर | *Python bivittatus* | संरक्षित | २ | संवेदनशील |
| **Order: TESTUDINES** | | | | | | |
| Bataguridae | TricarinateHill Turtle | कछुवा, ठोटरी | *Melanochelys tricarinata* | | १ | संवेदनशील |
| Trionychidae | Indian Peacock Softshell Turtle | कटैया, बडहर | *Nilssonia hurum* | | १ | संवेदनशील |
| | Indian Peacock Softshell Turtle | कटैया, बडहर | *Nilssonia gangeticus* | | १ | संवेदनशील |
| Gekkonidae | Tokay | टोके-टोके | *Gekko gecko* | | | |

## तालिका नं. ४: नेपाल बाहिरका तर नेपालमा अवैध व्यपारमा पाइएको माछा प्रजाति

| Family | English Common Name | नेपाली नाम | Scientific Name | रा.नि. तथा व.ज.सं. ऐन २०२९ | साइटिस अनुसूचि | आइयुसिएन |
|---|---|---|---|---|---|---|
| **Order: SYNGNATHIFORMES** | | | | | | |
| Syngnathidae | Seahorese | समुद्री घोडा | *Hippocampus spp.* | - | - | - |

## तालिका नं. ५: यस पुस्तकमा समावेश गरिएका गैरकाष्ठ वन पैदावारहरू र तिनको कानुनि अबस्था

| Family | Species | Common Name | नेपाली नाम | बन ऐन २०४९ र बन नि. २०५१ | साइटिस अनुसूचि | आइयूसिएन |
|---|---|---|---|---|---|---|
| **Clavicipitaceae** | *Ophiocordiceps sinensis* | Caterpillar Fungus | यार्सागुम्बा | प्रशोधन नगरी बिदेश निकासिमा प्रतिबन्धित | - | - |
| **Valerianaceae** | *Nardostachys grandiflora* | Spikenard | जटामसी | | २ | संकटापन्न |
| | *Vaeriana jatamansii* | Indian Valerian | सुगन्धवाल | | - | संबेदनशील |
| **Scrophulariaceae** | *Neopicrorhiza scrophulariiflora* | Picrorhiza | कुट्की, कटुकी | | - | संकटापन्न |
| **Taxaceae** | *Taxus wallichiana* | Himalayan Yew | लौठ सल्ला, बर्मे सल्ला | | २ | संकटापन्न |
| **Apocynaceae** | *Rauvolfia serpentine* | Sarpagandha | चाँदमरुवा, सर्पगन्धा | | २ | संकटापन्न |
| **Discoreaceae** | *Dioscorea deltoidea* | Wild Yam | भ्याकुर, वनतरुल | | २ | संकटापन्न |
| **Juglandaceae** | *Juglans regia* | Walnut | ओखर, हाडे ओखर | | - | संकटापन्न |
| **Ranunculaceae** | *Delphihium denudatum* | Larkspur | नीर मसी, निलोविष | | - | - |
| **Leguminosae** | *Pterocarpus santalianus* | Red Sanders | रक्तचन्दन | - | - | संकटापन्न |
| **Orchidaceae** | *Dactylorhiza hatagiria* | Marsh Orchid | पाँचऔंले | प्रतिबन्धित | - | संकटापन्न |

### *राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसंरक्षण ऐन २०२९ (पाँचौं संशोधन) को दफा २६ र २७ मा व्यवस्था भए अनुसारको दण्ड सजाय :*

(१) गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा र गौरीगाई मार्ने, घाइते बनाउने, खरीद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको बीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(२) उपदफा (१) मा लेखिएको वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि दश वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(३) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिना देखि एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(४) संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनादेखि नौ महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

(५) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

(५क) दफा ५ को उपदफा (१) खण्ड (ख) अन्तर्गत कसुर गर्नेलाई बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए सो बापत हुने सजाय समेत हुनेछ ।

(५ख) दफा ५ को खण्ड (छ), (च) वा (छ) अन्तर्गतको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) एक हजार रुपैयाँसम्मको विगो भए विगो बमोजिम जरिवाना,

(ख) एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्मको विगो भए विगो बमोजिम जरिवाना वा छ महिनासम्म कैद वा दुवै

(ग) दश हजार रुपैयाँ भन्दा बढीको विगो भए विगोको दोब्बर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै ।

(५ग) कसैले यस ऐन अन्तर्गत इजाजत प्राप्त नगरी वन्यजन्तु पालन वा प्रजनन् गरे गराएमा वा चिडियाखाना सञ्चालन गरेमा छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५घ) कसैले यस ऐन अनुसार कसूर हुने कुनै अपराधको उद्योग गरेमा त्यस्तो उद्योग गर्नेलाई संरक्षित वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसुरदारलाई भए सरह र अन्य वन्यजन्तु सम्बन्धी अपराधको उद्योग भए कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(६) उपदफा (१), (२), (३), (४), (५), (५क), (५ख) र (५ग) मा लेखिएको बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कसूर गर्ने व्यक्तिलाई विगो कायम भएकोमा विगोको दोब्बर जरिवाना र एक वर्षसम्म कैद र विगो कायम नभएको कसूरमा कसूरको मात्रा हेरी बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

### मतियारलाई सजाय हुने

यो ऐन अन्तर्गत कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई कसूरदारलाई हुने सजायको आधी सजाय हुनेछ ।

### यस पुस्तकका प्रयोगकर्ता

यो पुस्तक विशेष गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्यालयका कर्मचारीहरू, वन विभाग तथा अन्तर्गतका कर्मचारीहरू, सुरक्षा

निकायहरू-नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, संरक्षणमा कार्यरत गैरसरकारी संस्थाहरू, मध्यवर्तीक्षेत्र समिति, समूह तथा संजालहरू, संरक्षित क्षेत्र तथा संजालहरू, चोरी शिकार नियन्त्रणका लागि परिचालित स्थानीय समूहहरू र स्थानीय स्तरका बिभिन्न संघ संस्थाहरू तथा संरक्षण प्रेमी सम्पूर्णलाई लक्षित गरी तयार गरिएको छ ।

## पुस्तक प्रयोग गर्ने तरिका

यस पुस्तकको प्रथम खण्डमा अवैध व्यापारमा रहेका वन्यजन्तु र दोस्रो खण्डमा वनस्पतिको वर्णन गरिएको छ । वन्यजन्तुको हकमा यसको विकासक्रम अर्डर अनुसार राखिएको छ । हरेक अर्डरमा परिवार (Family) अनुसार प्रजातिहरू राखिएका छन् । प्रजातिको बिस्तृत विवरणमा सबैभन्दा पहिले नेपाली नाम, उपलब्ध भएमा स्थानीय नाम, त्यसपछि अंग्रेजीनाम र अन्तमा वैज्ञानिक नाम जसलाई छड्के गरी लेखिएको छ । त्यसपछि प्रजातिको संरक्षणको अवस्था जनाउने रा.नि. तथा वन्यजन्तु संरक्षण ऐनको संरक्षित सूचिमा परेको भए "संरक्षित" उल्लेख गरिएको, साइटिसको अनुसूचि १, २ वा ३ मा परेका भए सो विवरण, आइयूसिएनको रेड बुकमा वर्गीकरण गरे वमोजिम अति संकटापन्न, संकटापन्न, संवेदनशील लगायतका वर्गमा परेका भए त्यसको जानकारी उल्लेख गरिएको छ । त्यससंगै, उक्त प्रजाति पाइने स्थानको उचाई (मिटर), शरीरको वजन (किलोग्राम), शरीरको उचाई र लम्बाई साथै पुच्छरको लम्बाई (से.मि.) समेत उल्लेख गरिएको छ ।

वन्यजन्तु मारेमा वा अवैध व्यापार गरेको पाइएमा तिनलाई दण्ड जरिवाना सम्बन्धी रा.नि.तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा भएको व्यवस्था परिचयात्मक खण्डमा उल्लेख गरिएको छ ।

एउटा परिवारमा एक भन्दा बढी प्रजाति भएको हकमा उक्त परिवारमा पर्ने र यस पुस्तकमा समेटिएका प्रजातिहरूको नाम दिइएको छ । तत्पश्चात प्रजातिको संरक्षणको अवस्था र अन्य विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

वनस्पतिहरूको हकमा पनि शुरुमा नेपाली नाम, उपलब्ध भएमा स्थानीय नाम, त्यसपछि अंग्रेजी नाम र अन्तमा वैज्ञानिक नाम जसलाई छड्के गरी लेखिएको

छ । वन ऐन २०४९ र वन नियमावली २०५१ अनुसार संकलन, उपभोग, ओसारपसार र विदेश निकासीमा प्रतिबन्ध भए तिनको जानकारी दिइएको छ । त्यसैगरी उक्त प्रजातिको खास बासस्थान (रैथाने), आइयूसिएन रेड बुकमा वर्गीकरण गरे बमोजिम अति संकटापन्न, संकटापन्न, सम्वेदनशील लगायतका वर्गमा परेकोभएमा त्यसको जानकारी उल्लेख गरिएको छ । साइटिसको अनुसूचि १, २ वा ३ मा परेका भए सो विवरण र क्याम्प नेपाल संरक्षण अवस्थाको आधारमा गरिने वर्गीकरणलाई पनि उल्लेख गरिएको छ ।

# वन्यजन्तु

k

## Order: Lagomorpha

## परिवारः लेपोरिडे (Leporidae)

### १. लघुकर्ण खरायो, Hispid Hare, *Caprolagus hispidus*

रा.नि. तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित, साइटिसः अनुसूचि १, आइयूसिएन रेड बुकमा संकटापन्न ।

**पाइने उचाईः** १००–२५० मि., शरीरको तौलः २.२–३ किलोग्राम, शरीरको लम्बाईः ४०–५० से.मि. ।

**अवैध व्यापारमा प्रयोग हुने अंगहरू**

मासुः स्थानीय स्तरमा यसको मासुका लागि अवैध व्यापार हुने गर्दछ ।


#### परिचय

कैलो खैरो छाती तथा सेतो पेट भएको यसको पिठ्यूँतिर खैरोमा कालो मिसिएका रौंहरू हुन्छन् । छोटा र गोला कानहरू भएको यसका खुट्टाहरू अलि साना हुन्छन् । अन्य खरायोको तुलनामा अति साना कान भएकोले यसलाई लघुकर्ण खरायो भनिएको हो । यो खरायो बिहान र बेलुका पखको गोधुलीको समयमा बढी चनाखो हुन्छ । यो खरायोले घाँसका मुना, जरा खान्छ र बालीनाली पनि खाने गरेको पाइन्छ । जाडो मौसम अघि यसले बच्चा जन्माउँछ । अन्य खरायो जस्तो ६ वटासम्म बच्चा नभइ यसले एउटा मात्र बच्चा जन्माएको पाइएको छ ।



फोटो १ः लघुकर्ण खरायो

#### पाइने स्थान र संख्या




यो खरायो दक्षिण एसियाको रैथाने हो जुन पहिले हिमालयको दक्षिणी भागमा पाइन्थ्यो । तीव्र बस्ती विकास र वनक्षेत्र खण्डीकरणले हाल यसको

बासस्थानहरू खुम्चिन गई निकै कम भू-भागमा सिमित छन् । हाल नेपालभित्र यसको बासस्थान कञ्चनपुर, बर्दिया, नवलपरासी, चितवन, पर्सा, सप्तरी र सुनसरी जिल्लाका केही भागमा सिमित छ । यसको संख्या लगातार घट्नुमा कृषि भूमिको बिस्तार,बाढी नियन्त्रणका लागि गरिने प्रयासहरू र भौतिक पूर्वाधार विकास विशेष जिम्मेवार छन् । नेपाल बाहेक यो प्रजाति भारत, बंगलादेश र सम्भवत: भुटानमा कतै कतै अग्ला घाँसे-मैदान र दलदले सिमसार क्षेत्र, सुख्खा याममा नदी किनार नजिक (जुन आगलागी हुने खतरामा रहेका हुन्छन्) का क्षेत्रमा पाइन्छ । यिनीहरु बगरमा अलि अग्लो स्थानको जंगल क्षेत्रमा समेत बस्दछन् ।

नेपालको शुक्लाफाँटा वन्यजन्तु आरक्षको शुक्लाफाँटा घाँसे मैदान (जुन करीव ५४ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ) मा वि.सं. २०६७ को क्यामेरा पासोमा यो जनावर रेकर्ड गरिएको थियो । यो बर्दिया रा.नि.को बघौरा फाँटामा र अन्य तराईका संरक्षित क्षेत्रहरू र वरिपरिका घाँसे मैदानमा समेत पाइन्छ ।

विश्वमै करीव ३०० मात्र संख्यामा रहेको अनुमान गरिएको यो खरायो शुक्लाफाँटामा हाल ३० वटासम्म रहेको अनुमान अर्याल र यादव (सन् २०१०) ले गरेका छन् तर नेपालमा यिनको संख्या जम्मा कति छन् भन्ने एकीन गणना गरिएको छैन ।

## Order: Rodentia

## परिवार: सिउरिडे (Sciuridae)

### २. लोखर्केहरू

नेपालमा हालसम्म ११ प्रजातिका लोखर्केहरू पाइएका छन् । ती हुन: राजलोखर्के, Black Giant Squirrel, *Ratufa bicolor;* हिमाली वनलोखर्के, Orange-bellied Himalayan Squirrel, *Dremomys lokriah;* पहाडी वनलोखर्के, Irrawaddy Squireel, *Callosciurus pygerythrus;* हिमाली धर्के लोखर्के, Himalayan Striped Squirrel, *Tamiops macclellandii;* पाँचधर्के लोखर्के, Five-striped Palm Squirrel, *Funambulus pennantii;* माले राजपंखी लोखर्के, Particolored Flying Squirrel, *Hylopetes alboniger;* थोप्ले राजपंखी लोखर्के, Spotted Giant Flying Squirrel, *Petaurista elegans;* सुन्दर राजपंखी लोखर्के, Hodgson's Giant Flying Squirrel, *Petaurista magnificus;* भूटानी राजपंखी लोखर्के, Bhutan Giant Flying Squirrel, *Petaurista nobilis;* झुसे राजपंखी

लोखर्के, Hairy-footed Flying Squirrel, *Belomys pearsonii;* र रातो राजपंखी लोखर्के, Red Giant Flying Squirrel, *Petaurista petaurista*.



फोटो नं. २: रातो राजपंखी लोखर्के


## २.१ रातो राजपंखी लोखर्के

रातो राजपंखी लोखर्केलाई साइटिसको अनुसूचि २ तथा आइयूसिएनको रेड बुकमा कम चासो भएको प्रजातिमा राखिएको छ ।

**अवैध व्यापार हुने कारणहरू:** छालाको प्रयोजनका लागि ।

१५० देखि ३००० मिटर उचाईमा पाइने यसको शरीर ३३ देखि ४० से.मि. र पुच्छर ३८ देखि ४४ से.मि. लामो हुन्छ । यसलाई उड्ने लोखर्के वा कोइरालो पनि भन्ने गरिन्छ । यसको शरीर रातो र खैरो हुन्छ । यसका अगाडिका खुट्टाको कुर्कुच्चादेखि पछाडीका खुट्टाको कुर्कुच्चा सम्म छालाले जोडिएको हुन्छ । आँखाका वरिपरि काला धर्का हुन्छन्, शरीरको तल्लो भाग मैलो रङ्गको हुन्छ । पुच्छर लामो भएता पनि रौंका भुप्पा नभएको हुन्छ । नेपालमा पाइने ११ प्रजातिका लोखर्केहरू मध्ये रातो राजपंखी लोखर्केको छाला मात्र तस्करीमा प्रयोग भएको भेटिएको छ ।

### पहिचान गर्ने तरिकाहरू




लामो पुच्छर भएको रातो रङ्गको छाला जसको अगाडि र पछाडिका खुट्टाका कुर्कुच्चाहरू छालासँग जोडिएका छन् भने त्यो राजपंखी लोखर्केको छाला हो । यसको छालाबाट टोपी र अन्य लुगाहरू बनाइन्छन् भने नेपालमा कुनै जाति विशेषले यसको छालाको प्रयोग धार्मिक कार्यमा समेत गर्ने गरेको पाइएको छ ।

## परिवार: हाइस्ट्रिसिडे (Hystricidae)

### ३. दुम्सीहरू

नेपालमा दुई प्रजातिका दुम्सीहरू पाइन्छन् । जसमा मलाया दुम्सी Malayan Porcupine, *Hystrix brachyura* र जुरे दुम्सी Indian Crested Porcupine, *Hystrix indica* पर्दछन् ।

साइटिस अनुसूचिमा समावेश नभएको, आइयूसिएन रेड बुकमा कम चासो भएको ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको लम्बाई (से.मि.) |
|---|---|---|---|
| **मलाया दुम्सी** | ३००० मि. भन्दा तल | ८ | ४५-७५ |
| **जुरे दुम्सी** | २००० सम्म | ११ -१८ | ६०-९० |

**अवैध व्यापार हुने कारणहरूः** मासु, भुँडी र काँडाहरूको प्रयोगका लागि ।

## ३.१ मलाया दुम्सी

### परिचय



फोटो नं. ३: मलाया दुम्सी

मलाया दुम्सी, जुरे दुम्सीभन्दा सानो हुन्छ, त्यसैले जुरे दुम्सीको दाँजोमा सानो, छोटो पुच्छर, एकदमै छोटो जुरो र मसिना काँडाहरू हुन्छन् । शरीरको माथिल्ला भागका काँडाहरूमा एक मात्र कालो पट्टी हुन्छ । यो वनक्षेत्र तथा मानव वस्ती नजिक बस्दछ । यसले चार वटा सम्म बच्चा जन्माउँछ । यो रातमा सक्रिय हुन्छ र जमीनमा प्वाल खनी बस्दछ । बाघ चितुवालाई पनि यसको शिकार गर्दा बडो सावधानी अपनाउनुपर्ने हुन्छ ।

## ३.२ जुरे दुम्सी

### परिचय




फोटो नं. ४: जुरे दुम्सी

जुरे दुम्सीको टाउकोदेखि शरीरको मध्य भाग कालो र सेतो रङ्गको लामा काँडाले ढाकेको हुन्छ । शरीरको माथिल्लो भागका काँडाहरूमा दुई वा तीन काला पट्टीहरू हुन्छन् । यसको २-३ वटा बच्चा हुन्छन् र वर्षमा २ पटकसम्म वच्चा जन्माउन सक्छ । बच्चा गर्भमा रहने अवधि करीव ११० दिनको हुन्छ ।

### पाइने स्थानहरू

मलया दुम्सी नेपालको मध्य र पूर्वी क्षेत्रमा पाइन्छ भने जुरे दुम्सी नेपालको धेरैजसो ठाउँहरूमा पाइन्छ । नेपाल बाहेक यि दुम्सीहरू भारत, चीन, म्यानमार, थाइल्याण्ड, कम्वोडिया, भियतनाम लगायतका देशहरूमा यी प्रजातिका दुम्सीहरू पाइन्छन् ।




### चोरी निकासी र अवैध व्यापारको अवस्था

नेपालमा २०६५ सालदेखि २०७० सालसम्ममा एउटा मात्र दुम्सीको अवैध कारोवार भएको पाइएको छ ।

### पहिचान गर्ने तरिकाहरू

मलाया दुम्सी जुरे दुम्सीभन्दा सानो हुन्छ, त्यसैले जुरे दुम्सीको दाँजोमा सानो र छोटो पुच्छर र एकदमै छोटो जुरो र मसिना काँडाहरू भएको हुन्छ । मलाया दुम्सीको शरीरको माथिल्लो भागका काँडाहरूमा एकमात्र कालो पट्टी हुन्छ भने जुरे दुम्सीको शरीरको माथिल्लो भागका काँडाहरूमा दुई वा तीनवटा कालो पट्टीहरू हुन्छन् ।

## Order: Pholidota

## परिवारः मेनिडे (Manidae)

### ४. सालकहरू, Pangolins, *Manis spp.*

नेपालमा दुई प्रजातिका सालकहरू पाइन्छन् । ती हुन्: तामे सालक Indian Pangolin, *Manis crassicaudata*, र कालो सालक Chinese Pangolin, *Manis pentadactyla*.

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि १ र आइयूसिएन रेड बुकमा क्रमशः संकटापन्न तथा अति संकटापन्न ।

**तामे सालक पाइने उचाईः** १,००० मि. सम्म, शरीरको तौलः ९-११ किलोग्राम, शरीरको लम्बाईः ६०-७५ से.मि., पुच्छरको लम्बाईः ४५ से.मि. ।

**कालो सालक पाइने उचाईः** १००० देखि २००० मि. सम्म, शरीरको तौलः ९ किलोग्राम, शरीरको लम्बाईः ४८-५८ से.मि., पुच्छरको लम्बाईः ३३-३८ से.मि.

**अवैध व्यापार हुने अंगहरूः** मासु र खपटा


## परिचय



फोटो नं. ५: कालो सालक

सालक स्तनधारी जनावर हो । जीवविज्ञान अन्तर्गत सालकलाई वर्गीकरण गर्दा Order– Pholidota मा राखिएको छ जसको अर्थ खपटा भएको जनावर (Scaled animals) भन्ने हुन्छ । सालकलाई धेरै ठाउँमा सालक नै भन्ने गरिन्छ तर तामे सालक प्राय गरी चुरे क्षेत्रको सालको वनमा पाइने भएकाले त्यस ठाउँमा साल माछा पनि भन्ने गरिन्छ । नेपालमा हल्का रातो वर्णको तामे सालक (*Manis crassicaudata*) र हल्का कालो वर्णको कालो सालक (*Manis pentadactyla*) पाइन्छन् । सालकको साँघुरिदै गएको लाम्चो शरीर हुन्छ र थुतुनो, पेट र खुट्टामा वाहेक सबैतिर एक आपसमा खप्टिएका खपटाहरूले ढाकेको हुन्छ । खपटाको भित्र पट्टिको छेउ छालामा टाँसिएको हुने हुँदा बिस्तारै बढ्दै जाने गर्दछन् । खपटाको बीचबाट रौंहरू निस्केका हुन्छन् । सालकका आँखा साना हुन्छन र बाक्लो परेलाले ढाक्ने गर्दछ । यी दुवै प्रजातिका सालकहरू रातमा सक्रीय हुने गर्दछन् ।

## पाइने स्थान




नेपालमा तामे र कालो दुवै प्रजातिका सालक पाइन्छन । यिनको वितरण पश्चिम नेपालको तुलनामा पूर्वी नेपालमा निकै बढी रहेको छ । यसका मुख्य बासस्थान पूर्वी तथा मध्य नेपालका चुरे पहाड तथा उत्तरतर्फको साल वन र त्यसको आसपासका वन क्षेत्र हुन् । हालसम्म मकवानपुर, सिन्धुली, गोरखा, खोटाङ, काभ्रे, काठमाडौं, नुवाकोट लगायतका जिल्लाहरूमा सालक भेटिएकोछ । त्यस्तै पर्सा वन्यजन्तु आरक्षमा तामे सालक र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज वन्यजन्तु आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र, मकालु वरुण रा.नि.मा कालो सालक रहेको पाइन्छ ।

**४.१ तामे सालकः** यो प्रजाति हिमालयको दक्षिणी भेगमा समथर तथा कम भिरालो जमीनमा पाइन्छ । यो नेपाल, भारत, पाकिस्तान, श्रीलंका, र बंगलादेशमा समेत पाइन्छ । तामे सालक सवै प्रकारका उष्ण प्रदेशीय वन र घाँसे मैदानमा पाइन्छ ।



फोटो नं. ६: तामे सालकको कत्लाहरू

**४.२ कालो सालकः** यो प्रजाति नेपालको पूर्वी क्षेत्र लगायत पूर्वोत्तर भारत, चीन, लाओस, थाइल्याण्ड, भियतनाम, म्यानमार र बंगलादेशमा पनि पाइन्छ । यो तल्लो पहाडी भेगमा प्राकृतिक वन नभएको वनक्षेत्रमा समेत पाइन्छ । यो प्रजाति मुख्यतयाः उपोष्ण प्रदेशीय वन र उष्ण प्रदेशीय वनमा पाइन्छ ।



फोटो नं. ७: तामे सालकको कत्लाहरू

## चोरी निकासी र अवैध व्यापारको अवस्था

परम्परागत चिनिया औषधीहरू बनाउन सालकका खपटाको प्रयोग गरिन्छ । यसको खपटामा यौनवर्द्धक शक्ति रहेको भन्ने गलत मान्यता रहेको पाइन्छ । विगत केही वर्षदेखि मासु र खपटाको लागि सालकको चोरी शिकारमा बढोत्तरी भएको छ । हाल आएर बाघको छाला/हड्डी, गैंडाको खागकै हाराहारीमा सालकका खपटाको अवैध व्यापार हुने गरेको छ । अन्तर्राष्ट्रिय बजारमा सालकका खपटाको प्रति के.जी. मूल्य करीव दुई लाख रुपैयाँ पर्ने विश्वास गरिन्छ । नेपालको बाटो हुँदै बिभिन्न नाकावाट सालकका खपटा तिब्बततर्फ चोरी निकासी हुने गर्दछ ।

## पहिचान गर्ने तरिकाहरू

- सालकको अनुहार र शरीरको तल्लो भागमा मात्र छाला देखिन्छ र बाँकी भाग कत्लाले ढाकेको हुन्छ ।



फोटो नं. ८: कालो सालकको कत्लाहरू

- तामे सालकका कत्लाहरू फिक्का पहेँलो हुन्छन् भने कालो सालकका गाढा फुस्रा हुन्छन् ।
- तामे सालकमा शरीरको मध्यभागको चारैतिर ११ वटा देखि १३ सम्म कत्लाहरू हुन्छन् भने कालो सालकमा यी कत्लाहरू १५ देखि १८ को संख्यामा हुन्छन् ।
- नेपालमा तामे सालकभन्दा कालो सालकको भौगोलिक फैलावट बढी देखिएको छ । तामे सालक विशेषत: तराई क्षेत्रमा पाइन्छ भने कालो सालक मध्य पहाडी क्षेत्रमा पाइन्छ । तामे सालक नेपालमा निकै कम संख्यामा मात्र देखिन्छ ।
- कालो सालकको कत्लाका बीचमा रौंहरू देखिन्छन् ।

## Order: Carnivora

## परिवारः भिभेरिडे (Viverridae)

### ५. नीर बिरालाहरू (Civets)

नेपालमा पाँच प्रजातिका नीर बिरालाहरू पाइन्छन् । ती हुन्: ठूलो नीर बिरालो, Large Indian Civet, *Viverra zibetha*, सानो नीर बिरालो, Smaill Indian Civet, *Vivericula indica*, गाजले नीर बिरालो, Masked Palm Civet, *Paguma larvata*, ताडी नीर बिरालो, Asian Palm Civet, *Parodoxurus hermaphrodites*, र सिलु बिरालो, Spotted Linsang, *Prionodon pardicolor* ।

सिलु बिरालो बाहेक अरु नीर बिरालाहरू रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा समावेश नभएका, साइटिस अनुसूचिमा उल्लेख नभएको, आइयूसिएन रेड बुकमा लोपोन्मुख (ठूलो नीर बिरालो), कम चासो भएको (सानो नीर बिरालो, गाजले नीर बिरालो, ताडी नीर बिरालो र सिलु बिरालो) वर्गमा राखिएका छन् । यी पाँच प्रजातिका शारीरिक विशेषता तलको तालिकामा दिइएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको लम्बाई (से.मि.) | पुच्छरको लम्बाई(से.मि.) |
|---|---|---|---|---|
| ठूलो नीर बिरालो | २,००० सम्म | ८-९ | ८० | ३५ |
| सानो नीर बिरालो | २,५०० सम्म | २.५-३.५ | ४५-६० | ३० |
| गाजले नीर बिरालो | २००-२,२०० | ३.६ - ६ | ६० | ६० |
| ताडी नीर बिरालो | १,५०० सम्म | ३ - ४ | ४२-४९ | ४९ |
| सिलु बिरालो | १५०-२,००० | ०.५ -०.६ | ३५ - ४० | .. |

**अवैध व्यापारमा प्रयोग हुने अंगहरू:** मासु र छाला

## ५.१ ठूलो नीर बिरालो



फोटो नं. ९: ठूलो नीर बिरालो

ठूलो नीर बिरालोको शरीर फुस्रो मैलोमा खैरो झल्किने हुन्छ, खुट्टाहरू गाढा रङ्गका हुन्छन् र पुच्छरमा मोटा कालो र पातलो सेतो पट्टीहरू हुन्छन् । यसको ढाडको कल्की काँधदेखि पुच्छरसम्म गएको हुन्छ र शरीरमा गाढा ठाडो तथा तेर्सा धर्काहरू हुन्छन् । कुकुर जस्तो देखिने यसको शरीर अरु नीर बिरालाहरू भन्दा ठूलो र तलतिर धस्सिएको जस्तो देखिन्छ । खुट्टाहरू छोटा हुन्छन् । यो दुलोमा एक्लै बस्ने, राती सकृय हुने साधारण माँसाहरी भएकाले चरा, सर्प, भ्यागुता, अण्डा, गँगटा, माछा, फलफूल र जराहरू खाने गर्दछ ।

### पाइने स्थानहरू

यो प्रजाति चुरे र महाभारतका पहाडहरूमा आर्द्र पतझड तथा सदावहार वन र मानववस्ती नजिक पाइन्छ । यो नेपाल, भारत, बंगलादेश, भुटान आदि देशहरूमा समेत पाइन्छ । यसले वर्षमा २ पटक बच्चा जन्माउन सक्छ र एक पटकमा ४ वटासम्म बच्चा जन्माउँछ ।

## ५.२ सानो नीर बिरालो

सानो नीर बिरालोको शरीर फुस्रो वा खैरो झल्किने हुन्छ । शरीरभरी स-साना लाम्चा र गोला गाढा थोप्लाहरू हुन्छन् भने पुच्छरमा ८ देखि १० वटा काला पट्टीहरू हुन्छन् । नेपालमा यो वनजंगल, झाडी, मानववस्ती नजिकका बगैंचाहरू,



फोटो नं. १०: सानो नीर बिरालो

घाँसे क्षेत्र र चट्टानयुक्त पहाडमा पाइन्छ। यो बिरालो नेपालबाहेक चीन, भारत, लाओस, म्यानमार, थाइल्यान्ड, भियतनाम, क्याम्वोडीया आदि देशमा पनि पाइन्छ । राती बढी सकृय हुने यसले मुसा, छुचुन्द्रो, चरा, सर्प र सिनो खाने गर्दछ । नौ बर्षसम्म बाँच्न सक्ने यसले एक बेतमा ४ देखि ५ वटा बच्चाहरू जन्माउँछ ।

### चोरी निकासी र अवैध व्यापारको अवस्था :

२०६५ देखि २०७० साल सम्मको ५ वर्षमा ३ वटा अवैध व्यापारको घटना काठमाडौंमा देखिएका थिए जसमा एउटा ठूलो नीर बिरालोको सम्पूर्ण शरीरको कारोवार भएको पाइएको थियो ।

## ५.३ गाजले नीर बिरालो

गाजले नीर बिरालोको शरीर गाढा खैरो वा लगभग कालो हुन्छ भने तल्लो भाग फुस्रो मैलो हुन्छ । टाउको, गर्दन मोटो, लामो पुच्छर गाढा रङ्गको हुन्छ । यसलाई बाधा पुगेको खण्डमा यसले अति दुर्गन्धित तरल पदार्थ छोड्ने गर्दछ । यो वनजंगल र मानववस्ती नजिक पाइन्छ । राती बढी सकृय रहने यसका बच्चाहरू १३ महिनामा वयस्क हुन्छन् । नेपालको केही स्थानका बासिन्दाहरूले यसको मासु खाने गरेका छन् ।

### पाइने स्थान

यो प्रजातिको नीर विरालो नेपालमा तराईदेखि मध्यपहाडी क्षेत्रमा सबैजसो जिल्लाहरूमा पाइन्छ । यो बिरालो नेपाल बाहेक चीन, भारत, लाओस, म्यानमार, थाइल्यान्ड, भियतनाम, क्याम्वोडिया आदि देशहरूमा पाइन्छ ।

## ५.४ ताडी नीर बिरालो

ताडी नीर बिरालोको शरीर हल्का खैरोदेखि गाढा खैरो हुन्छ । ढाडनिर दुईवटा थोप्लाहरूले बनेका



फोटो नं. ११: ताडी नीर बिरालो

लामा धर्काहरू हुन्छन् भने अनुहार र पुच्छर (विशेष गरेर टुप्पो) गाढा रङ्गको हुन्छ ।

### पाइने क्षेत्रहरू:

यो सबै भन्दा सानो नीर बिरालो नेपाल लगायत भारत, बंगलादेश, म्यानमार, थाइल्यान्ड आदि देशमा पाइन्छ। सर्वहारी भएपनि गुलियो चीज जस्तै फलफूल, मह वा चीनी खान रुचाउँछ। यो घनाजंगल र मानववस्ती नजिक पाइन्छ साथै राती मात्र सकृय हुने गर्दछ।

## ५.५ सिलु बिरालो

### परिचय

अरु थोप्ले नीर बिरालाहरू भन्दा आकर्षक रङ भएको यसको शरीर, हल्का खैरोदेखि गाढा मैलो तथा कोखाभन्दा मेरुदण्डको वरपर अलि गाढा भएको हुन्छ । शरीरका मेरुदण्डका रेखाहरूमा काला थोप्लाहरू रहेका हुन्छन् भने कोखाका चाहि साना थोप्लादेखि माथि अलि ठूला टाटाहरू हुन्छन्। खुट्टाहरूमा काला थोप्ला हुन्छन् साथै पुच्छरमा काला सेता पट्टीहरू हुन्छन् । तलतिर लत्रिएको जस्तो शरीर तथा लामो पुच्छरले यसको रुखको जीवन सजिलो बनाउँछ। यस्ले मुसा लगायतका साना जनावर खान्छ।

### पाइने स्थान

यो हालसम्म उष्ण प्रदेशीय र समशीतोष्ण प्रदेशका घना वनहरू जस्तै अन्नपूर्ण र कन्चनजंघा संरक्षण क्षेत्रहरू तथा चितवन राष्ट्रिय निकुञ्जमा पाइएको विश्वास गरिन्छ। यसका अतिरिक्त चीन, भारत, बङ्गलादेश समेत अन्य केहि दक्षिणपूर्वी एसियाली मुलुकहरूमा समेत यसको बासस्थान रहेका पाइएको छ।

### चोरी निकासी र अवैध ब्यापारको अबस्था

यसको रौको अवैध व्यापार हुने गर्दछ।

## परिवारः फेलिडे (Felidae)

## ६. ठूलो बिरालाका प्रजातिहरू

नेपालमा फेलिडि परिवारका जंगली बिरालोका ११ प्रजातिहरू पाइन्छन् । ती हुनः बाघ, Tiger, *Pantehra tigris*; चितुवा, Common Leopard, *Panthera*

*pardus*; हिउँ चितुवा, Snow Leopard, *Panthera uncia;* ध्वाँसे चितुवा, Clouded Leopard, *Neofelis nebulosa*; पाहन विरालो, फयाकु, Eurasian Lynx, *Felis lynx;* वन बिरालो, Jungle Cat, *Felis chaus;* चरिबाघ, Leopard Cat, *Prionailurus bengalensis; मलाहा बिरालो, Fishing cat, Prionailurus viverrinus; सुनौलो बिरालो, Asiatic Golden Cat, Catopuma temminckii; छिरबिरे बिरालो, Marbled Cat, Pardofelis marmorata* र पल्लासको बिरालो, Pallas's Cat, *Otocolobus manul* ।

यिनीहरूमध्ये बाघ, चितुवा र हिउँ चितुवालाई ठूला बिरालोको प्रजातिका रुपमा लिइन्छ भने बाँकी आठ वटालाई साना बिराला प्रजातिका रुपमा लिइन्छ ।

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित : बाघ, हिउँ चितुवा, ध्वाँसे चितुवा, चरि बाघ र पाहन विरालो, साइटिस अनुसूचि १ (बाघ, हिउँ चितुवा, चितुवा, ध्वाँसे चितुवा) र अनुसूचि २ (चरि बाघ, पाहन विरालो, बन बिरालो) आइयूसिएन रेड बुकमा संकटापन्न (बाघ, हिउँ चितुवा, मलाहा बिरालो), संबेदनशील (ध्वाँसे चितुवा), लोपोन्मुख (चितुवा, सुनौलो बिरालो), कम चासो भएको (चरि बाघ, पाहन विरालो, बन बिरालो, पलासको बिरालो) ।

### अवैध व्यापारमा प्रयोग हुने कारणहरू

मुख्यतया छाला, हड्डी, नंग्रा, र जुँगाको लागि

यी बिरालाहरुको शारीरिक विशेषता तलको तालिकामा दिइएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको उचाई (से.मि.) | शरीरको लम्बाई (से.मि.) | पुच्छरको लम्बाई (से.मि.) |
|---|---|---|---|---|---|
| बाघ | २,००० सम्म | भालेको १७५ - २६०, पोथी १०० - १६० | ९०-११० | भालेको २७० - ३१०, पोथीको २४० - २६५ | ८५ - ११० |
| हिउँचितुवा | २,७०० - ५,८०० | भालेको ४० - ५५, पोथीको ३५ - ४० | ६० | १८० -२३० (पुच्छर समेत) | |
| चितुवा | तराई- झण्डै ४,५०० मि. सम्म | ३०-८० | ५०-७० | ११५ | १०० |
| ध्वाँसे चितुवा | तराई- २,५०० | ११-२० | | ६० -११० | ७५- ८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| चरिबाघ | २००-३,००० | ३-७ | | ६० | ३५ |
| पाहन विरालो | २,७४५-५,२०० | १८-२७ | | ८५- ९५ | १७-२३ |
| वन बिरालो | ६३-४,००० | ५-६ | | ६० | ३० |
| मलाहा बिरालो | ३०० सम्म | ५-८ | | ७० | ३० |
| सुनौलो बिरालो | १,०००-३,००० | ६-१५ | | १२० | ४५ |
| छिरबिरे बिरालो | २,५०० सम्म | ५.५ | | ४०-६० | |
| पलासको बिरालो | ४,००० भन्दा माथि | २.५ - ४.५ | | ४५-६५ | २०.५-३१ |

## पहिचान गर्ने तरिकाहरू

- बिरालो प्रजातिका नंग्राहरू पंजाको छालाभित्र नदेखिने गरी रहेका हुन्छन र चाहिने बेलामा मात्र बाहिर निस्कन्छन् भने कुकुर प्रजातिका नंग्राहरू पञ्जाको छालाभित्र लुकेर बसेका हुदैनन् र सधैं देखिन्छन् । अतः मरेको वा जिउँदो बिरालो प्रजातिका जन्तुको पंजामा नंग्रा देखिदैनन् ।
- बिरालो प्रजातिका जन्तुको दाँतको जरा भालु र कुकुर प्रजातिको दाँतको जराभन्दा तुलानात्मक रुपमा सानो हुन्छ ।
- बिरालो प्रजातिका नंग्रा अर्ध गोलाकार हल्का पंहेलो वा हल्का पंहेलो रातो रङ्गका हुन्छन् । कुनै कुनै नंग्राहरू अल्पपारदर्शी पनि हुन्छन् ।
- यसको खप्पर छोटो र गोलाकार हुन्छ भने कुकुर प्रजातिको लाम्चो परेको हुन्छ ।
- बिरालो प्रजातिका २८ देखि ३० वटासम्म दाँतहरूहुन्छन् भने कुकुर प्रजातिका ४० वटाभन्दा बढी दाँतहरू हुन्छन् ।
- बिरालो प्रजातिमा टोक्ने दात (Incisor) माथिल्लो र तल्लो बंगारोमा तीन तीनवटा, कुकुरे दाँत (Canine) माथिल्लो र तल्लो बंगारोमा एक एकवटा, अग्रचपाउने दाँत (Pre-molar) माथिल्लो बंगारोमा दुईदेखि तीन र तल्लो बंगारोमा दुईवटा तथा चपाउने दाँत (Molar) तल्लो र माथिल्लो बंगारोमा एक एकवटा हुन्छन् ।

## ६.१ बाघ, Tiger, *Pantehra tigris*


### परिचय



फोटो नं. १२: बाघ

बाघ बिरालो परिवारमा पर्ने मांशाहारी स्तनधारी जनावर हो । उन्नाइसौ शताब्दिको अन्त्य सम्म विश्वमा आठ प्रकारका बाघ पाइने गरेको भएता पनि हाल ३ प्रकारका बाघ लोप भइसकेकाले अन्य ५ प्रकारका बाघ मात्र अस्तित्वमा रहेका छन् । यसरी संसार भरमा बाघको संख्या सन् २००९ सम्म करीव ३२००मात्र रहेको अनुमान गरिएको थियो र  नेपाल भारत लगायतका केहि देशहरूमा बाघको संख्या बढेकोले हाल ३९४८ वटा रहेको अनुमान छ । संसारमा पाइने ५ प्रकारका बाघ मध्ये नेपालमा पाइने बाघलाई पाटे बाघ भनिन्छ । यसको पहेँलो रङ्गको शरीरमा कालो रङ्गका पाटाहरू हुन्छन् । शरीर लामो तन्किएको हुन्छ । यो जनावर बिरालो परिवारमा पर्ने दोस्रो ठूलो बिरालो हो । लोप हुने खतराको सूचिमा रहेका बाघ नेपाल लगायत भारत, भुटान, बंगलादेशर अन्य मुलुकमा पनि यो संरक्षणको सूचिमा परेको छ । यसको लामो शरीर छोटो घांटी, कसिलो टाउको र फराकिलो निधार हुन्छ भने पहेंलो रङ्गको पृष्ठभूमि भएको छालामा काला पाटाहरू तथा केही थोप्लाहरू पनि हुन्छन । यसको शरीर निकै बलियो हुन्छ । यसका बलिया बंगारा पनि विकसित भएका हुन्छन् ।

### पाइने स्थानहरू र संख्या




पाटेबाघ नेपाल लगायत अन्य देशहरू भारत, भुटान, बंगलादेश र चीनमा पाइन्छ । नेपालमा झण्डै सय वर्ष अघिसम्म तराईका जंगल, भित्री मधेश क्षेत्र, चुरे र महाभारतको काखमा प्रसस्त संख्यामा पाइने पाटेबाघ हाल आएर केही संरक्षित क्षेत्रहरूमा मात्र सिमित रहन पुगेको छ । यो प्रजाति हाल चितवन

राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु आरक्षमा पाइन्छ । बागमती नदी पश्चिमका तराईका १२ वटा जिल्लाहरूमा पनि बाघ सिमित संख्यामा वा यदाकदा देखिने गरेको छ । सन् २०१३ को बाघ गणना अनुसार नेपालमा डेढ वर्ष माथिका १९८ वटा बाघ रहेको तथ्यांक छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था


फोटो नं. १३: बाघको छालाहरू

बाघको चोरी शिकार मासु, छाला, हड्डी, दात र नंग्राको लागि गर्ने गरेको पाइन्छ। यसको शिकार गर्नको लागि आधुनिक बन्दुक, धारिलो हतियार, खुट्टामा पासो लगाएर र विषको प्रयोग गर्ने गरेको देखिन्छ। रा.नि. तथा व.ज.सं. विभागले सन् २०१४ मा गरेको अध्ययन अनुसार २०६५ साल देखि पाँच वर्षको अवधिमा बाघको अवैध व्यापार सम्बन्धी ९ वटा, शिकार सम्बन्धी ९ वटा र शिकार र अवैध व्यापार सम्बन्धी एउटा मुद्दा दर्ता भएको देखिन्छ । त्यसैगरी पौडेल (२०१५) ले काठमाडौं, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, र दोलखा जिल्लालाई आधार बनाएर गरेको अध्ययन अनुसार बाघको बिभिन्न अंगहरूको व्यापार सम्बन्धी मुद्दा २००९ मा ४ वटा, २०१० मा ४ वटा, २०११ मा ९ वटा, २०१२ मा ७ वटा, २०१३ मा ५ वटा र २०१४ मा ६ वटा दर्ता भएको देखिन्छ। यसले बाघका अंगहरूको तस्करी र अवैध व्यापार निरन्तर भैरहेको र यसको दर बिस्तारै बढिरहेको देखाउँछ ।


फोटो नं. १४: बाघको जुंगा

## अवैध व्यापार हुने कारणहरू

यसको छाला र टाउको सजावटको लागि प्रयोग गरिन्छ । छालाबाट फेशनका सामानहरू समेत बनाइन्छ ।

- यसका हड्डीहरू परम्परागत औषधी बनाउनमा प्रयोग हुँदै आएको छ ।
- अन्धविश्वासका कारणले बाघका नंग्रा र बाजु जन्तरको रुपमा प्रयोग गरिन्छन् । बाजुलाई लक्कीबोन पनि भनिन्छ र यो अगाडिका खुट्टाको गर्दननिर जोडिएको भागनिर मांशपेशीमा खुला रुपमा बसेको हुन्छ ।
- अन्ध विश्वासका कारणले बाघको जुँगालाई छुक जगाउन प्रयोग गरिन्छ ।
- बाघको बोसोवाट मल्हम र भोल औषधी बनाइन्छ र विशेषत: बाथ रोगमा यसको प्रयोग गरिन्छ ।



फोटो नं. १५: ठूलो बिरालो वर्गको कुकूर दाँतहरू



फोटो नं. १६: बाघको नंग्राहरू

- अन्धविश्वासका कारण बाघको लिंगलाई यौनवर्धक औषधीको रुपमा प्रयोग गरिन्छ ।
- चिनिया औषधीमा बाघको मासु, बोसो, भुँडी, अण्डकोष, पित्त, आखाको गेडी, नाक, दाँत, लिंग र रगत समेत प्रयोग गरिन्छ ।

## पहिचान गर्ने तरिकाहरू

- पाटेबाघको शरीर हल्का पहेंलो, सुनौलो रङ्ग भएको हुन्छ जस्मा काला पाटाहरू हुन्छन् । यसको पेट सेतो हुन्छ र त्यहाँ शरीरको अन्य भागभन्दा लामा रौहरू हुन्छन् । यसको



फोटो नं. १७: ठूलो बिरालो वर्गको हड्डीहरू

लामो पुच्छरमा गोलाकार कालो पाटाहरू हुन्छन् । यसको कानहरू काला हुन्छन् । बाघको हड्डीहरू कम चिल्लोपना भएका र खस्रा हुन्छन् ।

## ६.२ हिउँ चितुवा, Snow Leopard, *Panthera uncia*

### परिचय

नेपालमा संरक्षित २७ वटा स्तनधारी वन्यजन्तुको सूचिमा परेको यस प्रजातिलाई वातावरणीय राजदूत (Environmental Ambassador) पनि भन्ने चलन छ । खैरो नरम भुत्लामा गाढा बुट्टाहरू भएको तथा घाँटीमा हल्का पहेंलो रङ्गको देखिने यस जनावरलाई स्वस्थ वातावरणको सूचकको रुपमा समेत लिने गरिन्छ ।




फोटो नं. १८: हिउँ चितुवा

यसको पञ्जाको नाप ९ देखि ११ से.मि. लम्बाई तथा ७ देखि ९ से.मि. चौडाई हुन्छ । नेपालको सन्दर्भमा जहाँ नाउर हुन्छ, त्यही हिउँ चितुवाको बास हुन्छ । यसको सबैभन्दा प्रिय आहार नै नाउर हो । अन्य वन्यजन्तुहरूमा झारल, घोरल तथा कस्तुरी मृगलाई समेत यसले आफ्नो आहारा बनाउँछ । अति विषम परिस्थितिमा खरायो र चराहरूको पनि शिकार गर्दछ । त्यसैगरी यसले कहिलेकाहीँ घरपालुवा जनावरको समेत शिकार गर्ने गर्दछ ।

### पाइने स्थानहरू र संख्या

यो जनावरको बासस्थान तीब्र रुपमा खुम्चिँदै गएको छ । हाल यो एशियाको १२ मुलुकमा मात्र पाइने दावी गरिएको छ । हिउँ चितुवा नेपालको डोल्पा, हुम्ला, मुगु, मुस्ताङ्ग मनाङ, म्याग्दी, रसुवा, दोलखा, सोलुखुम्बु र ताप्लेजुङ्गमा पाइन्छ । यो नेपालमा करीव ३०० देखि ४०० वटा सम्मको सख्यामा भएको अनुमान गरिएको छ ।



## अवैध व्यापारमा प्रयोगहुने अंगहरू

मुख्यतः छाला र हड्डी अवैध व्यापारमा प्रयोग हुने अंगहरूहुन । तिनका अलावा यसको भुवादार छालावाट फेशनका सामानहरू बनाइन्छन् भने हड्डी र बोसोको प्रयोग औषधी बनाउनमा गरिन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था



फोटो नं. १९: हिउँ चितुवाको छालाहरू

हिउँ चितुवाको तस्करी यसको छाला र हड्डिको लागि गर्ने गरेको पाइन्छ । देश भित्र भन्दा देश बाहिर यसको अवैध खरीद बिक्री हुने भएकोले नेपाल यस्ता वन्यजन्तुको आखेटोपहार निकासी हुने अवैध व्यापार मार्गको रुपमा रहन पुगेको छ । यसको शिकार गर्नको लागि खुट्टामा पासो लगाएर र आधुनिक बन्दुक र धारिलो हतियारको समेत प्रयोग गर्ने गरेको देखिन्छ । रा.नि.तथा व.ज.सं. विभागले २०१४ मा गरेको अध्ययन अनुसार २०६५ साल पछिको ५ वर्षमा हिउँ चितुवाको अवैध व्यापार सम्बन्धी एउटा मुद्दा दर्ता भएको देखिन्छ । त्यसको अलावा यसको हड्डी र नंग्राहरू बाघको हड्डी, नंग्रामा मिसाएर, छाला र हड्डीसँग तिब्वतमा याक, चौरी, भेडा, च्यांग्रा, घोडा, नून र ऊन जस्ता जनावर र सामाग्रीहरू सजिलैसंग साट्न सकिने कुरा समेत सुनिन्छ । यी सूचनाहरूले यसको अवैध शिकार र तस्करी भैरहेको र यो नै यसको लागि ठूलो चुनौती रहेको देखिन्छ तथापि यसको व्यापारिक प्रयोजनका लागि प्रयोग हुने बाटो र संलग्न पक्षहरूको पर्याप्त सूचनाको अभाव रहेको छ ।

## पहिचान गर्ने तरिकाहरू

- यसको शरीर लामो खैरो वा फिक्का ध्वाँसे रङ्गका भुवाले ढाकिएको हुन्छ जसमा गाढा खैरो रङ्गका ठूला गोलाकार, आयातकार र अनियमित आकार भएका बुट्टाहरू हुन्छन् ।
- यसका पुच्छर मोटो र झण्डै शरीर जत्तिकै लामो हुन्छ । पुच्छरमा लाम्चा बुट्टाहरू हुन्छन् तथा टुप्पोमा रौंको झुप्पा हुन्छ र टुप्पो माथितिर फर्किएको हुन्छ ।
- यसको गर्दनदेखि पुच्छरसम्म मेरुदण्डमा बाक्लो कालो धर्काहरू हुन्छन् ।

## ६.३ चितुवा, Common Leopard, *Panthera pardus*

### परिचय


चितुवा ठूलो, शक्तिशाली र मजबुत बनावट भएको बिरालो प्रजातिको प्राणी, जसको सानो टाउको, लामो शरीर, छोटा खुट्टा तर लामो पुच्छर हुन्छ । यसको हल्का पहेंलो छालामा कालो औंठी जस्तो थोप्लाहरू हुने गर्दछन् ।



फोटो नं. २०: चितुवा

### पाइने स्थानहरू र संख्या

संसारमा चितुवा नेपाल लगायत, भारत, म्यानमार, श्रीलंका र दक्षिण पूर्वी तथा पश्चिम एसिया र अफ्रिकामा पाइने गर्दछ । नेपालमा यसको संख्या र अवस्था बारे विशेष अध्ययन नभएता पनि चितुवाको संख्या र भौगोलिक फैलावट अन्य ठूला बिरालो प्रजातिको भन्दा धेरै बढी छ ।




### चोरी निकासी र अवैध व्यापारको अवस्था

चितुवाको चोरी शिकार र अवैध व्यापार यसको छाला र अन्य अंगहरूको अन्तर्राष्ट्रिय बजारमा पाइने उच्च मूल्य र ग्रामीण भेगमा भएको बिपन्नताले गर्दा भैरहेकोछ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (२०६९) अनुसार काठमाडौंमा मात्र मंसिर २०६१ देखि बैशाख २०६९ सम्म ७० वटा चितुवाका छालाहरू समातिएका छन् । धेरै जसो घटनामा यसको शिकार यसले मारेको सिनोमा विष राखेर गरेको पाइन्छ । त्यसैगरी पौडेल (२०१५) का अनुसार चितुवा सम्बन्धी मुद्दा २००९ मा १० वटा र जुन २०१४ मा २६



फोटो नं. २१: मृत चितुवा



फोटो नं. २२: चितुवाको छाला

वटा दर्ता भएको देखिन्छ जसले यसको अवैध व्यापार तीब्ररुपमा बढ्दै गएको जनाउँछ । नेपालमा पाटेबाघ, हिउँ चितुवा र ध्वाँसे चितुवा भन्दा यो बढी पाइने भएकोले यसका आखेटोपहार हरूको अवैध व्यापार पनि धेरै बढी हुने गरेको छ। त्यसका साथै यसको संख्या र बासस्थानको अवस्थाको बारेमा बिस्तृत रुपमा अध्ययन, अनुसन्धान नहुँदा पनि यसको संरक्षणमा चुनौती बढेको छ ।

## पहिचान गर्ने तरिकाहरू

- यसको हल्का पहेंलो माथिल्लो शरीरमा गाढा वा कालो औंठी र टाटो जस्ता थोप्लाहरू हुन्छन् । यसको पेटमुनिको भाग हल्का पहेंलो वा सेतो हुन्छ । शरीरभन्दा टाउकोमा भएका थोप्लाहरू साना हुन्छन् ।



फोटो नं. २३: चितुवाको पन्जा

- यसको पुच्छर तुलानात्मक रुपमा लामो हुन्छ । पुच्छरमा पनि ठूलो थोप्लाहरू हुन्छन् र टुप्पो कालो हुन्छ ।



फोटो नं. २५: ठूलो बिरालो वर्गको हड्डीहरू



फोटो नं. २४: चितुवाको कुकूर दात सहितको खप्पर

## ६.४ ध्वाँसे चितुवा, Clouded Leopard, *Neofelis nebulosa*


### परिचय



फोटो नं. २६: ध्वाँसे चितुवा

ध्वाँसे चितुवा एक मध्यम आकारको तराईदेखि हिमाली क्षेत्रमा पाइने स्तनधारी जनावर हो । यसको शरीर ६० देखि १२० से.मि. र पुच्छर ७५ देखि ८६ से.मि. सम्म लामो हुन्छ। यसको खैरो वा गेरु पहेंलो शरीरमा ईंट्टा आकारका ध्वाँसे रङ्गका कालो किनारा भएका ठूला बुट्टाहरू हुन्छन् भने खुट्टातिर पनि ध्वाँसे रङ्गकै गोलाकार थोप्लाहरू हुन्छन् । यसका कानहरू काला हुन्छन् ।

### पाइने स्थानहरू




यसको बासस्थान निकै विविध छ । ध्वाँसे चितुवा हिमाली वनहरूदेखि उष्ण प्रदेशीय वन भएका क्षेत्रमा पनि पाइन्छ। नेपालमा यो पहाडी र हिमाली भेगका बिभिन्न संरक्षित क्षेत्रभित्र र ती क्षेत्र भन्दा बाहिर पनि पाइने गरेको छ। यो भारत, इन्डोनेशियाको जाभा, पाकिस्तानको काश्मिर र भुटानमा समेत पाइन्छ।

### चोरी निकासी र अवैध व्यापारको अवस्था

यसको छाला र हड्डीको ठूलो बजार चीनमा रहेको छ। नेपाल र भारतमा स्थापित अवैध संयन्त्रको प्रयोग गरी यसको चीनतर्फ अवैध व्यापार हुने गरेको छ ।



फोटो नं. २७: मृत ध्वाँसेचितुवा

## पहिचान गर्ने तरिका



फोटो नं. २८: ध्वाँसेचितुवाको छाला

- यसको टाउकोमा साना गाढा थोप्लाहरू हुन्छन् भने गर्दन र गालामा चौडा तेर्सा धर्काहरू हुन्छन् ।
- छिरबिरे बिरालो पनि ध्वाँसे चितुवा जस्तै देखिने भएता पनि यो ध्वाँसे चितुवा भन्दा सानो हुन्छ । ध्वाँसे चितुवाको कान कालो हुन्छ र पुच्छरको टुप्पोतिर कालो गोलाकार पट्टी हुन्छ जुन छिरबिरे बिरालोमा बेग्लै हुन्छ ।
- यसको पुच्छर लामो हुन्छ जसमा गाढा रङ्गका गोलाकार पट्टीहरू हुन्छन् ।

## ७. अन्य साना बिरालाका प्रजातिहरू

### ७.१ चरिबाघ, Leopard Cat, *Prionailurus bengalensis*

### परिचय




फोटो नं. २९: चरिबाघ

चरिबाघ चितुवा जस्तो तर वन बिरालो भन्दा पनि सानो बिरालो प्रजातिको मांसाहारी जनावर हो । यसको पहेंलो मखमली रङ्गको शरीरमा प्रष्ट देखिने काला थोप्ला र टाटाहरू हुन्छन् जुन काँधतिर गएर दुईवटा चौडा धर्काहरूसंग मिलेका हुन्छन । यसको पेटको तलतिरको भाग सेतो हुन्छ । यसको आकार घरपालुवा बिरालोको आकारको जस्तो हुने भएपनि यसको खुट्टा भने लामा हुन्छन् । यसको शरीरमा हुने बुट्टाहरू तथा रौंको रङ्ग भौगोलिक तथा हावापानीको विविधता साथै उपजातीय भिन्नताहरू सँगसँगै फरक फरक पाइएका छन् ।

यो सालको वन र उष्णदेखि उपोष्ण वनहरूमा बस्न रुचाउँछ । यसको आहारा खास गरी चराहरू तथा ससाना जनावरहरू हुन् ।

## पाइने स्थान




यो नेपालका तराईदेखि मध्य पहाडी क्षेत्रको वन जंगलहरूमा पाइने सानो बिरालोको प्रजाति मध्ये सबैभन्दा सानो, बढी पाइने तथा बढी भौगोलिक फैलावट भएको जन्तु हो । विशेष गरी यो बिरालो पहाडी क्षेत्रका खप्तड, रारा, लाङटाङ र मकालु वरुण राष्ट्रिय निकुञ्जहरू तथा अन्य संरक्षित क्षेत्रहरूमा पाइएको छ भने तराईमा चितवन राष्ट्रिय निकुञ्ज तथा पर्सा र शुक्लाफाँटा वन्य जन्तु आरक्षमा यसको बसोबास रहेको छ । नेपाल बाहिर यो प्रजाति पाकिस्तान, भारत, चीन तथा पूर्वी एशियाका बिभिन्न देशहरूका वन जंगलहरूमा पाइने गर्दछ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था

चरिबाघको शिकार छालाका लागि हुने गर्दछ । नेपालमा साना बिरालामध्ये यो प्रजातिको छालाको सबैभन्दा बढी तस्करी हुन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग (२०६९) का अनुसार यसको छाला तिब्बततिर ओसारपसार भई छालावाट ज्याकेट वा ओभरकोट बनाई बजारमा बेच्ने गरेको पाइन्छ र एउटा ओभरकोटका निम्ति १२ देखि १५ वटासम्म चरीबाघको छालाहरू प्रयोग गरेको भेटिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागका अनुसार चरिबाघको शिकार सम्बन्धी २ वटा मुद्दाहरू दर्ता भएको कुरा उल्लेख छ । यी तथ्यांकहरूले चरिबाघको चोरी शिकार र अवैध व्यापार रहेको तर यसको संख्या र बासस्थान सम्बन्धी पर्याप्त सूचनाहरू नभएको अवस्था रहेको देखाउँछ ।

## पहिचान गर्ने तरिकाहरू

- यो सरसर्ती हेर्दा सानो आकारको चितुवा जस्तै देखिए पनि यसको शरीरमा भएका बुट्टाहरू फरक हुन्छन् ।
- यसको शरीरको लम्बाई ६० से.मि. र पुच्छरको ३५ से.मि. हुन्छ ।
- यो घरपालुवा बिरालोको आकारको हुने भएता पनि यसका खुट्टाहरू तुलानात्मक रुपमा लामा हुन्छन् ।

- यसको पुच्छरको शुरुमा थोप्लाहरू हुन्छन भने टुप्पोतिर गाढा रङ्गका गोलाकार पट्टी हुन्छन् । काँधमा दुबैतिर धर्का हुन्छन् ।

## ७.२ पाहन बिरालो, फ्याकु



फोटो नं. ३०: फ्याकु बिरालो

यसलाई अन्य बिरालो प्रजातिवाट छुट्याउने प्रमुख आकार प्रकारमा यसको कानको टुप्पोमा चुच्चो परेको लामो रौंका झुप्पा हुन्छ तर यस्तो Caracal प्रजातिका बाहेक अन्य बिरालो प्रजातिमा पाइँदैन । यसको गालाको छेउमा गर्दनको नजिक अलि लामा रौंका झुप्पा थोरै झुण्डिएका हुन्छन् । पुच्छरको टुप्पोमा कालो रौं हुन्छ भने बाँकी शरीरको भाग खैरो वा हल्का पहेंलो स्लेटी रङ्गको रौंले ढाकेको हुन्छ । खुट्टाहरूमा स–साना थोप्ला हुन्छन् । शरीरको तुलनामा गोडा लम्साइला हुदाँ दुई वटा धर्सा पछाडि गएका देखिन्छन् । यसको कालो धर्के छाप गालासम्म पुगेर मात्र हराउँछ । यसको मुख्य आहारा खरायो, मुसो, मल साँप्रो, च्याखुरा, कालिज आदि हुन् ।

### पाइने स्थानहरू

यो बिरालो नेपालमा मकालु वरुण रा. नि. र अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइएको छ भने नेपाल बाहिर भारत, पाकिस्तान, मंगोलिया, यूरोप र चीनमा पनि पाइन्छ ।

## ७.३ वन बिरालो



फोटो नं. ३० अ: बन बिरालो

जंगली बिरालाहरू मध्ये सजिलै देख्न सकिने यो बिरालो हल्का पहेलो वा खैरो रङ्गको हुन्छ । अघिल्ला खुट्टामा दुइवटा काला धर्काहरू हुन्छन् र कालो टुप्पो भएको पुच्छर हुन्छ जुन घरपालुवा बिरालोहरूको भन्दा छोटो हुन्छ । कानको टुप्पोमा गाढा रङ्गका रौका गुच्छाहरू हुन्छन जुन पाहन बिरालोको भन्दा सानो हुन्छन् । निधार वरपर र खुट्टाका बाहिरी भागमा मलीन राता धर्साहरू बाहेक शरीरमा अरु कुनै प्रष्ट चिन्ह हुँदैन ।

यसको मुख्य आहारा स-साना जनावारहरू भएता पनि यसले आफुभन्दा ठूलो जनावरहरूको पनि शिकार गर्न सक्छ ।

### पाइने स्थानहरू

यो बिरालो खुल्ला र सुख्खा क्षेत्रहरूमा बस्न मन पराउँछ तथा अक्सर मानव वस्ती वरपर पाइन्छ ।

## ७.४ मलाहा बिरालो


फोटो नं. ३१: मलाहा बिरालो

झट्ट हेर्दा चरिबाघ जस्तो देखिए पनि यो बिरालो चरिबाघ भन्दा ठूलो, लामा खुट्टा भएको र अलि नमिलेको जस्तो पुड्को देखिने शरीर भएको हुन्छ । यसको शरीरमा हल्का खैरो रङ्गका छोटा खुट्टाहरू हुन्छन् । पुच्छर छोटो हुन्छ । ढाडमा भएका काला थोप्लाहरू समानान्तर रेखाहरू जस्तो देखिन्छन् जुन गर्दनमा पुग्दा तेर्सा धर्काहरू जस्ता बन्दछन् । अरु साना जंगली बिरालोहरूको जस्तै यसको पनि अघिल्ला खुट्टाको भित्रतिर दुइवटा धर्काहरू हुन्छन् । यसको गालामा फिक्का रङ्गका दुई गाढा धर्काहरू पनि हुन्छन् भने अगाडिका खुट्टाका औंलाहरूमा हाँसको खुट्टाको जस्तो जाली हुन्छ ।

## ७.५ सुनौलो बिरालो

मध्यम आकारको यो बिरालोको शरीर सुनौलो खैरो वा चम्किलो रातो खैरो हुन्छ। शरीर एकनासको बुट्टा बेगर भएपनि पुच्छरको तलतिर सेतो र टुप्पो कालो हुन्छ । नाक र आँखामा चौडा जुँगा जस्तो देखिने काला धर्काहरू हुन्छन् ।

### पाइने स्थानहरू

यो बिरालो उपोष्ण तथा आर्द्र पतझडका साथै सदाबहार वनजंगलमा पनि पाइन्छ । क्यामेरा पासो प्रविधिबाट मकालु वरूण राष्ट्रिय निकुञ्जमा नेपालमा यसको पहिलो तस्विर खिचिएको थियो (यादब घिमिरे क्याट न्यूज) ।

## ७.६ छिरबिरे बिरालो

झ्वाट्ट हेर्दा ध्वाँसे चितुवाको सानो रुपजस्तो देखिने यसको शरीर हल्का पहेंलोमा काला थोप्ला र पाटाहरू भएको हुन्छ । यी थोप्लाहरू ढाडको दाँजोमा पुच्छर र शरीरको तल्लो भागमा बढी हुन्छन् । यसको बंगाराहरू लामा हुनुका साथै छोटो तथा गोलाकार खप्पर हुन्छ ।

### पाइने स्थानहरू

सुनौलो बिरालो जस्तै यो बिरालो पनि उपोष्ण तथा आर्द्र पतझडका साथै सदाबहार वनजंगलमा पाइन्छ ।

## परिवारः हरपेस्टिडे (Herpestidae)

## ८. न्याउरी मुसाहरू (Mongooses)

नेपालमा तीन प्रजातिका न्याउरी मुसाहरू पाइन्छन् । ती हुन् : सानो न्याउरी मुसो, Small Indian Mongoose, *Herpestes javanicus,* ठूलो न्याउरी मुसो, Indian Grey mongoose, *Herpestes edwardsii* र गंगटे न्याउरी मुसो, Crab-eating mongoose, *Herpestes urva* ।

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा समावेश नभएको, साइटिसमा समावेश नभएको । आइयूसिएन को रेड बुकमा कम चासो भएको (सानो न्याउरी मुसो, ठूलो न्याउरी मुसो र गंगटे न्याउरी मुसो) ।

**अवैध व्यापार हुने कारणहरूः** रौंहरूको लागि ।

यी तीनवटै प्रजातिहरूको विशेषता तलको तालिकामा दिइएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको लम्बाई (से.मि.) | पुच्छरको लम्बाई (से.मि.) |
|---|---|---|---|---|
| सानो न्याउरी मुसो | २५० –१,५०० | ०.६५० –०.९०० | ४५ – ५० (पुच्छर समेत) | |
| ठूलो न्याउरी मुसो | ६३–९१५ | ०.८ – १.४ | ९० | ४५ |
| गँगटे न्याउरी मुसो | १०० –३०० | १.८ –२.३ | ४५–५० | २५–५० |

## ८.१ सानो न्याउरी मुसो

ठूलो न्याउरी मुसो भन्दा यो बढी गाढा रङ्गको हुन्छ । यसको रौंमा तीनवटा गाढा र दुईवटा फुस्रा रङ्गको पट्टीहरू हुन्छन् । पुच्छरको लम्बाई शरीरको भन्दा कम हुन्छ । यो प्रजाति तराई र मध्य पहाडको बिभिन्न भागमा देख्न सकिन्छ । काठमाडौं उपत्यकामा प्राय देखिने न्याउरी मुसो यो नै हो । यो न्याउरी मुसो खेत नजिकका झाडी, खोला र पातलिएका वन क्षेत्रमा बस्दछ ।



फोटो नं. ३२: सानो न्याउरी मुसो

## ८.२ ठूलो न्याउरी मुसो

ठूलो न्याउरी मुसोको शरीर फुस्रो र नाक गुलाबी रङ्गको हुन्छ । यसको प्रत्येक रौंमा १० वटा कालो र सेतो पट्टीहरू हुन्छन् । पुच्छरको लम्बाई शरीर जत्तिकै हुन्छ र पुच्छरको टुप्पो सेतो वा हल्का पहेंलो रातो हुन्छ । यो नेपालमा पाइने सबैभन्दा बढी पाइने न्याउरी मुसो हो । यसलाई सपेराहरूले गोमन सर्पसँग खेलाउन पनि प्रयोग गर्छन् । यो न्याउरी मुसो मानव वस्ती वरीपरीको झाडी, खेतबारी, ढुङ्गामुढा भएको ठाउँ र वन क्षेत्रमा पाइन्छ ।

## ८.३ गँगटे न्याउरी मुसो

गँगटे न्याउरी मुसोको शरीर गाढा खैरो हुन्छ । यसको गालाबाट घाँटी हुँदै छातीको अघिल्लो भागसम्म एउटा सेतो धर्का गएको हुन्छ । पुच्छर छोटो, नौनी रङ्गको हुन्छ । नेपालमा पाइने न्याउरी मुसोहरूमा सबैभन्दा ठूलो र अरु न्याउरी मुसोको दाँजोमा गाढाखैरो रङ्गको हुन्छ । यसले माछा, गँगटा, भ्यागुता र अरु साना जनावरहरु खाने गर्दछ ।



फोटो नं. ३३: गँगटे न्याउरी मुसो

### अन्य बिबरण

न्याउरी मुसोको रौहरूबाट रङ्ग लगाउने, पेन्टिङ्ग गर्ने र दाह्री काट्ने ब्रुसहरू बनाइन्छन् । ब्रुस बनाउन घर पालुवा बंगुर र बँदेलका रौहरू पनि मिसाइन्छ । न्याउरी मुसोको रौहरूलाई बंगुरको रौ भनेर तस्करी गर्ने पनि देखिएको छ । तर न्याउरी मुसोको रौंहरू बंगुरको रौंको दाजोमा नरम र गाढा, कालो, सेतो वा फुस्रो पट्टी भएका हुन्छन् । न्याउरी मुसो घरमा पाल्नको लागि पनि तस्करी गरिन्छ । सपेराहरूले सर्पसंग खेल देखाउन न्याउरी मुसाको प्रयोग गर्छन् ।

## ९. हुँडार, Hyaena, *Hyaena hyaena*

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित, साइटिसमा समावेश नभएको, आइयूसिएन रेड बुकमा लोपोन्मुख ।

**पाइने उचाईः** १,००० मी. सम्म, शरीरको तौलः २६ देखि ४१ के.जी, शरीरको– उचाईः ९० से.मि., लम्बाईः १५० देखि १६० से.मि. ।

**अवैध व्यापारमा प्रयोग हुने भागहरूः** हाल सम्म प्रयोग भएको तथ्यांक नभएको ।

### परिचय




फोटो नं. ३४: हुँडार

यसको काँधभन्दा ढाड होचिएको, सुलुत्त परेका खुट्टाहरू, कालो पाटा परेको पहेलो मखमली शरीर र खुट्टाहरू हुन्छन् । जगर भागमा केही लामा रौहरू हुन्छन जुन डर, त्रास र उत्तेजित अवस्थामा ठाडो हुन्छन् । थुतुनो कालो हुन्छ भने पुच्छरको टुप्पातिर पनि काला रौहरू बढी हुन्छन् । हेर्दा कुकुर जस्तो देखिए तापनि यसको टाउको र अगाडिको भाग गठिलो हुन्छ । हिड्दाको चाल खुट्टा लतारेर हिडेजस्तो लखर–लखर गरेको देखिन्छ । यो कराउँदा खित्का छाडेर हाँसेको जस्तो सुनिन्छ । हेर्दा बेढङ्गको लाग्ने लजालु स्वभावको यो जन्तु प्राय अन्य माँसाहारी जन्तुहरूले मारेको जन्तुको सिनो खाएर बाँच्दछ ।

## पाइने स्थानहरू

यो जनावर तराइको पर्सा वन्यजन्तु आरक्ष र चितवन, बर्दिया, बाँके रा. नि. क्षेत्रहरूमा पाईएको छ । नेपाल बाहेक भारत, मलाया, इण्डोनेसिया, अफ्रिका महादेशमा पनि पाइन्छ ।




**चोरी निकासी र अवैध व्यापारको अवस्था:** हालसम्म जानकारी नभएको ।

## परिवार: क्यानिडे (Canidae)

ब्वाँसो, Tibetian Grey Wolf *Canis lupus chanco;* स्याल, Jackal, *Canis aureus;* ढोले, बन कुकुर, Dhole, *Cuon alpinus.* यी तीनवटै प्रजातिहरूको विशेषता तलको तालिकामा दिइएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरकोउचाई (से.मि.) | शरीरको लम्बाई (से.मि.) | पुच्छरको लम्बाई (से.मि.) |
|---|---|---|---|---|---|
| ब्वाँसो | ३,६०० - ५,१५० | १५ -२० | ८० -८५ | १०० - १३० | २९ - ५० |
| स्याल | तराई- ४,००० | ७- १५ | | ६० - ७५ | |
| ढोले | तराई देखि ३,५०० सम्म | १२- १८ | | ९० | |

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित (ब्वाँसो, ढोले), साइटिस अनुसूचि १ (ब्वाँसो) र २ (ढोले), आइयूसिएन रेड बुकमा संकटापन्न (ढोले), कम चासो भएको (ब्वाँसो, स्याल) तर उक्त रेड बुकमा नेपालमा पाइने ब्वाँसोलाई अति संकटापन्न वर्गमा राखिएको छ ।

**व्यापारमा प्रयोग हुने अंगहरू:** रौं र छाला

### १०. ब्वाँसो, Tibetian grey wolf, Eurasian wolf, *Canis lupus chanco*

### परिचय

ब्वाँसो क्यानिडी परिवारको जिवित सदस्यहरू मध्ये सबैभन्दा ठूलो जनावर हो । ब्वाँसोमा इथियोपियन ब्वाँसो खासगरी ठूला आहार प्रजातिलाई मार्न सक्ने


र उच्च क्षमता प्रदर्शन गर्न सक्ने हुन्छ ।



फोटो नं. ३५: ब्वाँसो

यसको खैरो रातो रङ्गको शरीर, विशेष गरी ढाड, निधार र पुच्छरको टुप्पोमा अन्तर मिश्रित काला खैरा रौंहरू हुन्छन् । यसको पुच्छर लामो, टाउको ठूलो र मजबुत दाँतहरू हुन्छन् । ब्वाँसोको झुन्डमा भाले पोथीसङै हुर्किएका बच्चाहरू पनि हुन्छन् । हरेक वर्ष एकपटक एकबेतमा साधारणतया ५/६ वटा बच्चाहरू जन्माउँछ। बच्चाहरू १० देखि ५४ महिनामा आमा बाबुबाट छुट्टिन्छन् । ब्वाँसो आफ्नो क्षेत्र कायम गर्ने जनावर हो जुन आहार प्रजातिको उपलब्धताको आधारमा ठूलो सानो हुने गर्दछ । यो लगभग १३ वर्ष जति बाँच्दछ। भाले पोथी मध्ये कुनै एकको मृत्यु भएको अवस्था वाहेक ब्वाँसो प्राय एउटा भाले पोथीको जोडी कायम राख्ने जनावरमा पर्दछ। पोथी साधारणतया २ देखि ३ वर्षमा बच्चा पाउन योग्य हुन्छ । गर्भमा बच्चा ९ हप्ता रहन्छ । साधारणतया भाले पोथीको जोडी एक्ला एक्लै बढी शिकार गरेको पाइन्छ । ब्वाँसोहरू आफूभन्दा ठूला जनावर मार्न सक्ने हुन्छन् । यिनीहरु घरपालुवा चौपाया, घोडा, चौरी, याक, बाखा जस्ता बिभिन्न आहारा खाने गर्दछन् भने यसलाई हिउँ चितुवाले पनि मार्न गाह्रो पर्दछ। यसको प्राकृतिक आहारमा नाउर, झारल, जंगली गधा र घोवा आदि पर्दछन् ।

## पाइने स्थान र संख्या




सुक्खा क्षेत्र, तराई तथा हिमाली चरण क्षेत्र,वनमा प्राकृतिक तथा घरपालुवा जनावरको उपलब्धता, हिउँको अवस्था, मानिसको उपस्थिति, जमीनको बनावटसंग यसको उपलब्धता जोडिएको हुन्छ । जाडो र गर्मी मौसममा अलग अलग ठाउँमा बस्ने गर्दछन् । यो प्रजाति शे-फोक्सुन्डो रा. नि., ढोरपाटन शिकार आरक्ष, मनास्लु संरक्षण क्षेत्र, कंचनजंघा संरक्षण क्षेत्र र अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइन्छ। नेपालमा यसको संख्याको राम्रो अनुमान नभए पनि ३० देखि ५० वटासम्म रहेको अनुमान गरिएको छ । बासस्थान विनाश,

खण्डीकरण र अतिक्रमण, प्राकृतिक आहारको कमी, वन्यजन्तु चोरी निकासी, रेविज र क्यानाइन डिस्टेम्पर जस्ता रोग आदि यसको वितरण र संरक्षणका लागि चुनौती हुन् ।

## ११. स्याल, Jackal, *Canis aureus*

### परिचय

प्रायः खैरोमा सेतो र कालो मिश्रित रौंहरू भएको स्यालको शरीरको रङ्ग मौसम अनुसार परिवर्तित भएको पाइन्छ । यसको पेटको तल तिरको भाग घाँटी र आँखाको वरिपरिको भाग र ओठ सेता हुन्छन् । सामाजिक प्राणी भएकोले भाले पोथीको साथमा बच्चाहरू पनि सँगै रहन्छन् । स्यालको




फोटो नं. ३६: स्याल

१३ उपप्रजातिको पहिचान भएको पाइन्छ। यो हेर्दा झण्डै ब्वाँसोसँग मिल्ने भएता पनि तीखो थुतुनो र छोटो पुच्छरबाट छुट्याउन सकिन्छ । खानामा सर्वभक्षी भएकोले मुसो, छुचुन्द्रो, फलफूल खान्छ तर यसले आफूभन्दा ठूला जनावर पनि मार्न सक्छ। यसले घरपालुवा जनावरहरू विशेषतः कुखुरा, भेडा तथा बाख्राका पाठाहरू खाने गर्दछ । यसले कहिलेकाही मानिसलाई पनि आक्रमण गरेको पाइन्छ तर त्यस्ता घटनाहरू स्याललाई रेविज रोग लागेका बेला बढी भएको भेटिन्छ ।

### पाइने स्थान

यो प्रजाति अन्य कुकुर प्रजातिको वन्यजन्तु भन्दा बढी ठाउँमा पाइने प्रजाति हो। यो प्रायशः नेपालको सबै स्थानहरुमा पाइएको छ । नेपालमा भएका सबै संरक्षित क्षेत्रहरू र तराईदेखि पहाडसम्म यसको बासस्थान फैलिएको देखिन्छ ।



## १२. ढोले / वन कुकुर, Dhole, *Cuon alpinus*


### परिचय



फोटो नं. ३७: वन कुकुर

वन कुकुरको शरीरको रङ्ग रातो खैरो हुन्छ । यसको पुच्छर टुप्पोमा कालो भएको छोटो हुन्छ । यस्को खुट्टाको रङ्ग शरीरभन्दा अलि हल्का खैरो देखिन्छ । थुतुनोमा सानो कालो रौका टाटाहरू हुन्छन् र खैरो कानमा कालो किनारा देखिन्छ । भर्खर जन्मेका छाउराहरू खैरा काला हुन्छन् र लगभग ३ महिनाजति पुगे पछि वयस्कको जस्तो रातो खैरो हुन्छन् । मौसमअनुसार वन कुकुरको सदस्यहरूको संख्या कम बढी भएपनि साधारणतया ६ देखि ९ वटाले मिलेर शिकार गरेको पाइन्छ । शिकार गर्न लागेको जनावर मर्नु अघिनै यिनीहरूले त्यसलाई खान शुरु गर्दछन् । यसको मूख्य आहारा चित्तल, बँदेल, जरायो, थार, झारल लगायत पर्दछन् । यिनीहरुले करीव २ महिनाको गर्भधारणपछि ४ देखि ६ वटा छाउराहरू जन्माउछन् ।

### पाइने स्थानहरू र संख्या




यो जनावर नेपालमा बर्दिया, चितवन र रारा राष्ट्रिय निकुञ्जहरू, शुक्लाफाँटा र पर्सा वन्यजन्तु आरक्षहरू, कंचनजंघा संरक्षण क्षेत्र र उदयपुरका खुल्ला वन तथा घाँसे मैदान क्षेत्रमा पाइएको छ । नेपाल बाहिर भारत, बंगलादेश, भुटान, चीन, रुस लगायतका देशहरूमा समेत पाइन्छ । विश्वमा करीव २,५०० वटा ढोले रहेको अनुमान छ ।

## १३. फ्याउरो प्रजातिहरू

नेपालमा तीन प्रजातिका फ्याउरोहरू पाइन्छन् । ती हुन- भोटे फ्याउरो Tibetan Fox, *Vulpes ferrilata,* रातो फ्याउरो Red Fox, *Vulpes vulpes* र फुस्रो

फ्याउरो Bengal Fox, *Vulpes bengalensis* । यी तीनवटा मध्ये फुस्रो फ्याउरो बढी देखिन्छ । यी तीन वटै प्रजातिहरूको विशेषता तलको तालिकामा दिइएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको लम्बाई (से.मि.) | पुच्छरको लम्बाई (से.मि.) |
|---|---|---|---|---|
| भोटे फ्याउरो | ४,५०० - ५,३०० | २-४ | ४६-७० | ३२-४० |
| रातो फ्याउरो | ३,०००-५,००० | ४.५-५.५ | ६०-७० | ४५-५० |
| फुस्रो फ्याउरो | तराई-२,७०० | १.८ -३.२ | ४५-६० | २५-३५ |

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा समावेश नभएको, साइटिस अनुसूचि ३ (रातो फ्याउरो), आइयूसिएन रेड बुकमा कम चासो भएको (फुस्रो फ्याउरो, भोटे फ्याउरो, रातो फ्याउरो)

**व्यापारमा प्रयोग हुने अंगहरू:** मुख्यतया: छाला

## १३.१ भोटे फ्याउरो

भोटे फ्याउरोको शरीर फिक्का कैलो-पहेंलो वा रातो-पहेंलो हुन्छ । रौंहरू छोटा तर धेरै बाक्ला हुन्छन् । दुबै कानको पछाडि पहेंलो टाटो हुन्छ । पुच्छरमा कालो खैरो रौंको झुप्पा हुन्छन् । भोटे फ्याउरो नेपाल, चीन, भुटान, भारतको उच्च हिमाली क्षेत्रमा पाइने जनावर हो । यसको ५० देखि ६० दिनसम्म बच्चा गर्भमा रहने र एक बेतमा २ देखि ४ बच्चा जन्मिन्छन् । यसले लिंडे मुसा, खरायो र छेपाराहरूको साथै मरेका जंगली जनावरको सिनो खान्छ ।

## १३.२ रातो फ्याउरो

रातो फ्याउरोको शरीर प्राय: रातो हुने भएता पनि मौसम अनुसार कैलो, फुस्रो, हल्का खैरो वा कालो रौं भएको पनि हुन सक्छ । दुबै कानको माथिल्लो आधा भाग कालो हुन्छ भने झुप्पादार पुच्छरको टुप्पो सेतो हुन्छ । यो एक्लै वा जोडीमा विचरण गर्ने र दुलो, ओडारमा र अग्ला झाडीहरूमा लुकेर बस्ने गर्दछ ।

पोथीको गर्भावस्था साधारणतया १.५ देखि २ महिना हुन्छ । यसले वर्षमा एक पटक बच्चा जन्माउँछ र सामान्यत: एक पटकमा ४ देखि ६ वटासम्म बच्चा जन्मिन्छन् तर यसका बच्चा बढीमा १३ वटासम्म भएको पाइएको छ । यो

सर्वभक्षी भएकाले मुसा, छुचुन्द्रो, गँगटो, साना चराहरू र फलफूल आदि खाने गर्दछ भने पाल्तु जनावारमा विशेषत भेडा बाख्राका पाठापाठीलाई यसले मार्दछ। यो संसारका धेरै देशहरूमा पाइन्छ। यसलाई यसको भुवादार छालाका लागि मारिने गरिन्छ।

### १३.३ फुस्रो फ्याउरो

फुस्रो फ्याउरोको शरीर खैरो वा फुस्रो हुन्छ भने पुच्छरको टुप्पो कालो हुन्छ। शरीरको तुलनामा यसका खुट्टाहरू हल्का खैरा हुन्छन् र कानहरूमा लामो बाक्लो रौं हुन्छन्।



फोटो नं. ३८: फुस्रो फ्याउरो

यो वन र मानव वस्ती नजिक पाइन्छ र यो भारतीय उप महाद्वीपको रैथाने फ्याउरो हो।

यसले मुसा, छुचुन्द्रो, फट्याङग्रा, साना चराहरू आदि खाने गर्दछ। ५० देखि ६० दिनसम्म बच्चा पेटमा रहेपछि दुईदेखि चार वटासम्म बच्चा जन्माउँछ। यसलाई मासु र छालाको लागि मारिन्छ।

### अन्य विवरण

भोटे र रातो फ्याउरोको छाला बढी भुवादार हुन्छ तर यी तीनवटै प्रजातिका छालाहरूबाट फेशनका सामानहरू बनाइन्छन्। स्थानीय बासिन्दाहरू यिनको पुच्छर सहितको छालाबाट टोपी बनाएर लगाउने गर्दछन्।

## परिवारः अर्सिडे (Ursidae)

### १४. भालुहरू, Bears

### परिचय

संसारका जम्मा ८ प्रजातिका भालुहरू मध्ये नेपालमा ३ प्रजातिका भालुहरूः एशियाली कालो भालु-Asiatic Black Bear, *Ursus thibetanus*, खैरो/रातो

भालु-Brown Bear, *Ursus arctos* र काठे भालु-Sloth Bear, *Melursus ursinus* पाइन्छन् ।

यी तीन वटै प्रजातिहरूको विवरण तलको तालिकामा दिइएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको उचाई (से.मि.) | शरीरको लम्बाई (से.मि.) | नङ्ग्राको लम्बाई (से.मि.) |
|---|---|---|---|---|---|
| एशियाली कालो भालु | १,४००-४,००० | १८० (भाले) | १५० | १४०-१६५ | ४ |
| खैरो/रातो भालु | ४,०००-६,००० | १६० | २०० | २४५ | ५-१० |
| काठे भालु | १०० -८०० | ६५-१५४ | १४० -१७० | | |

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित खैरो/रातो भालु, साइटिसमा उल्लेख नभएको, आइयूसिएन रेड बुकमा कम चासो भएका (खैरो भालु), संबेदनशील (एशियाली कालो भालु र काठे भालु)

**अवैध व्यापार हुने कारणहरू:** मुख्य गरी पित्तको लागि

## १४.१ कालो भालु

यसको रङ्ग चिल्लो कालो हुन्छ र छातीमा सेतो वा हल्का पहेंलो ‘V’ आकारको चिन्ह हुन्छ । यिनीहरूको अनुहारमा आँखादेखि नाकसम्मको भागसम्म परेको हुन्छ भने कान ठूला हुन्छन् । यिनीहरूको नंग्रा खैरो भालुको भन्दा छोटो हुन्छन् र टुप्पो तीखो परेको हुन्छ ।



फोटो नं. ३९: एशियाली कालो भालु

एशियाली कालो भालु एशियाको दक्षिण भाग, नेपाल, पाकिस्तान, भारतको उत्तरी भाग र चीनको दक्षिणी भागमा पाइन्छ । यो चीनको उत्तरीपूर्व, ताइवान, कोरिया, जापान र दक्षिण साइवेरियामा पनि पाइन्छ । यो प्रजाती नेपालको प्रायजसो सबै हिमाली संरक्षित क्षेत्रहरूमा पाइन्छ ।

## १४.२ खैरो/रातो भालु



फोटो नं. ४०: खैरो भालु


यसको रङ्ग प्राय खैरोदेखि गाढा खैरो हुन्छ । यिनीहरूको अनुहार आँखादेखि नाकको अन्तसम्म भित्र गडेको हुन्छ र कान छोटोर गोलाकार हुन्छन् । यसको छातीमा सेतो “V” आकारको चिन्ह हुदैन ।

खैरो/रातो भालु नेपालको उच्च हिमाली भेकमा पाइन्छ । साथै माथिल्लो मुस्ताङ र गोरखा जिल्लाको मनास्लु क्षेत्रहरूबाट यसको अभिलेखन गरिएको छ ।

## १४.३ काठे भालु



फोटो नं. ४१: काठे भालु




यसको शरीर कालो रङ्गको बाक्लो र लामो रौंले ढाकिएको हुन्छ । यसको छातीमा सेतो “V” आकारको चिन्ह हुन्छ । यो नेपालमा पाइने अन्य दुईवटा भालु प्रजातिहरू भन्दा ठूलो हुन्छ । पहिल-पहिले तराई क्षेत्रका गाउँगाउँमा नचाउन प्रयोग गरिने भालु पनि यही हो ।

यो प्रजाति नेपालको तराई क्षेत्रमा मात्र पाइने गर्दछ । नेपाल बाहेक काठे भालु उत्तरी अमेरिका, युरोप र एशियामा पाइन्छ ।

### अवैध व्यापार हुने कारणहरू

- मुख्यत पित्तका लागि ।
- भालुको पित्त आयुर्वेदिक, तिब्वती र परम्परागत औषधीमा प्रयोग हुने भएकोले ।

- भालुको छाला, मासु, वोसो, पंजा, दाँत र नंग्राको पनि अवैध व्यापार हुन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था



फोटो नं. ४२: भालुको पित्त थैलीहरू

भालुको तस्करी यसको पित्त, छाला, मासु, बोसो, पञ्जा, दाँत र नंग्राको लागि हुने गरेको पाइन्छ। पौडेल (२०१५) का अनुसार यसको अवैध शिकार र अवैध व्यापार अत्यधिक रुपमा भैरहेको पाइन्छ किनकि २००९ मा भालु सम्बन्धी मुद्दा दर्ता भएको थिएन तर २०१० मा २ वटा, २०११ मा २ वटा, २०१२ मा ४ वटा र २०१३ र २०१४ मा ३ वटा मुद्दाहरू दर्ता भएको देखिन्छ। त्यसैगरी रा.नि तथा व.ज.सं. विभागले २०१४ मा गरेको अध्ययनले २०६५ सालदेखि पछिको ५ वर्षमा भालुको महत्वपूर्ण अंगको अवैध व्यापारसंग सम्बन्धित ८ वटा, अवैध शिकारसंग सम्बन्धित १ र शिकार र अवैध व्यापार संलग्न एउटा मुद्दा दर्ता भएको उल्लेख छ । यसको शिकार गर्नका लागि बन्दुक, धारिला हतियार र पासोहरूको समेत प्रयोग गरेको पाइन्छ। व्यापारिक महत्व बोकेका बिभिन्न अंगहरूलाई स्थानीय संजाल राष्ट्रिय सञ्जाल मार्फत बिभिन्न नाकावाट अन्तराष्ट्रिय बजारमा लैजाने गरेको भेटिएको छ ।

## पहिचान गर्ने तरिकाहरू



फोटो नं. ४३: भालुको नङ्ग्रा सहितको पंजा

- ३ प्रजातिका भालु मध्ये कालो भालुको शरीर कालो रङ्गको हुन्छ र छातीमा सेतो वा हल्का पहेंलो “V” आकारको चिन्ह हुन्छ। यसको शरीरको लम्बाई १४० देखि १६५ से.मि. सम्म हुन्छ । कालो र काठे भालु

कालो रङ्गको हुन्छ र छातीमा सेतो “V” आकारको चिन्ह भएको हुन्छ । यसको थुतुनो लामो हुन्छ यसको थुतुनो र नंग्राहरू सेतो वा हल्का पहेंलो हुन्छन् । यसको शरीरको लम्बाई १४० देखि १७० से.मि. हुन्छ ।

- रातो भालुको शरीर खैरो रङ्गको बाक्लो र लामो रौँले ढाकिएको हुन्छ । यसको छातीमा सेतो “V” आकारको चिन्ह हुँदैन । यसको शरीरको लम्बाई २४५ से.मि. सम्म हुन्छ ।
- कालो भालुका नंग्रा काला हुन्छन् तर काठे भालुका नंग्रा सेतो र कालो भालुको भन्दा ठूला हुन्छन् ।
- भालुको खप्पर पाटेबाघ/चितुवाको खप्परको तुलनामा लाम्चो र ४० देखि ४२ वटासम्म दाँत भएको हुन्छ ।
- भालुको पित्तथैली गाढा खैरो वा गाढा कालो खैरो रङ्गको हुन्छ । यो लाम्चो र एकातिर झिनो हुँदै गएको हुन्छ ।
- यसको खुला छेउ साँगुरो हुन्छ भने बन्द छेउ फराकिलो हुन्छ ।
- भालुको पित्त थैलीलाई काटेर हेर्दा ताजा छ भने पहेंलो रङ्गको तरल पदार्थ देखिन्छ भने सुकेको अवस्थामा छ भने हल्का पहेंलो रङ्गका कणहरू देखिन्छन् ।
- भालुको नसुकेको एउटा पित्त थैलीमा १०० देखि १२० ग्रामसम्म पित्त हुन्छ ।
- पित्तथैलीवाट निकालेको पित्तको मात्र पनि अवैध व्यापार हुनसक्छ जुन हेर्दाखेरी चीज वा गंधक जस्तो देखिन्छ ।

## परिवारः मस्टेलिडे (Mustelidae)

### १५. ओंतहरू (Otters)

नेपालमा तीन प्रजातिका ओंतहरू पाइन्छन् । ती हुनः १) कालो ओंत, Eurasian Otter, *Lutra lutra*, खैरो ओंत, Smooth-coated Otter, *Lutrogale perspicillata* र सानो ओंत, Asian Small-clawed Otter, *Aonyx cinereus.*

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको लम्बाई (से.मि.) | पुच्छरको लम्बाई (से.मि.) |
|---|---|---|---|---|
| कालो ओंत | ३,६०० सम्म | ७-११ | ६०-८० | ४५ |
| खैरो ओंत | १,५०० सम्म | ७-११ | ६५-७९ | ४०-४५ |
| सानो ओंत | | ३-६ | ४५-५५ | २५-३५ |

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित वन्यजन्तुको रुपमा समावेश नभएको, साइटिस अनुसूची १ कालो ओंत, अनुसूची २ (खैरो र सानो ओंत) र आइयूसिएन रेड बुकमा लोपोन्मुख (कालो ओंत), संबेदनशिल (खैरो ओंत, सानो ओंत)

## अवैध व्यापार हुने कारणहरू

मुख्यतः छाला

## परिचय

**१५.१ कालो ओंतः** यसको शरीर ध्वाँसे खैरो हुन्छ भने शरीरको तल्लो भाग हल्का खैरो हुन्छ । यसको घाँटी हल्का पहेंलो हुन्छ ।



फोटो नं. ४४: खैरो ओंत

**१५.२ खैरो ओंतः** यसको शरीर गाढा र घाँटी हल्का पहेंलो हुन्छ । यसको शरीरको तल्लो भाग हल्का रङ्गको हुन्छ। यसको पञ्जाहरू गाढा खैरो रङ्गका हुन्छन् ।



फोटो नं. ४५: कालोओंत




फोटो नं. ४६: सानो ओंत

**१५.३ सानो ओंतः** यसको शरीर खैरो र तल्लो भाग हल्का खैरो हुन्छ भने ओठका छेउहरू, च्यापु र घाँटी सेतो हुन्छन् ।


ओंतका डुंगाको बहना जस्तो खुट्टाहरू र मजबुत मांसपेशीले बनेको चुच्चो

परेको पुच्छर हुन्छ । यसको शरीर लाम्चो सलक्क परेको र पञ्जाहरू हाँसको जस्तै झिल्ली भएको हुन्छन । यी ३ प्रजाति मध्ये नेपालमा खैरो ओंतको भौगोलिक फैलावट र संख्या सबैभन्दा बढी छ ।


## पाइने स्थानहरू




**कालो ओंतः** यो प्रजाति हिमाली भेगका खोला, नदी र पोखरीहरूमा पाइने गर्दछ तर यसको वितरणको बारेमा पर्याप्त मात्रामा सूचना छैन । विशेषगरी अन्नपूर्ण संरक्षण क्षेत्र, मकालु वरुण, रारा, बर्दिया राष्ट्रिय निकुञ्जहरू र बिभिन्न जिल्लाहरू जस्तै सप्तरी, सुनसरी, चितवन, कपिलवस्तु, बर्दिया, कैलाली, कञ्चनपूर, बझाङ, बाजुरा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, गोरखा, लमजुङ, कास्कीमा यो प्रजाति पाइने गरेको छ (वि.पि.पि. १९९५) । यो प्रजाति अरुण नदी, सेती नदी, र यसको शाखा नदीहरू, भोटेकोशी, र तामाकोशीमा पनि पाइन्छ (शाह २०११) ।




**खैरो ओंतः** यो प्रजाति नेपालको कोशी, नारायणी, कर्णाली, महाकाली नदीहरूमा पाइन्छ (श्रेष्ठ २००३)। त्यसैगरी वि.पि.पि. (१९९५) को प्रतिवेदनले अन्नपूर्ण संरक्षण क्षेत्र, मकालु वरुण, रारा, बर्दिया, चितवन राष्ट्रिय निकुञ्जहरू र कोशीटप्पु वन्यजन्तु आरक्ष, शुक्लाफाँटा वन्यजन्तु आरक्षमा पनि पाइने उल्लेख गरेको छ ।




**सानो ओंतः** यो नेपाल लगायत भारत, र चीनमा पाइन्छ । नेपालको कैलाली र कञ्चनपुर लगायतका जिल्लामा यसको उपयुक्त बासस्थान भएता पनि बिस्तृत अध्ययन र पर्याप्त सूचना नभएको देखिन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था

रा.नि. तथा व.ज.सं. विभागले गरेको अध्ययनले २००९ र २०१४ बीचको तथ्यांकलाई विश्लेषण गर्दा ओंतको अवैध व्यापार सम्बन्धी एउटा मुद्दा नवलपरासी जिल्लामा दर्ता भएको देखिन्छ। ओंतको पानी छिर्न नदिने जलरोधक, नरम भुवा हुने भएकोले छालाको प्रयोग फेशनका सामानहरू बनाउनमा प्रयोग गरिन्छ। त्यसैगरी यसको छाला कोट, ज्याकेट र बख्खुको बाहुला र कलर बनाउनमा प्रयोग गरिन्छ। नेपालमा ओंतको मासु पनि खाइन्छ। यसको छालाको माग तिब्वतमा धेरै हुन्छ।

# परिवारः प्रोक्यानिडे (Procyonidae)

### १६. हाब्रे, रातो पाण्डा, Red Panda, *Ailurus fulgens*

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि १, आइयूसिएन रेड बुकमा संवेदनशील।

पाइने उचाईः १,८०० – ३,८०० मि., शरीरको तौलः ३ देखि ६ किलोग्राम, शरीरको – उचाईः २८ से.मि., लम्बाईः ६४ से.मि., पुच्छरको लम्बाईः २८ –४८ से.मि.।

## अवैध व्यापार हुने कारणहरू

मुख्यतः छालाको लागि

## परिचय


अनुहार र शरीरको तल्लो भाग सेतो बाँकी अन्य भाग रातो, गोलो टाउको भएको भालु जस्तै देखिने हाब्रे नेपालको अति दुर्लभ वन्यजन्तुको सूचिमा समावेश भएको छ। आकर्षक टाउको र पुच्छर भएको यस जन्तुको नाक कालो हुन्छ। छोटो तथा भुवादार खुट्टामा बाहिर भित्र हुनसक्ने नंग्रा



फोटो नं. ४७: हाब्रे

हुन्छन । मुख्यतः शाकाहारी भएता पनि मांसाहारी वर्गमा पर्ने यिनीहरू साँझ तथा रातमा सक्रिय हुन्छन् भने दिउँसो रुखको टोड्का वा चट्टानका चेपहरूमा आराम गर्दछन् ।

## पाइने स्थान




संसारमै नेपाल लगायत एशियाका केही मुलुकमा मात्र पाइने यो जनावर भुटान, म्यान्मार, भारत, लाओस तथा चीनको तिव्बत, सिचुआन तथा युनान प्रान्तमा मात्र सिमित रहेको छ । हाम्रो नेपालमा लाङटांङ क्षेत्र, मकालुवरुण, ढोरपाटन, रारा, सगरमाथा, कञ्चनजंघा र गौरीशंकर क्षेत्रमा पाइन्छ। हिमाली क्षेत्रको निगालो घारीमा बस्ने यो जन्तु नेपालको अन्य क्षेत्रमा पनि पाइने विश्वास गरिएको छ । यसले चाइनिज पाण्डा (जाइन्ट हवाईट पाण्डा) भन्दा बढी चिसो सहन सक्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था



फोटो नं. ४८: हाब्रेका छालाहरू

मंसिर २०६१ देखि वैशाख २०६९ सम्म काठमाडौंमा ७ वटा हाब्रेका छालाहरू समातिएका थिए । त्यसैगरी पौडेल (२०१५) अनुसार हाब्रेको अवैध शिकार र यसको व्यापार सम्बन्धी मुद्दा २००९ मा दर्ता भएको देखिंदैन भने २०१० मा ४ वटा, २०११ मा ८ वटा, २०१२ मा १२ वटा, २०१३ मा १६ वटा र २०१४ मा २२ वटा दर्ता भएको देखिन्छ । यी तथ्याङ्कले यसको तस्करी र अवैध व्यापार निरन्तर भैरहेको र बढदो दरमा रहेको देखाउँछ । रा.नि.तथा व.ज.सं. विभागले गरेको अध्ययन वमोजिम अवैध व्यापार सम्बन्धी १२ वटा, अवैध शिकार सम्बन्धी एउटा र शिकार र अवैध व्यापार सम्बन्धी पनि एउटा मुद्दा दर्ता भएको देखिएकोछ । यी सबै अध्ययनहरूले हाब्रेको शिकार र अवैध व्यापारलाई बेलैमा नियन्त्रण गर्न नसके यसले हाब्रेको संरक्षणमा अझै चुनौती बढ्ने संकेत गरेको छ ।

### पहिचान गर्ने तरिकाहरू

- हाब्रेको शरीर रातो खैरो हुन्छ भने मुख कानको भित्री भाग र गाला सेतो हुन्छन् । यसको नाकको टुप्पो चहकिलो कालो हुन्छ र शरीरको तल्लो भाग कालो वा गाढा हुन्छ ।
- यसको पुच्छरमा हल्का र गाढा रातो खैरो रङ्गका पट्टीहरू हुन्छन् ।



फोटो नं. ४९: मृत हाब्रे

## Order: Primate

## परिवार: सर्कोपीथेसीडे (Cercopithecidae)

### १७. बाँदरहरू (Monkeys)

नेपालमा तीन प्रजातिका लंगूरहरू र दुई प्रजातिका बाँदरहरू पाइन्छन् । ती हुन्: नेपाल लंगूर Nepal langur, *Semnopithecus schistaceus*, तराई लंगूर Tarai Langur, *Semnopithecus hector* र पश्चिमा लंगूर *Semnopithecus ajax*, मिसलबाँदर, ध्वासे बाँदर, काल्गाडा, पहरे बाँदर,आसामी बाँदर Assam Macaque *Macacaas samensis* र रातो बाँदर, Rhesus Macaque, *Macacamulatta* । माथि उल्लेखित ३ प्रजातिका लंगूरहरू पहिले *Prebytis entellus/Semnopithecus entellus* का उप-प्रजातिका रुपमा थिए ।

यी पाँचै प्रजातिको विवरण तलको तालिकामा दिइएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको लम्बाई (से.मि.) | पुच्छरको लम्बाई (से.मि.) |
|---|---|---|---|---|
| नेपाललंगूर | १,५००-४,००० | २६ | ६०-७५ | |
| तराई ग्रे लंगूर | ६३-१,८०० | ९-२१ | ६०-७५ | |
| पश्चिमा लंगूर | २,०००-४,००० | | ६०-७५ | |
| पहरे बाँदर | २०० -२,७५० | ४.६-१२ | ४४ - ६८ | १७-२९ |
| रातो बाँदर | तराई-२,४४० | ५-११ | ४७-६३ | |

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित (पहरे बाँदर), साइटिस अनुसूचि १ (नेपाल लंगूर, तराई ग्रे लंगूर, पश्चिमा लंगूर), अनुसूचि २ (पहरे बाँदर, रातो बाँदर), आइयूसिएन रेड बुकमा संकटापन्न (पश्चिमा लंगूर), लोपोन्मुख (पहरे बाँदर, तराई ग्रे लंगूर), कम चासो भएको (रातो बाँदर, नेपाली लंगूर) ।

### अवैध व्यापार हुने अंगहरू

यसको खासै अवैध व्यापार भएको पाइदैन । स्थानीय केही समुदायहरूले मारेर मासु खाने गरेका छन् भने केही नेपालमा बसेका विदेशीहरूले मारी वा स्थानीयहरूलाई मार्न लगाई मासु खाने गरेको सुन्न पाइन्छ ।

### १७.१ नेपाल लंगूर, Nepal Langur


फोटो नं. ५०: लङ्गूर

यसलाई Central Himalayan Langur का नामले पनि चिनिन्छ । यो गाढा फुस्रो शरीरमा हल्का खैरोको आभास हुने, शीर तथा शरीरको रङ्ग एक अर्कासंग स्पष्ट भएको, शरीरको तल्लो भाग कोखासम्म सेतो, तराई लंगूर भन्दा ठूलो तर केही छोटो पुच्छर, हात अलि कालो, गोलिगाठा र पैताला अलि फिक्का र लामा फुस्रा जुँगा भएको हुन्छ । यिनीहरु उपोष्णदेखि समशीतोष्ण प्रदेशीय चौडा पाते जंगल, सल्लाको वन, नदी तटीय वन, उठेका चट्टानी भाग र झाडी बुट्यानमा पाइन्छन् । दिनमा सक्रिय रहने यिनीहरू बढी समय रुख बिरुवाका हाँगामा नै बिताउछन् । यिनीहरुको मुख्यखाना रुख बिरुवाको पात र डाँठनै हो । यो प्रजाति लंगूर बाँदरहरूमा सबै भन्दा बढी वजन भएको प्रजाति हो । यी लंगूरहरू नेपाल बाहेक भारत, पाकिस्तान र भूटानमा पनि पाइन्छन् ।

### १७.२ तराई लंगूर, Tarai langur

यो फुस्रो शरीरमा हल्का पहेलोको आभास हुने तथा शरीरको तल्लो भाग खैरो–सेतो, खुट्टाका रौं शरीरभन्दा अलि खैरो, अनुपातिक रुपमा नेपाल लंगूर भन्दा लामो पुच्छर, र लामो सेतो जुँगा भएको हुन्छ। यो प्रजाति नेपालमा चुरेको

पतझड जंगलदेखि पहाडको खस्रुका वनमा पाइन्छन् । यो प्रजाति नेपाल बाहेक भुटान र भारतको रैथाने हो । दिनमा सक्रिय रहने यिनीहरू बढी समय रुख बिरुवाका हाँगामा नै बिताउछन् । यिनीहरूको मुख्य खाना रुख बिरुवाको पात, डाँठनै हो भने यिनीहरुले खेतबारी र बगैंचामा पनि नोक्सानी गर्दछन् । यिनीहरू अक्सर भालेपोथीको समूहमा बसेको पाइन्छ ।

### १७.३ पश्चिमा लंगूर, KashmirLangur

दिनका बढीनै सक्रिय रहने यिनीहरू पनि धेरै जसो समय रुख बिरुवाका हाँगामा नै बिताउछन् । यिनीहरूको पनि मुख्य खाना रुख बिरुवाका पात र डाँठनै हुन् । नेपालको उत्तरी पश्चिम (डंडेलधुरा लगायतका क्षेत्र) देखि भारत हुदै पाकिस्तानी काश्मिरसम्म पाइने यी लंगूरहरू भालेले पनि बच्चालाई स्याहार गर्न मद्दत गर्दछन् । कहिलेकाँही अर्को नयाँ भालेले पहिलेका भालेतर्फका बच्चालाई मार्ने गरेको पाइएको छ । यिनीहरू धेरैजसो बच्चाहरूको समूहमा बसेको पाइन्छ ।


बासस्थान विनास, वनजंगल अतिक्रमण तथा परम्परागत औषधीको रुपमा प्रयोग गरिने तथा स्थानीय स्तरमा यदाकदा मारेर मासु खाने वा सुकुटी बिक्री गरिने हुनाले लंगूर तथा बाँदरहरूको संरक्षणमा चुनौती थपिदै गएको देखिन्छ ।

### १७.४ आसामी बाँदर, ध्वाँसे बाँदर, काल्गाडा, पहरे बाँदर


फोटो नं. ५१: पहरे बादर

साधारणतया आसामी बाँदर रातोबाँदर जस्तै देखिन्छ तर यसको पुच्छर मुनिको भाग रातो हुदैन । यसको अनुहार हल्का बैजनी रङ्गको हुन्छ भने नाक छेउछाउ निलडाम परेको जस्तै देखिन्छ । थुतुनो अलि बुच्चो हुन्छ भने पुच्छर पनि अलि लामो हुन्छ । शरीरको रौं सुनौलोदेखि बैजनी रङ्गको हुन्छ । पोथीहरूमा अनुहार सिन्दुरेदेखि मासु रङ्ग वा हल्का सेतो हुन्छ । बढी उचाई तिर अलि बढी गाढा रङ्गका पनि पाइन्छन् । यस सर्वभक्षी बाँदरले फलफूलका पात, बियाँ, चोप, किरा फट्याङ्गरा तथा मासु आदि खान्छन् । राती बास बस्दा रुखमा नभै चट्टान वा पहरामा बस्ने भएकोले यसलाई पहरे बाँदर भनिएको हो ।

## पाइने स्थानहरू




यी पहाडी जंगल, खोला र नदीको खोंचतिर पाइन्छन् । यी बाँदर दार्चुला, डडेलधुरा, अछाम, पाल्पा, रसुवा, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, चितवन, मकवानपुर, काठमाडौं, धनकुटा, संखुवासभा जिल्ला तथा अपिनाम्पा र अन्नपूर्ण संरक्षण क्षेत्रहरू, लाङटाङ, मकालु वरुण र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जहरूमा पाइएका छन् । यिनीहरु नदीहरूको आसपास मुलघाट, धनकुटा, तमोर र अरुण, संखुवासभा, बाग्मतीको ताप्के डाडा (मकवानपुर), त्रिशुली, काली, सुनकोशी, गण्डकी, कर्णाली क्षेत्रमा पनि भेटिन्छन् ।

## १७.५ रेसश बाँदर



फोटो नं. ५२: रेशस बादर

रेसश बाँदरको पछाडि पट्टीको भाग अर्थात नितम्ब रातो हुन्छ जुन बच्चा जन्माउने मौसममा दुबै भाले पोथीमा झन् गाढा हुन जान्छ ।

## अवैध ब्यापारको अवस्था

जिउँदा बाँदरहरू प्रयोगशालामा परीक्षणको लागि र सडकमा चटक देखाउनेहरूले प्रयोग गरेको पाइन्छ । चटक देखाउने बाँदरका लागि अवैध समात्ने र सर्कसमा पनि बेच्ने गरेको पाइन्छ । बाँदरको खप्परबाट क्युरियोको सामान बनाउने गरिन्छ । बाँदरको सुकुटीलाई मृगको भनी बेच्ने गरिन्छ । नेपालमा कार्यरत केही बिदेशीहरूले बाँदरलाई आफै मारेर वा गाउलेलाई मार्न लगाएर बाँदरको मासु खाने गरेको सुनिएको छ । ढेडू बाँदरको मासु तथा रगतलाई औषधीको रुपमा प्रयोग गरिन्छ । बाँदरको वा ढेडूको आलो मासु र सुकुटीमा तिनीहरूका रौं भेटिन सक्छन् ।

**Order: Cetacea**

## परिवारः प्लाटानिस्टीडे (Platanistidae)

### १८. शोंश, सुसु, *Platanista gangetica gangetica*

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि १, आइयूसिएन रेड बुकमा संकटापन्न ।

पाइने उचाईः ७५–१५० मी., शरीरको तौलः ६०–८५ किलोग्राम, शरीरको लम्बाईः २०० से.मि., पुच्छरको लम्बाईः २००–२६० से.मि. ।

**व्यापारमा प्रयोग हुने अगंहरूः** प्रयोग भएको नपाइएको ।

#### परिचय



फोटो नं. ५३ः शोंश

यो नेपालमा पाइने एक मात्र स्तनधारी जलचर प्राणी हो, जुन पानी भित्रै बस्छ र त्यहीं नै बच्चा जन्माउँछ । यसको लामो थुतुनोमा एक अर्कामाथि खप्टिएर बसेका तीखा दाँतहरूको पंक्ति हुन्छ । यसका खुट्टाहरू माछाका पँखेटाहरू जस्तोमा परिणत भएका हुन्छन्, जसले गर्दा यसलाई पौडिन सजिलो हुन्छ । खैरो फुस्रो रङ्गको शरीर भएको यसका आँखाहरू निकै साना हुन्छन् । आहाराको खोजी हेरेर गर्नुको सट्टा आफूले निकाल्ने आवाजले नै यसको नेपाली नाम शोंश वा सुसु रहेको हो । भाले भन्दा पोथी लामो हुने शोंश बढीमा २८ वर्षसम्म बाँचेको विवरण पाइन्छ ।

शोंश नदीको उल्टो बहाव हुने ठाउँमा र पानी घुमेको ठाउँमा बस्न रुचाउँछ । यो माछा र घुँगी प्रजातिको आहारा बढी भएको ठाउँमा बस्दछ । साना आहारा प्रजाति सँगसगै वर्षात याममा साना साना नदीमा जान्छ र पानी कम भएको बेला मुल नदीमा आउँछ । करीव १० वर्षको उमेरमा यो बच्चा जन्माउन सक्ने हुन्छ । साल भरिनै बच्चा पाउने  शोंशले ८ देखि १२ महिनाको गर्भावस्था पछि एउटा बच्चा पाउँछ ।

### पाइने स्थानहरू

शोंश (Ganges River Dolphin) नेपाल, भारत, बंगलादेश र पाकिस्तानका रैथाने हुन् । नेपालमा यो तराईका ठूला नदीहरू कोशी, कर्णाली, नारायणी र मोहनामा मात्र पाइन्छ ।

नदीमा पानीको मात्रा घट्नु, माछा मार्ने जालीमा अड्काएर मार्नु वा मारिनु, पानी दूषित हुनु, बाँध बाँधेर तल माथिका शोंशको भेट नभई बंशाणु सम्पर्क टुट्नु जस्ता कारणहरुले यसको संरक्षणमा समस्याहरु आएका छन् ।

## Order: Artiodactyla

## परिवारः सुइडी (Suidae)

### १९. बँदेलहरू

### १९.१ पुड्के बँदेल, Pygmy Hog, *Porcula salvania*

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि १, आइयूसिएन रेड बुकमा अतिसंकटापन्न ।

**पाइने उचाईः** १००–३०० मि., शरीरको तौलः २.४ किलोग्राम, शरीरको – उचाईः २७–३० से.मि., लम्बाईः ७० से.मि.सम्म (पुच्छर समेत) ।

**व्यापारमा प्रयोग हुने कारणः** मासु

### परिचय


बत्तीस प्रजातिका बँदेलहरू मध्ये, पुड्के बँदेल सबैभन्दा सानो जनावर हो । यसको पुच्छर छोटो हुन्छ । यसको कानहरू साना हुन्छन् । यसको शरीरमा रौंहरू पातलो र साना हुन्छन् र यसको रङ्ग भने खैरो देखि कालो-खैरो हुन्छ ।



फोटो नं. ५४: पुड्के बँदेल

आहारको रुपमा यसले बिरुवाका जराहरू, चरा तथा अन्य जीवजन्तुका अण्डाहरू, चराहरू, कीरा र छेपाराहरू खाने गर्दछ । यिनीहरू ५-६ देखि १५-२० वटाको समूहमा बस्दछन् ।

## पाइने स्थानहरू




यो प्रजाति कोशी टप्पु वन्यजन्तु आरक्ष, चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा रहेको जानकारी थियो । हाल भने यो प्रजातिको अवस्था बारे स्पष्ट जानकारी छैन । यो प्रजाति नेपाल बाहेक भारत, भुटानका घाँसे मैदान तथा जंगलहरूमा पनि पाइने गरेका प्रतिवेदनहरु भने उपलब्ध छन् ।

## १९.२ बँदेल, Eurasian Wild Boar, *Sus scrofa*

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा उल्लेख नभएको ।

साइटिसमा समावेश नभएको, आइयूसिएन रेड बुकमा कम चासो भएको ।

**पाइने उचाईः** ६३–४,००० मि., शरीरको तौलः ९०–१०० किलोग्राम, शरीरको लम्बाईः ९०–१८० से.मि. ।

**अवैध व्यापार हुने कारणहरूः** मासु, रौं र दाह्राका लागि ।


## परिचय

बँदेललाई घरपालुवा सुँगुरको पूर्खा मानिन्छ। बँदेलको शरीरको रङ्ग फुस्रो खैरो मिश्रित कालो हुन्छ । यसको बच्चाहरूका शरीरमा लामा पहेँलो धर्काहरू हुन्छन् जुन करीव ८ महिना पछि हराएर जान्छन् । यो अत्यन्तै बलियो हुन्छ र यसले यदाकदा मानिस तथा अन्य जनावरलाई समेत आक्रमण गर्दछ । यसले बर्षभरि नै बच्चा जन्माउन सक्छ ।



फोटो नं. ५५: बँदेल

## पाइने स्थानहरू




घाँसे मैदान र वन जंगलमा बढी हुने यो नेपालको अधिकांश जिल्लाहरूमा पाइन्छ । यो भारत, पाकिस्तान, चीन लगायतका धेरै देशहरूमा पनि पाइन्छ ।

### चोरी निकासी र अवैध ब्यापारको अवस्था

यसलाई मासु र सुकुटीको लागि स्थानीय स्तरमा मार्ने गरिन्छ र सुकुटीका सौखिनहरूको मागका कारणले काठमाडौं लगायतका शहरहरूमा बिक्री गर्ने गरिन्छ । गाउँघरमा पालिएको भनी निकुञ्ज वा आरक्षका मध्यवर्ती क्षेत्रबाट वा घरगाउँमा आएका बच्चा समाती पालिएका बँदेलहरू काठमाडौं ल्याउने क्रममा समातिएका केही उदाहारण पाइएका छन् । २०६५ देखि २०७० सालसम्ममा थाहा पाइएका १७ वटा घटनामा ३१ वटा बँदेलको अवैध ब्यापार भएको थियो ।

## परिवार: मोस्चिडे (Moschidae)

### २०. कस्तुरी मृगहरू, Musk Deer

नेपालमा तीन प्रजातिका कस्तुरी मृगहरू पाइन्छन् । ती हुन: सुनकण्ठे कस्तुरी, Alpine Musk Deer, *Moschus chrysogaster,* सेतोकण्ठे कस्तुरी, Himalayan Musk Deer, *Mischus leucogaster* र कालो कस्तुरी मृग, Blackmusk deer, *Moschus fuscus* ।



फोटो नं. ५६: कस्तुरी मृग

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित, साइटिसमा अनुसूचि १, आइयूसिएन रेड बुकमा संकटापन्न (३ वटै प्रजातिहरू) ।

**पाइने उचाई:** २,५००–५,००० मि. (सुनकण्ठे कस्तुरी–पश्चिमदेखि पूर्व नेपाल, सेतो कण्ठे कस्तुरी–मध्य तथा पूर्वी नेपाल, कालो कस्तुरी मृग–पूर्वी नेपाल), शरीरको तौल: १०–१५ किलोग्राम ।


**व्यापारमा प्रयोग हुने अंगहरू:** मुख्यत: बिना र दाँत ।

### परिचय

भाले पोथी दुबै कस्तुरी मृगको शरीर मोटो, खस्रा र बाक्ला गाढा खैरो रङ्गका रौंहरूले ढाकेको हुन्छ । यिनको सिङ हुँदैन, लामो कान र छोटो पुच्छर हुन्छ ।

भालेको माथिल्लो बंगारोमा लामो र तीखा दुईवटा दाह्राहरू हुन्छन् । वयस्क भालेको नाइटो र प्रजनन् अङ्गको बीचमा कस्तुरी (बिना) हुन्छ जुन पोथीमा हुँदैन । यिनीहरूले एकै ठाउँमा दिशा गर्ने गर्दछन् ।

## पाइने स्थानहरू




नेपालको उच्च हिमाली क्षेत्रहरूमा मिश्रित वन तथा बुट्यान भएको रुख बिरुवा हुने माथिल्लो उचाईको वरिपरि यसको बासस्थान रहेको पाइन्छ । विशेष गरी रारा, खप्तड, शे-फोक्सुन्डो, सगरमाथा, लाङटाङ, र मकालुवरुण राष्ट्रिय निकुञ्जहरू; अपिनाम्पा, अन्नपूर्ण, मनास्लु, गाौरीशंकर र कञ्चनजङ्घा संरंक्षण क्षेत्रहरू; ढोरपाटन शिकार आरक्ष र अन्य हिमाली जिल्लाहरूमा पाइने गर्दछ । कस्तुरी मृग उत्तरी बर्मा, तिब्बत, दक्षिणी चीन, पाकिस्तान र भारतमा पनि पाइन्छ ।

## व्यापारमा प्रयोग हुने अंग र यसको उपयोग

मुख्यतः कस्तुरीको बिना गैरकानुनी व्यापारमा प्रयोग भएको पाइन्छ ।


फोटो नं. ५७: कस्तुरी मृगको बिनाहरू

- कस्तुरीको बिनाको प्रयोग आयुर्वेदिक, युनानी, तिब्बती र अन्य परम्परागत औषधीमा गरिन्छ ।
- बहुमूल्य अत्तर/परफ्युम, सुगन्धित तेल, साबुन इत्यादि बनाउनमा कस्तुरीको बिनाको प्रयोग गरिन्छ ।
- कस्तुरीको छाला, रौं तथा भालेका दाह्राहरू पनि परम्परागत औषधी र अन्धविश्वासका कुराहरू पूरा गर्न प्रयोग गरिन्छन । यसको मासु पनि खाने गरिएको छ ।

- अवैध व्यापारमा सम्पूर्ण बिना, दानेदार पाउडर (बिनाबाट निकालिएको) र बिनाबाट बनाइएको तरल पदार्थलाई प्रयोग गर्ने गरेको पाइन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था


फोटो नं. ५८: कस्तुरी मृगको बिना

कस्तुरी मृगको बिना र मासुका लागि शिकार गर्ने गरेको पाइन्छ । नेपालका हिमाली जिल्लाहरू र बिभिन्न संरक्षण क्षेत्रहरूबाट गोठालाहरू र जडिबुटी संकलन गर्न जाने समूहहरू र अन्य व्यावसायिक शिकारीहरूलाई प्रयोग गरी शिकार गर्ने गरेको देखिन्छ। यसका लागि बन्दुकको समेत प्रयोग गर्ने गरेको पाइन्छ । रा.नि. व.ज.सं. विभागले २०१४ मा २००९ देखि २०१४ को बीचमा दर्ता गरिएका मुद्दाहरूलाई विश्लेषण गर्दा चोरी शिकारी हुने मध्ये चितुवाको सवै भन्दा बढी, त्यसपछि गैंडा, बाघ, अनि कस्तुरी मृग रहेको देखाएको छ । त्यसैगरी उक्त प्रतिवेदनमा जिल्ला वन कार्यालयले १३ वटा कस्तुरीको बिनाको अवैध व्यापार गर्न लैजाने क्रममा समातेको उल्लेख छ। त्यसै तथ्यांकलाई पौडेल (२०१५) ले वार्षिक रुपमा विश्लेषण गर्दा २००९ र २०१० मा कस्तुरीको मृग सम्बन्धी कुनै मुद्दा दायर नभएको तर २०११ मा ४ वटा, २०१२ मा २ वटा, २०१३ मा २ वटा र २०१४ मा ५ वटा कस्तुरीको बिना अवैध व्यापारका निम्ति लैजाने क्रममा समातिएका थिए जस्ले यसको अवैध शिकार र व्यापार बढ्दै गएको तथ्यलाई उजागर गरेको छ । यसका लागि स्थापित अवैध सञ्जाल मार्फत बिभिन्न नाका र मार्ग समयानुकूल प्रयोग गर्ने गरेको पाइन्छ ।


फोटो नं. ५९: कस्तुरी मृगको बिना

## पहिचान गर्ने तरिकाहरू

- कस्तुरी मृगको शरीरमा मोटा, खस्रा र बाक्लो गाढा खैरो रङ्गका रौँ हुन्छन् । यिनको सिङ हुँदैन, लामो कान र छोटो पुच्छर हुन्छ । भालेको माथिल्लो बंगारोमा लामा र तीखा दुईवटा दाह्राहरू हुन्छन ।
- बिना भाले कस्तुरीको नाइटो र प्रजनन अंगको बीचमा अवस्थित हुन्छ ।

## बिनाको पहिचान

- कस्तुरीको असली बिना अलिकति चेप्टो परेको, गोलो वा अण्डाकार हुन्छ र यसको रङ्ग खैरो हुन्छ ।
- कस्तुरीको असली बिनामा भएका रौंहरू मोटा, खोक्रा परेका र सजिलैसँग टुट्ने किसिमका हुन्छन् ।
- यदि कस्तुरीको असली बिनावाट कस्तुरी निकालेर त्यहाँ अन्य नक्कली वस्तु जस्तै माहुरीको मैन इत्यादि भरेको छ भने बिनामा सिरिञ्ज वा काटेको चिन्ह हुन्छ ।
- असली कस्तुरीलाई पानीमा राख्यो भने यथावत रहन्छ ।
- असली कस्तुरीलाई आगोको कोइलामा राख्यो भने पग्लेर तरल पदार्थमा परिणत हुन्छ ।
- कस्तुरीलाई पहिचान गर्नका लागि गाउँले र व्यापारीहरूले घरेलु उपायमा हिङ र लसुनको प्रयोग गर्दछन । हिङलाई एउटा कपडाको टालोमा घोटेर, त्यसपछि कस्तुरीलाई पनि त्यही निर घोट्यो भने यदि कस्तुरीको सट्टा हिङको बासना आउँछ भने त्यो नक्कली कस्तुरी हो तर यदि हिङको बासना नआएर कस्तुरीकै आउँछ भने त्यो असली कस्तुरी हो भनी विश्वास गरिन्छ । त्यस्तै एउटा सियोलाई लसुनको पोटीमा घुसारेपछि त्यसलाई कस्तुरीको बिनाभित्र घुसारिन्छ । सियोलाई निकालेर सुँघ्यो भने यदि कस्तुरीको बासना आउँछ भने त्यो असली कस्तुरी हो, तर यदि लसुनको बासना आउँछ भने त्यो नक्कली कस्तुरी हो भनिन्छ ।

## परिवारः सर्भिडे (Cervidae)

### २१. मृग प्रजातिहरू

नेपालमा सर्भिडे परिवारमा पाँचवटा मृगका प्रजातिहरू छन् । ती हुन: जरायो Sambar, *Rusa unicolor*, चित्तल Chital, *Axis axis*, लगुना/पाडे Hog Deer, *Axis porcinus*, रतुवा/राते मृग Northern Red Muntjac, *Muntiacus vaginalis* र बाह्रसिङ्गा Swamp Deer, *Rucervus duvauceli* ।

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित (बाह्रसिङ्गा), साइटिसमा अनुसूचि १ (बाह्रसिङ्गा), आइयूसिएन रेड बुकमा संकटापन्न (लगुना), संबेदनशिल (जरायो, बाह्रसिङ्गा), कम चासो भएको (रतुवा, चित्तल) ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको उचाई (से.मि.) | सिङको लम्बाइ (से.मि.) |
|---|---|---|---|---|
| जरायो | ७५–३,००० | २२५–३२० | १५० | ६५ |
| चित्तल | ७५–१,००० | ८५ | ९० | ८० |
| लगुना | ७५–३०० | ३६–५० | ६१–७१ | ३८ |
| रतुवा | ६५–३,५०० | ५० | १४–२८ | १८ |
| बाह्रसिङा | १५०–२५० | ११५–१३५ | २२५–३२० | ७५ |

**अवैध व्यापारमा प्रयोग हुने अंगहरूः** सिङ, मासु र छाला

### २१.१ जरायो, Sambar Deer, *Rusa unicolor*

#### परिचय

यो नेपाल तथा भारतीय उपमहाद्वीपकै सवैभन्दा ठूलो मृग प्रजाति हो । यसको शरीर गाढा खैरो रङ्गको हुन्छ । वयस्क भालेको गर्दनमा जगरका साथै ठूला र तीनवटा हागाँहरू भएका सिङहरू हुन्छन् । प्राय रातमा चर्ने र दिउँसो चर्को घाम भएमा छहारीमा सुतेर दिन बिताउने यो एक्लै वा सानो बथानमा



फोटो नं. ६०: जरायो


पाइन्छ । यसले चर्नुका साथै साना रुखहरू र झाडीका पातहरू खाने गर्दछ । यसको आवाज भद्दा खालको तर ठूलो हुन्छ । यो घाँसे मैदान र छेउछाउका वनहरूमा बस्दछ ।

यसले बाक्लो पतझड, वन र घाँस भएको क्षेत्र मन पराउँछ । भाले एक्लै बसे पनि पोथीहरू साना समूहमा बस्छन् । यिनीहरु पानीको नजिक बस्छन् र कुनै खतराको आभास भएमा खुट्टा बजारेर संकेत गर्छन् ।

यसको पोथीले लगभग ८ महिनाको गर्भधारण पछि साधरणतया एउटा बच्चा जन्माउँछ ।

### पाइने स्थानहरू

यो जनावर उष्ण प्रदेशीय वन, उपोष्ण प्रदेशीय मिश्रित वनको तराईदेखि शीतोष्ण प्रदेशीय वनसम्म पाइन्छ । यो नेपाल बाहेक चीन, भारत लगायतका दक्षिणपूर्वी एशियाका देशहरूमा पाइन्छ ।




### चोरी निकासी र अवैध व्यापारको अवस्था

सम्पूर्ण शरीर, छाला र ३५ किलो सुकुटीको अवैध व्यापार २०६५ देखि २०७० सालमा भएको थियो ।

## २१.२ चित्तल/चित्री, Chital, *Axis axis*

### परिचय

यो मृग प्रजातिहरूमा नेपालमा सबैभन्दा बढी परिचित हो । यसको सुन्तले खैरो रङ्गको शरीरमा सेता थोप्लाहरू हुन्छन् जसले गर्दा यसलाई चित्तल/चित्री भनिन्छ । यसको भालेमा पाइने सिङ बाहेक भाले र पोथी उस्तै देखिन्छन् । प्राकृतिक बासस्थान वरिपरि ढेडू बाँदर




फोटो नं. ६१: चित्तल

र चित्तलले एक अर्कालाई मद्दत गर्ने गरेका हुन्छन् । भुईंमा घाँस नभएको मौसममा बाँदरहरूले झारेका पात र फलफूलहरू चित्तलहरूले खाने गर्छन् । चित्तलहरूले पाटे बाघ, चितुवा वा अन्य कुनै मांशाहारी जनावर आफूहरू नजिक आएको खबर ढेडू बाँदरलाई गर्छन् । यो प्रजाति घाँसे मैदान र छेउछाउका वनहरूमा बस्दछन् ।

यिनीहरु साधरणतया चर्ने वन्यजन्तु हुन् । यिनीहरु घाँसको अलावा फल, रुखका हाँगा, पात खाने गर्छन् । चित्तल ६५ कि.मि. प्रति घण्टाको गतिमा दौड्न सक्छन् । प्राय झुण्डमा बस्ने यो जनावर पछाडीका खुट्टामा उभिएर, रुखका हाँगा, पात खाने वा रुखमा चिन्ह बनाउने गर्छन् । बाघ, चितुवा वा वन कुकुर, मगरगोही, अजिगंर आदिले चित्तल खाने गर्दछन् ।

## पाइने स्थानहरू

नेपालमा चित्तल सदाबहार, पतझड र खुला घासे मैदानमा तराईका पूर्वमा कोशीटप्पु देखि पश्चिममा शुक्लाफाँटा आरक्षसम्ममा पाइन्छ ।




## चोरी निकासी  र अवैध व्यापारको अवस्था

२०६५ साल देखि २०७० साल सम्मका पछिल्ला ५ बर्षमा अवैध व्यापारका ६ घटना भएका थिए जसमा २ वटा छाला र ६०१ किलोग्राम सुकुटी बरामद भएको थियो ।

## २१.३ लगुना/पाडे, Hog Deer, *Axis porcinus*

## परिचय

चित्तलको दाजोमा यो अलि होचो र पुड्को देखिन्छ । वयस्कको शरीरमा वर्षा याममा केही हल्का सेता थोप्लाहरू देखिन्छन् तर यी थोप्लाहरू चित्तलका जस्तै ठूला, धेरै र चहकिला भने हुदैनन् । भालेको सानो ३ हाँगा भएका सिङहरू



फोटो नं. ६२: लगुना

हुन्छन् । खतराको भान भएमा यसले पुच्छर ठाडो पार्दै र चित्तलको भन्दा सानो आवाज निकाल्दै घाँसेमैदानमा लुक्दै भाग्ने गर्दछ । यसरी भाग्दा मुन्टो भुइँतिर सोझ्याउने गर्दछ । यो प्रायजसो चित्तलको भन्दा सानो बथानमा हुने गर्दछ । यसका बच्चाहरू पनि चित्तलका जस्तै देखिन्छन् । दौडिदा पुच्छर ठाडो पार्नाले तल्लो सेतो भाग देखिन्छ । यसलाई बाघ, चितुवा वा वनकुकुर र अजिगंरले खाने गर्दछ । यो तराईका मध्यम उचाईका घाँसे मैदानमा पाइन्छ ।

### पाइने स्थानहरू

यो नेपालमा कोशी टप्पु र शुक्लाफाटा वन्यजन्तु आरक्षहरू तथा चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहरूमा पाइन्छ । नेपाल बाहेक पाकिस्तान, भारत, बंगलादेश, थाइल्याण्डमा पनि पाइन्छ ।

## २१.४ रतुवा/राते मृग, Northern Red Muntjac, *Muntiacus vaginalis*

### परिचय

यो नेपालमा पाइने मृग प्रजातिहरू मध्य सबैभन्दा धेरै फैलावट भएको मृग हो जसको शरीर चहकिलो रातो खैरो रङ्गको हुन्छ । यसको अगाडिको खुट्टाहरू पछाडिको भन्दा लामो हुन्छ । भाले मृगका माथिल्ला कुकुरे दाँतहरू लामा हुन्छन् । यसले ठूलो आवाजमा कुकुर भुकेझै कराएमा खतराको संकेत र सानो आवाज निकालेमा सामान्य बोली जनाउँछ । यो विशेषत: सदाबहार वनजङ्गलमा पाइन्छ ।



फोटो नं. ६३: रतुवा

### पाइने स्थानहरू

नेपालको तराईदेखि पहाडी क्षेत्रमा पाइन्छ । यो प्रजाति नेपाल बाहेक श्रीलंका, चीन, भारत आदि देशहरूमा पनि पाइन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था



फोटो नं. ६४: चित्तलको एन्टेलर

२०६५ सालदेखि २०७० सालसम्मका पछिल्ला ५ वर्षमा जिल्ला वन कार्यालयहरूमा ६ वटा रतुवा/राते मृग सम्बन्धी घटना दर्ता भएका थिए। समग्रमा वन र संरक्षित क्षेत्रमा अवैध व्यापारका २ घटना र चोरी निकासीका ९ घटना दर्ता भएको देखिएको छ।


## मृगका Antler पहिचान गर्ने तरिकाहरू

- नेपालमा पाइने ६ प्रकारका मृगहरू मध्ये कस्तुरी मृग वाहेक अन्य जातका भालेमा Antler हुन्छन्। यी पाँचवटै मृगको Antler हरू रङ्ग, खस्रोपना र हाँगाको बनावटबाट छुट्याउन सकिन्छ।
- चित्तल, जरायो र लगुनाको सिङमा तीनवाट मात्र हाँगाहरू हुन्छन्।



फोटो नं. ६५: जरायोको एन्टेलर

- चित्तलको सिङको पहिलो हाँगा जरायोको सिङको दाँजोमा पिंधको धेरै नजिकबाट निस्केको हुन्छ। यस हाँगोले मुख्य सिङसँग झन्डै ९० डिग्रीको कोण बनाएको हुन्छ। यसको सिङको मुख्य सिङसँग भएको तेश्रो हाँगो, दोश्रो हाँगोभन्दा सधैं लामो हुन्छ। दोश्रो हाँगो माथितिर मोडिएको हुन्छ। सिङको औसत लम्बाई ८० से.मि. हुन्छ।
- जरायोको सिङको पहिलो हाँगोले मुख्य सिङसँग ९० डिग्रीभन्दा कमको कोण बनाएको हुन्छ। सामान्यत: यसको दोश्रो र तेश्रो हाँगो बराबर लम्बाईका हुन्छन् र सिङको औसत लम्बाई ६५ से.मि. हुन्छ।
- लगुनाको सिङको दोश्रो हाँगो मुख्य सिङसँग ९० डिग्रीको कोण बनाएर



फोटो नं. ६६: बाह्रसिंगाको एन्टेलर

निस्केको हुन्छ । यो हाँगो तलतिर मोडिएको हुन्छ । सिङको औसत लम्बाई ३८ से.मि. हुन्छ ।

- बाह्रसिङ्गाको सिङमा साधारणतयाः ६ वटा हाँगाहरू हुन्छन् । तर ५ वा ६ भन्दा बढी हाँगाहरू भएको पनि हुनसक्छ । सिङको औसत लम्बाई ७५ से.मि. हुन्छ ।
- राते मृगको सिङ छोटो र दुईवटा मात्र हाँगाहरू भएको हुन्छ । सिङको औसत लम्बाई १८ से.मि. हुन्छ ।
- चित्तलको सिङ खस्रो, अलिकति खाल्टाखुल्टी परेको गाढा खैरो रङ्गको हुन्छ ।
- जरायोको सिङ धेरै खस्रो, अलिकति खाल्टाखुल्टी परेको, टुप्पोहरू समतल भएको हुन्छ । यसमा अलिकति सेतोपना भएको हुन्छ ।
- बाह्रसिङ्गाको सिङहरू समतल सतह भएका हल्का पहेंलो-खैरो हुन्छन् ।
- राते मृगको सिङहरू हल्का सेतो-खैरो रङ्गको हुन्छन् ।

## परिवारः बोभिडे (Bovidae)

### २२. हरिण तथा अन्य प्रजातिहरू

यस पुस्तिकामा बोभिडे परिवारका ११ प्रजातिको मात्र जानकारी संकलन गरिएको छ जसमा कृष्णसार Blackbuck, *Antilope cervicapra;* नीलगाई Nilgai, *Boselaphus tragocamelus;* चिरु, Tibetan Antelope, *Pantholops hodgsoni;* चौसिङ्गा, Four-horned antelope, *Tetracerus quadricornis;* घोरल, Goral, *Naemorhedus goral;* झारल, Himalayan Tahr, *Hemitragus jemlahicus;* थार, Himalayan Serow, *Capricornis thar;* गौरिगाई, Gaur, *Bos gaurus;* याक/जंगली चौरीगाई, Wild Yak, *Bos mutus;* नायन, Great Tibetan Argali, *Ovis ammon hodgsoni;* र अर्ना, Wild Water Buffalo, *Bubalus arnee* पर्दछन् ।

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित (कृष्णसार, चिरु, गौर, जंगली चौरीगाई, नायन, चौका र अर्ना); साइटिसको अनुसूचि १ (चिरु, घोरल, थार, गौर, जंगली चौरीगाई र नायन) र अनुसूचि ३ (कृष्णसार, चौका र अर्ना); आइयूसिएन रेड बुकमा संकटापन्न (चिरु, अर्ना), संवेदनशील (गौर, जंगली चौरीगाई, चौका, नीलगाई), लोपोन्मुख (कृष्णसार, घोरल, झारल, थार) समूहमा राखिएको छ ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको उचाई (से.मि.) | शरीरको लम्बाई (से.मि.) | सिंङको लम्बाई (से.मि.) |
|---|---|---|---|---|---|
| कृष्णसार | २५० भन्दा तल | ३२–४२ | ७३–८३ | | |
| चिरु | ३,६००–५,५०० | ४०–५० | ७४–८३ | १३०–१४० | |
| चौका | तराई–५०० | १६ –२१ | ५५–६५ | | ८–१२ (पछाडिका), १–२.५ (अगाडिका) |
| घोरल | ३००–४,००० | २५–३५ | ६५–७० | | |
| झारल | २,५००–५,५०० | ६०–१०० | ८०–१०० | | |
| थार | ५००–३,०५० | ६०–१४० | ९०–११० | १४०–१८० | १५–२५ |
| गौर | तराई–८०० | ६००–१,००० | १६५–१९५ | २५५–३१५ | ९० |
| जंगली चौरीगाई | ४,०००–६,००० | ५००–५५० | १६०–१८० | | |
| नायन | ४,०००–६,००० | ११०–१५८ | ११०–१२० | | |
| अर्ना | तराई–२५० | ८००–१,२०० | १५५–१८० | ३१५ | |
| नीलगाई | ७५ – ३०० | १७०–२४० | १३०–१५० | १७०-२१० | १५-२४ (भालेको) |

## २२.१ कृष्णसार, **Blackbuck,** ***Antilope cervicapra***


### परिचय


फोटो नं. ६७: कृष्णसार (भाले)

कृष्णसारको वयस्क भालेको शरीरको माथिल्लो भाग गाढा खैरो कालो तथा मुनिपट्टि सेतो हुन्छ । वयस्क पोथी, अर्धवयस्क भाले तथा बच्चाहरूको शरीरको माथिल्लो भाग पहेंलो खैरो हुन्छ भने मुनिपट्टिको भाग सेतो हुन्छ । यसको भालेको मात्र सिङ हुन्छन् र सिङहरू लामो, घुमेको र खण्ड खण्ड परेका हुन्छन् । तीन वर्षको उमेर भएपछि भालेहरू गाढा रङ्गका हुन्छन् तथा सिङहरू पलाउँछन् ।

यो प्रजातिको लागि खुल्ला घाँसे मैदान, झाडी भएको ठाउँ र केही छरिएर रहेका रुखहरू भएको ठाउँ बासस्थानको लागि उपयुक्त हुन्छ । यसको बच्चा जन्माउनका लागि जुनसुकै समयमा उपयुक्त भए पनि यिनीहरूको सहवास गर्ने समय भने फाल्गुन देखि जेष्ठ र साउनदेखि कार्तिकमा बढी हुने गर्दछ । पोथी कृषणसार १.५ देखि २ वर्षको उमेरमा सहवासका लागि परिपक्व हुन्छ र धेरैजसो वच्चा जन्मिने समय भनेको नेपालमा जेष्ठ र वैशाख महिनामा हुने गरेको देखिन्छ । यो जन्तु १० देखि १२ वर्षसम्म बाँच्ने गरेको पाइन्छ ।

### पाइने स्थान र संख्या




कृष्णसार नेपालको बर्दिया जिल्लाको खैरापुरमा २७१ को संख्यामा रहेको पाइन्छ र यसको संख्या बढ्दो क्रममा रहेको छ । हाल उपयुक्त बासस्थान देखिएकोले शुक्लाफाँटा वन्यजन्तु आरक्षमा पनि ५० वटा स्थानान्तरण गरी लगिएको छ । नेपाल बाहेक यो प्रजाति भारतमा पनि पाइन्छ ।

### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

कृष्णसारको चोरी शिकार विशेष गरी यसको मासु, छाला र सिङको लागि गर्ने गरेको पाइन्छ ।

### चोरी निकासी र अवैध व्यापारको अवस्था

यसको अवैध शिकार यसको सिङ छाला र मासुका लागि हुने गरेको पाइन्छ । बर्दियाको खैरापुरमा यसको शिकार स्थानीयको संलग्नतामा कहिलेकाही हुने गरेको पाइन्छ । यो प्रजातिले वरपरको बालीनाली नोक्सान गर्ने हुँदा स्थानीयवासीले यसलाई मार्ने गर्दछन् । स्थानीय स्तरमा मासु खानको लागि पनि यसको चोरी शिकार गरेको पाइन्छ ।

## २२.२ नीलगाई/घोडगधा, Nilgai/Bluebull, *Boselaphus tragocamelus*

### परिचय

नीलगाई भारतीय उपमहाद्वीपको एन्टिलोप वर्गको सबै भन्दा ठूलो प्रजाति हो । यसको शरीरको बनावट घोडासंग मिल्दोजुल्दो हुन्छ । वयस्क भालेको रङ्ग निलो

खैरो हुन्छ तर पोथी र बाछ्राको रङ्ग भने हल्का खैरो हुन्छ । घाँटीको तल्लो भाग, थुतुनो, ओठ र पुच्छरको तलतिर सेतो हुन्छ । भालेको गाला निर काला रौको भुप्पो हुन्छ भने भाले पोथी दुबैको गर्धनको माथिल्लो भागमा गाढा रङ्गका रौहरू हुन्छन् । भालेमा साना तीखा र पोथीमा अझै साना सिङ हुन्छन् । यो प्रजाति पानी नपिइकन पनि धेरै समय रहन सक्छ । यसका पोथी र बच्चाहरू सानो समूहमा बस्छन् र यिनीहरूले निरन्तर एकै ठाउमा दिसा गर्छन् ।


फोटो नं. ६८: नीलगाई (भाले)

## पाइने स्थान र संख्या

यो प्रजाति बुट्यान भएका घाँसे मैदान, उजाडिएको वन, नदी तटीय वन र सालवन क्षेत्रमा हुन्छ । यो नेपालको कोशी टप्पु, पर्सा र शुक्लाफाटा वन्यजन्तु आरक्षहरू, बाँके र बर्दिया राष्ट्रिय निकुञ्जहरू तथा कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, रुपन्देही, कपिलवस्तु, नवलपरासी र पर्सा जिल्लाहरूमा पाइन्छ । यो नेपालबाहेक भारत र पाकिस्तानमा पनि पाइन्छ । नेपालमा यसको अनुमानित संख्या ५१७ रहेको छ ।

## अवैध व्यापारमा प्रयोग हुने अंगहरू

यसको मासु स्थानीय स्तरमा खाने गरेको पाइन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था

यसको अवैध शिकार मासुका लागि हुने गरेको पाइन्छ ।


### २२.३ चिरु, Tibetan Antelope, *Pantholops hodgsoni*

## परिचय

चिरु एउटा सानो तर सुन्दर हरिण जातको स्तनधारी वन्यजन्तु हो । यसको रौंहरू एकदम नरम र उच्च कोटीको हुने हुनाले तिनलाई “शाहतूश” अर्थात ऊनको राजा भन्ने गरिन्छ । यसको शरीरको रङ परिवर्तन हुने भएकोले हिउँदमा हल्का पहेंलो खैरो र गर्मी मौसममा हल्का रातो वा पहेंलो खैरो हुन्छ । भालेका

लामा ठाडा र साना आँख्ला भएका सिङ हुन्छन् भने पोथी चिरुमा भने सिङ हुँदैनन् ।

## पाइने स्थानहरू




यसको वितरण तिब्बती पठार भरि ३,६०० मिटरदेखि ५,५०० मिटरसम्मको उचाईमा भएको पाइएको छ। नेपालमा यो प्रजातिको लागि नेपाल तिब्बतको सिमाना आसपासका क्षेत्रहरू विशेष गरी कर्णाली क्षेत्र (उत्तरपश्चिम भाग), मनाङ, मुस्ताङ्ग, अन्नपूर्ण संरक्षण क्षेत्र, र शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज यसका लागि उपयुक्त बासस्थान हो तर यसको बिस्तृत अध्ययन भएको भने देखिन्न ।

## अवैध व्यापारमा प्रयोग हुने अंगहरू

चिरुको अवैध व्यापारमा प्रयोग हुने अंग यसको बहुमूल्य ऊन, शाहतूश हो । यसको रौं एकदमै नरम र उच्च कोटीको हुने हुँदा यसको प्रयोग महङ्गा शल लगायतका वस्त्रहरु बनाउन प्रयोग गरिन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था


फोटो नं. ६९: चिरुको रौंहरू

एउटा शल बन्नका लागि ६ देखि १० वटासम्म चिरुका ऊन चाहिन्छन् । त्यसकारण पनि हिमाली क्षेत्रमा यसको शिकार बढी हुने गर्दछ। यसको संख्या, वितरण र बासस्थानको अवस्थाको बिस्तृत अध्ययनको अभाव भए पनि रा.नि. तथा व.ज.सं. विभागले गरेको अध्ययनमा २००९ देखि २०१४ को बीचमा जिल्ला वन कार्यालय गोरखाले १,१५० किलो ग्राम चिरुको ऊन समातेको प्रतिवेदनमा उल्लेख छ । नेपालका बिभिन्न जिल्लावाट र अन्य मुलुकबाट चिरुलाई मारेर संकलन गरेको शाहतुश र शाहतुशवाट बनाइएका शलहरूको तस्करी हुन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका अनुसार शाहतुशलाई

हुलाकको माध्यमवाट पनि ओसारपसार गर्ने गरेको पाइएको छ । शाहतुशवाट बनाइएको शलहरू प्राय: फिक्का बदामी वा अलि पहेंलो देखिने सेतो रङ्गका हुन्छन् तर तिनीहरूलाई कुनै पनि रङ्गमा रङ्गाइएको हुनसक्छ । शलहरू अत्यन्तै नरम, पातला र हलुंगो हुन्छन् ।


## २२.४ चौका, चौसिङ्गा, Four-horned Antelope, *Tetracerus quadricornis*

### परिचय


फोटो नं. ७०: चौसिंगा

यो नेपाल र भारतमा मात्र पाइने "बोभिडी" वर्गको सबभन्दा सानो चारवटा सिङ भएको जंगली जनावर हो । यसको गर्मीमा  सुनौलो रङ्ग हुन्छ तर जाडोमा हल्का खैरो हुन्छ । भालेका ४ वटा सिङ मध्ये अगाडिका सिङहरू पछाडिका भन्दा साना हुन्छन् । जन्मेको केही महिनादेखि पहिलो जोडी सिङ पलाउछ तर दोश्रो जोडी १० देखि १४ महिनासम्ममा पलाउँछ । यो घाँसको अलावा फलफूल र ताजा पातका मुना खान मन पराउने जन्तु हो । यो रैथाने, निश्चित क्षेत्र ओगटेर बस्ने प्रजाति हो । साधारणतया एक्ला एक्लै पाइएता पनि लजालु भएकाले देख्न गाह्रो पर्दछ । यसले निरन्तर एकै ठाउमा दिसा गर्छ ।

### पाइने स्थानहरू र संख्या




यो तराइको पर्सा वन्यजन्तु आरक्ष र चितवन, बर्दिया, र बाँके रा. नि.हरूमा मात्र पाइएको छ । बाँके राष्ट्रिय निकुञ्जमा १४६ देखि २३६ वटा चौसिङ्गाको अनुमान गरिएको छ (बाँके राष्ट्रिय निकुञ्ज २०७०) ।

## २२.५ घोरल, Goral, *Naemorhedus goral*

### परिचय



फोटो नं. ७१: घोरल

बाख्री जस्तो देखिने घोरलको शरीर खैरोदेखि हल्का कालो खैरोसम्म हुन्छ । छोटो पुच्छर र सिङहरू टुप्पो तीखो भएको, आँख्ला परेका र पछिल्तिर मोडिएको हुन्छन् । यसको चिउँडो र माथिल्लो ओठ सेतो हुन्छ भने घाँटीमा पनि सेतो टाटो हुन्छ । यसको आहार भनेको घाँस, पातहरू, फल र कलिला मुनाहरू हुन् । यसको भाले तथा पोथी तीन वर्षमा परिपक्व हुन्छन् र यो प्रजाति १५ वर्षसम्म बाँचेको देखिएको छ ।

### पाइने स्थानहरू

यो नेपालमा विशेष गरी चुरे र मध्य पहाडी क्षेत्रमा पाइन्छ । यो प्रजाति भारत, चीन, भुटान र पाकिस्तानमा पनि पाइने गर्दछ ।

### अवैध व्यापार हुने कारणहरू

छाला र मासुको लागि

### चोरी निकासी र अवैध व्यापारको अवस्था

घोरलको अवैध शिकार मुख्यतः मासुको लागि गरिन्छ । सिङको प्रयोग घरायशी सज्जाको प्रयोजनमा हुन्छ र छालाको भने अवैध व्यापार राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा भएको छ ।

## २२.६ झारल, Himalayan Tahr, *Hemitragus jemlahicus*

### परिचय


यो विशेषतः समूहमा बस्ने जन्तु हो । पोथी झारल हल्का खैरो रङ्गको हुन्छन् भने भालेको रङ्ग भने उमेर अनुसार फरक पर्दछ । कम उमेरका भालेहरूको रङ्ग पोथीको जस्तै हल्का खैरो हुन्छ तर वयस्क भालेको रङ्ग भने गाढा रातो खैरो

हुन्छ । सिङ्गहरू माथि गएर पछिल्तिर फर्केका हुन्छन् जुन भालेमा पोथीको दाँजोमा ठूलो हुन्छन् । भाले झारलका समूहहरू गर्मी मौसममा उच्च भेगतिर बस्न जान्छन र शरद मौसममा पोथी र बच्चाका समूहसंग फेरि मिसिन्छन् । यसरी यिनीहरूले सबै तिरको खाद्य स्रोतको उपयोग गर्दछन् ।



फोटो नं. ७२: झारल (भाले)

## पाइने स्थानहरू




यिनीहरु भिरालो पहाड र हिमाली घाँसे तथा चट्टान भएका क्षेत्रमा बस्दछन् । नेपालमा अन्नपूर्ण, मनास्लु र कंचनजंघा संरक्षण क्षेत्रहरू, शे-फोकसुण्डो, सगरमाथा, लाङटाङ र मकालु वरुण राष्ट्रिय निकुञ्जहरू तथा कास्की, मनाङ, गोरखा, दोलखा र सिन्धुपाल्चोक जिल्लाहरूमा पाइएका छन् । नेपाल बाहेक चीन र भारतमा पनि पाइन्छन् ।

## चोरी निकासी र अवैध ब्यापारको अवस्था

यसलाई मासु र छालाको लागि स्थानीय स्तरमा मार्ने गरिन्छ । यसको प्राकृतिक बासस्थान भएको क्षेत्र विकट भएकोले केही स्थानीय स्तरमा भएको घटनाहरू कानुनी दायरामा नआएको पनि हुन सक्छन् ।

## २२.७ थार, Himalayan Serow, *Capricornis thar*

## परिचय

हेर्दा थार घोरल जस्तै देखिएता पनि यो घोरल भन्दा निकै ठूलो र गाढा रङ्गको हुन्छ । यसको कान लामो, छोटा खुट्टा,



फोटो नं. ७३: थार

ठूलो टाउको, र शरीरमा काला रौं हुन्छन् । भाले र पोथी उत्रै र उस्तै हुन्छन् । सिङ टुप्पोतिर तिखारिदै गएको र अलिकति पछाडितिर फर्किएको हुन्छ । यो दुई वर्षको उमेरमा वयस्क हुन्छ । यसको जाडो शुरु हुने बेलामा भाले लाग्ने, ७ महिनाको गर्भावस्था रहने र एउटा मात्र बच्चा पाउने हुन्छ ।

### पाइने स्थानहरू

थारहरु बाक्लो जंगल भएको ठाउँमा, निगालोको घारी भएको बासस्थान मन पराउँछन् र खुल्ला ठाउँमा कमै मात्रामा पाइन्छन् । यो विशेषगरी नेपालमा कञ्जनजंघा, मकालु वरुण, सगरमाथा, लाङटाङ, मनास्लु, ढोरपाटन, रारा, खप्तड, शेफोक्सुन्डो, अन्नपूर्ण लगायतका प्राय मध्य पहाडी र हिमाली भेगका सबै संरक्षित क्षेत्रहरूमा पाइन्छ । संरक्षित क्षेत्र बाहिर अन्य जिल्लाहरूमा कञ्चनपुर, इलाम र रामेछापमा पनि पाइएको छ । नेपाल बाहेक यो प्रजाति भारत, चीन र भुटानमा पनि पाइन्छ ।

### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

मासु र छाला

### चोरी निकासी र अवैध व्यापारको अवस्था

थारको मासु र छालाका लागि अवैध शिकार र व्यापार हुने गरेको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २०६९ मा गरेको अध्ययनले उक्त समय देखि ५ वर्ष अगाडिसम्मको तथ्यांक विश्लेषण गर्दा थारको छालाको अवैध व्यापार सम्बन्धी एउटा मुद्दा दर्ता भएको पाइन्छ । यसले यसको शिकार स्थानीय स्तरमा मासु खान र बिक्री वितरणका लागि र यसको छाला राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा बिक्री वितरणका लागि गर्ने गरेको अनुमान सजिलै गर्न सकिन्छ ।

## २२.८ गौरीगाई, गौर, Gaur, *Bos gaurus*

### परिचय


यसलाई गाई परिवारमा विश्वको सवैभन्दा ठूलो शरीर भएको वन्यजन्तु मानिन्छ। अर्ना जस्तै यो पनि दक्षिण एशियाको रैथाने जनावर हो । यो अगाडिवाट हेर्दा भैंसीजस्तो र पछाडिबाट हेर्दा गाईजस्तो देखिन्छ तर भैंसीभन्दा यो धेरै



फोटो नं. ७४: गौर

ठूलो हुन्छ । यसको बलिया, तीखा, पछाडी फर्किएका सिङहरू हुन्छन् । ठूलो टाउको, ठूलो फराकिलो छाती र काँधको मासु उठेको हुन्छ । भाले गौर खरानी रङ्गको टाउको भएको र चम्किलो कालो शरीर भएको हुन्छ । अर्ध वयस्क भाले र पोथीको रङ्ग गाढा रातो-खैरो हुन्छ । भर्खर जन्मेको बाच्छाबाच्छीको रङ्ग सुनौलो पहेंलो अथवा हल्का पहेंलो-खैरो, त्यसपछि हल्का खैरो अनि रातो-खैरो हुन्छ । यसको खुट्टाहरूको घुँडा मुनिको भाग सेतो हुन्छ । यो जनावर लजालु तथा शान्त स्वभावको भएता पनि यसको नजिक परेमा आत्मरक्षाका लागि आक्रमण गर्न सक्दछ । यसको मुख्य खाना घाँसपात र स्याउला हो । कलिला घाँस, कमला हाँगा, बिगा र फूल पनि यसले मन पराउँछ । यो गर्मीको समयमा कलिलो घाँस र पानी खान समथर नदी तटीय क्षेत्रमा आउने गरेको पाइन्छ ।

### पाइने स्थानहरू र संख्या




यो जनावर चुरे क्षेत्रको मिश्रित पतझर जंगल, चौर तथा घाँसे मैदानमा नेपालको चितवन रा. नि. र पर्सा व.ज.आ.मा पाइन्छ भने उदयपुरको त्रिजुगा क्षेत्रमा पनि रहेको अनुमान छ । पर्सा वन्यजन्तु आरक्षमा ४७ वटा (भुसाल २०७१) र चितवन राष्ट्रिय निकुञ्जमा सन् २००७ मा २९७ वटा गौरी गाईको गणना गरिएको थियो ।


**चोरी निकासी र अवैध व्यापारको अवस्था:** हालसम्म जानकारी नभएको ।

## २२.९ जंगली चौरी गाई, Wild Yak, *Bos mutus*

### परिचय

यसको गाढा कालो खैरो रङ्गको शरीर र थुतुनो सेतो-खैरो रङ्ग भएको हुन्छ । ठूलो शरीर र घोप्टो परेको टाउको भएको यस जन्तुको काँध, पेट, छाती, फिलाहरू


र पुच्छरको आधा भाग तलतिर झुल्लिएका लामा रौंहरू हुन्छन् । घर पालुवा याक र चौरी गाईका भन्दा यसका सिङ्हरू ठूला हुन्छन् ।



फोटो नं. ७५: जंगली चौरीगाई

### पाइने स्थानहरू

पहिले मुस्ताङ्ग, डोल्पा र सगरमाथा क्षेत्रमा पाइने यसको अवस्था हाल यकीन थाहा छैन । वि.सं.




२०७१ मा प्रकृतिका साथीहरू नामक संस्थाका अध्ययनकर्ताहरूबाट हुम्लाको लिमी क्षेत्रमा जंगली चौरीगाई फोटो सहित अभिलेखन गरिएको छ ।

### चोरी निकासी र अवैध व्यापारको अवस्था

यसको अवैध शिकार मासु, रौं र पुच्छरको लागि गरिन्छ ।

## २२.१० नायन, Great Tibetan Argali, *Ovis ammon hodgsoni*

### परिचय

यसको जीउको रङ्ग हल्का खैरो हुन्छ । यसको पेट, काँध, छाती, पुच्छर र भित्री भाग प्रायः सेतो फुस्रो रौंले ढाकिए पनि ढाडमा गाढा रौंहरू हुन्छन् । जाडोमा यसका रौं प्रायः पहेंलो देखिन्छन् तर गर्मीमा काँचुली फेरे झैं झर्छन् । संसारमा पाइने जंगली भेडाहरू मध्ये यो सबैभन्दा ठूलो हुन्छ । यसका खुट्टा मसिना र लामा हुन्छन् र शानदार सिङको लागि प्रसिद्ध छ । भालेको सिङ्गहरू पछिल्तीरबाट पूरा घुमेर अगाडि फर्केको र एक मिटरसम्म लामो हुन्छ भने पोथीको सिङ सानो हुन्छ । भालेहरू बसन्त ऋतुमा पोथी र बच्चाको बथानमा




फोटो नं. ७६: अर्गली

मिसिन्छन् । यसको मुख्य खाना घाँस हो । यी नाङ्गा चट्टानमाथि आराम गर्छन् । दिनभरि उच्च पहाडी उपत्यका र खोँचहरूमा चरे पनि आराम गर्न र रात बिताउन भने शत्रुबाट जोगिन सकिने र चारैतिर देखिने अग्लो डाँडो खोज्छन् ।

### पाइने स्थानहरू

पहिले धेरै हिमाली क्षेत्रमा पाइने नायन भेडा हालका दिनमा नेपालमा मुस्ताङ्गको छोजुङ, दामोदरकुण्ड तथा यस आसपासका क्षेत्रहरू र हुम्ला जिल्लामा सिमित रहेका छन् ।




### चोरी निकासी र अवैध व्यापारको अवस्था

यसको अवैध शिकार मासुका लागि गरिन्छ । चिनिया औषधीमा पनि यसको सिङ्ग प्रयोग हुन्छ ।

## २२.११ अर्ना, Wild Water Buffalo, *Bubalus arnee*


### परिचय

अर्नाको आकार प्रकार र रुपरङ्ग घरपालुवा भैसीसंग मिल्ने भएपनि यो भैंसी भन्दा वंशाणुगत रुपमा फरक हुन्छ । यसको ठूलो टाउकोमा लामो र पातलो खालको एक जोडीसिङ बिपरित दिशातिर गई निधारतिर फर्केको हुन्छ । अर्नाको शरीर पूरै कालो र कैला रौंले भरिएको हुन्छ । यिनको घाँटीमा र खुट्टाको घुँडाभन्दा मुनि सेतो रौंले भरिएको हुन्छ । यसले बस्नको लागि घाँसे मैदान, झाडी, बुट्यान, सिमसार क्षेत्र, नदी वा तलाउ भएको ठाउँ मन पराउँछ । यो हिलोमा आहाल बस्ने, पानीमा पौडिने र घाँसे मैदानमा चर्न रुचाउँछ । अर्नाको प्रजनन सामन्यतया पाडी तीन वर्ष भए पछि लायक हुन्छ भने भाले अर्ना भने चार वर्षको भएपछि मात्र तयार हुन्छ । गर्भधारण गरेको १०


फोटो नं. ७७: अर्ना

देखि ११ महिनामा बच्चा पाउँछन् । यिनीहरूको चैत र असार महिनामा प्राय गर्भधारण हुने गर्दछ । अर्नाहरू प्रायजसो १० देखि ४० वटासम्मको समूहमा, उमेर समूह अनुरुप बस्न रुचाउँछन् । यसको जम्मा आयु २० देखि २५ वर्षको हुन्छ ।

## पाइने स्थान र संख्या




अर्नाको लागि उपयुक्त क्षेत्र चितवन राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षमा रहेको भएता पनि यो नेपालको पूर्वी क्षेत्रमा रहेको कोशी टप्पु वन्यजन्तु आरक्ष (१७५ वर्ग कि.मि.) क्षेत्रमा मात्र सिमित भएको छ । कहिलेकाही उक्त आरक्षसंग जोडिएका जिल्लाहरू सप्तरी र सुनसरीका क्षेत्रहरूमा बसाई सर्ने गर्दछन् । यो प्रजाति नेपाल बाहेक अन्य मुलुकहरूमा भुटान, कम्बोडिया, भारत, म्यानमार र थाइल्यान्डमा पाइने गर्दछ । सन् २०१३ मा गरेको सर्वेक्षण अनुसार, नेपालको कोशीटप्पु वन्यजन्तु आरक्षमा २२७ वटा अर्ना रहेको पाइन्छ ।

## अवैध व्यापारमा प्रयोग हुने अगंहरू

यसको शिकार मासु र छालाको प्रयोगको लागि हुने गर्दछ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था

यसको चोरी शिकार स्थानीय स्तरमा मासु र छालाका लागि गर्ने गरेको पाइन्छ । २०६९ साल भन्दा ५ वर्ष अगाडिको तथ्यांकलाई हेर्दा अर्नाको शिकार सम्बन्धी एउटा मुद्दा दर्ता भएको पाइन्छ (रा.नि. तथा व.ज.सं. विभाग सन् २०१४) ।

यो जनावर घरपालुवा भैसीसंग संसर्ग गराई जन्माइएका पाडा पाडीहरू मासु र गाडा तान्ने प्रयोजनका लागि बढी मूल्यमा बिक्री वितरण गर्ने गरेको पाइन्छ ।

## Order: Perissodactyla

## परिवारः राइनोसेरोटीडे (Rhinocerotidae)

### २३. एक सिङे गैंडा, One-horned Rhinoceros, *Rhinoceros unicornis*

रा.नि. तथा व.ज. सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि १, आइयूसिएन रेड बुकमा संवेदनशील ।

**पाइने उचाईः** तराई क्षेत्र, शरीरको तौलः २,०००–२,५०० किलोग्राम, शरीरको उचाईः १८० से.मि., लम्बाईः ३००– ३१५ से.मि. ।


### परिचय



फोटो नं. ७८: एकसिंगे गैंडा

गैंडा, हात्ती पछिको सबैभन्दा ठूलो जनावरको रुपमा चिनिन्छ । गैंडाको शरीरको रङ्ग खरीपाटी फुस्रो हुन्छ । यसको छाला मोटो (५ से.मि. सम्म), दानादार र ठूलोठूलो पत्रहरूमा मिलेर बसेको हुन्छ । यसका बच्चाहरू १ देखि ३ वर्षसम्म पनि आमाकै रेखदेखमा बस्दछन् । त्यसैगरी भाले गैंडा १० वर्षका उमेरमा परिपक्व बन्दछ भने पोथी गैंडा ५ देखि ७ वर्षको उमेरमा परिपक्व हुन्छ । गैंडा घाँसे मैदान र पानी भैरहने क्षेत्रमा बस्न रुचाउँछ । बिभिन्न प्रजातिका घाँस नै यसको प्रमुख खाना हो र यसबाट गैंडाले ६० प्रतिशत आहार प्राप्त गर्दछ । नदी तटमा रहेको काँसका घाँसे मैदानहरू गैंडाको सबैभन्दा महत्वपूर्ण बासस्थान हो ।

### पाइने स्थानहरू र संख्या




हाल विश्वमा करीव ३,२०० को संख्यामा रहेको एकसिङे गैंडा दक्षिण एशियामा मात्र पाइन्छ । ऐतिहासिक रुपमा गैंडा ब्रम्हपुत्र, गंगा र सिन्धु नदी उपत्यकामा वितरण भएको पाइन्छ । हालमा गैंडा नेपालको चितवन राष्ट्रिय

निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष र शुक्लाफाँटा वन्यजन्तु आरक्ष र वरिपरिको क्षेत्रहरू तथा भारतको काजिरङ्गा, मानसर दुधवा राष्ट्रिय निकुञ्जहरूमा मात्र पाइन्छ (Jnawali et.at, 2011)। सन् २०१५ को गणना अनुसार नेपालमा ६४५ वटा गैंडा रहेका छन् जसमा सबभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६०५, बर्दिया राष्ट्रिय निकुञ्जमा २९, शुक्लाफाँटा वन्यजन्तु आरक्षमा ८ वटा र पर्सा वन्यजन्तु आरक्षमा ३ वटा रहेका छन् ।

## अवैध व्यापारमा प्रयोग हुने अगंहरू

मुख्यत: खाग (सिङ) का लागि धनाढ्यहरूले ठूलो बडाहरूलाई उपहार दिन, कोठा सजाउन लगायत औषधीजन्य प्रयोजनका लागि यसको प्रयोग गर्ने गरिन्छ। यसको छाला र खुरहरूको पनि अवैध व्यापार गरिन्छ ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था

गैंडाको खागको विश्व बजारमा अत्यधिक रुपमा अवैध व्यापार हुने गर्दछ । खागको चोरी शिकार र यसको अवैध व्यापार तीन स्तर (स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय) मा रहेको सञ्जालहरू मार्फत व्यवस्थित रुपमा भैरहेको देखिन्छ। गत ५ वर्षभित्र दर्ता भएका वन्यजन्तुसंग सम्बन्धित अपराधहरू मध्ये गैंडाको शिकार (३५), शिकार र अवैध व्यापार (१२) र अवैध व्यापार (२७) भएको देखिन्छ ।



फोटो नं. ७९: गैंडाको खाग



फोटो नं. ८०: गैंडाको खुरहरू

यी तीनै प्रकारका अपराधहरू अन्य वन्यजन्तुको भन्दा बढी रहेको छ र समग्रमा २२ प्रतिशत अपराध गैंडासंग सम्बन्धित रहेको छ (रा.नि. तथा व.आरक्ष विभाग, २०७१) । त्यसैगरी पौडेल (२०१५) ले काठमाडौं, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, र

दोलखा जिल्लालाई आधार बनाएर गरेको अध्ययन अनुसार गैंडाको खागको अवैध व्यापार सम्बन्धी मुद्दा २००९ मा ४ वटा, २०१० मा ४ वटा, २०११ मा ९ वटा, २०१२ मा ७ वटा, २०१३ मा ५ वटा र २०१४ मा ६ वटा दर्ता भएको देखिन्छ । यसले गैंडाको तस्करी र अवैध व्यापार बिस्तारै बढेको र यसको तस्करीको सञ्जाल निकै फैलिएको देखाउँछ ।

खागको व्यापार नेपालबाट अन्य मुलुक जाने नाकामा रहेका बिभिन्न जिल्लाहरू मार्फत बढी भएको देखिन्छ । ती खागहरू नेपालका बिभिन्न बाटो हुँदै तिब्बत र चीन निकासी हुने गरेको पाइन्छ। यसको माग चीन, ताइवान, कोरिया र जापान जस्ता मुलुकमा परम्परागत चिनिया औषधी बनाउन अत्यधिक रहेको छ ।

## खाग पहिचाघन गर्ने तरिकाहरू

- गैँडाको खागको लम्बाई बढीमा २७ से.मि. जति हुन्छ भने औसत बजन ८०० ग्राम हुन्छ । गैँडाको खाग (सिङ) नाकको माथि छालाबाट उम्रेको हुन्छ र यसलाई एक किसिमको रुपान्तरित रौंको झुप्पो पनि भन्न सकिन्छ ।



फोटो नं. ८१: गैँडाको खागको फेदतिरको भाग

- गैँडाको उमेर र अन्य कारणहरूले गर्दा खाग को आकार फरक फरक हुने भएता पनि खागको पिंधमा असंख्य साना साना प्वालहरू हुन्छन् ।
- गैँडाको खाग फुस्रो कालो हुन्छ। यसको टुप्पो साँगुरिदै गएको हुन्छ भने पिंध फराकिलो हुन्छ । खागको तल्लो सतह खस्रो खाल्टाखुल्टी परेको हुन्छ भने टुप्पोसम्म परेको हुन्छ ।

## परिवारः इलिफेन्टिडे (Elephantidae)

### २४. जंगली हात्ती, Asian Wild Elephant, *Elephas maximus*

रा.नि. तथा व.ज. सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि १, आइयूसिएन रेड बुकमा संकटापन्न ।

**पाइने उचाईः** ५०० मि. सम्म, शरीरको तौलः ५,००० किलोग्रामसम्म, शरीरको उचाईः २५०–३०० से.मि. ।


### परिचय



फोटो नं. ८२: हात्ती

नेपालमा पाइने स्तनधारी जनावरमा हात्ती सबै भन्दा ठूलो जनावर हो । यसको शरीरको बनोट निकै गरुंगो किसिमको हुन्छ । यसको टाउको ठूलो, सूँड लामो र ठूला-ठूला नाङ्ला जस्ता कानहरू हुन्छन् । एशियामा पाइने हात्ती अफ्रिकामा पाइने हात्ती भन्दा अलिकति सानो हुन्छ । हात्तीको स्मरण शक्ति मानवको जस्तै हुन्छ र जीवनकाल पनि लामो हुन्छ । यिनीहरू समूहमा बस्ने गर्दछन् र त्यसको नेतृत्व भने पोथी हात्तीले गर्ने गर्दछ । जंगली हात्तीले प्रतिदिन २५० देखि ३५० किलोग्रामसम्म खाने गर्दछ । हात्तीले आफ्नो सूँडको मद्दतले घाँस र रुखका हाँगाहरू भाँची त्यसका पातहरू खाने गर्दछ । विशेष गरी बयर, सिरिस, सिसौ, अमला, कोइरालो, बर र पिपल आदि जातका रुख र अन्य घाँस प्रजातिहरूबाट यसले आफ्नो खानाको आवश्यकता पुरा गर्दछ । हात्तीको शरीर हल्का कालो हुन्छ, छाला चाउरी परेको हुन्छ । यसको ठूलो फराकिला कान र लामो सुँड हुन्छ । भाले हात्तीको माथिल्लो बंगारोवाट निकै बाहिर निस्केका लामो, चुच्चो परेको दाह्रा हुन्छन् जसलाई हस्तिदन्त भनिन्छ । हस्तिदन्त नभएका भाले हात्तीलाई मखना भनिन्छ ।

## पाइने स्थान र संख्या




नेपालको तराई क्षेत्रका प्राय सबै संरक्षित क्षेत्रहरू (कोशी, पर्सा, चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा) मा जंगलीहात्ती पाइन्छन् । यसका अलावा झापा, मोरङ्ग, सिराहा लगायतका अन्य केही जिल्लाहरूलाई यिनीहरूले हिड्ने मार्गका रुपमा प्रयोग गर्ने गरेको पाइन्छ । हाल नेपालमा वन हात्तीको संख्या हेर्ने हो भने करीव १३० देखि १५० सम्म रहेको अनुमान छ । त्यस मध्य पर्सा तथा चितवनमा ४० देखि ५० वटा, बर्दिया राष्ट्रिय निकुञ्जमा करीव ८० वटा र शुक्लाफाँटामा करीव २० वटा रहेको अनुमान छ भने घरपालुवा हात्तीको संख्या १५३ छन् । यो जनावर भारत, श्रीलंका र दक्षिण पूर्वी एशियन देशहरूमा पनि पाइन्छ ।

## अवैध व्यापार हुने कारणहरू

विशेषतः हस्तिदन्त र पुच्छरको रौंको लागि ।

## चोरी निकासी र अवैध व्यापारको अवस्था


फोटो नं. ८३: हस्तदन्तहरू

नेपालका भारतीय सीमासंग जोडिएका पूर्व र पश्चिमका गाउँका जनताहरु जंगली हात्तीको आतंकको कारणले बेलाबेलामा त्रासदीपूर्ण अवस्थामा बसिरहेका हुन्छन् । पाकेको बालीनाली तथा सागपात विनाश गर्ने, खर तथा कच्चा इँटाहरूले बनेका घरहरू भत्काउने साथै ज्यानै मार्ने जस्ता कार्यले तराईका धेरै ठाउँमा समस्या उत्पन्न भइरहेको छ । वन्यजन्तु र मानव बीचको द्वन्दको प्रत्यक्ष उदाहरण जंगली हात्ती नै हो । जसले गर्दा स्थानीय जनताले आफ्नो गाउँवस्ती र बालीनाली जोगाउन बनाएका बिभिन्न संरचना र पासोमा परी यिनीहरुको मृत्यु समेत हुने गरेको छ । उक्त हात्तीको शरीरका बिभिन्न



फोटो नं. ८४: हस्तदन्तहरू

अंगहरू जस्तै हस्तिदन्त र पुच्छरका रौंहरू र हड्डीको अवैध व्यापार स्थानीय स्तरवाट राष्ट्रिय हुँदै अन्तर्राष्ट्रिय बजारमा जाने गरेको पाइन्छ । रा.नि. तथा वन्यजन्तु संरक्षण विभागले सन् २०१४ मा गरेको अध्ययनमा वि.स.२०६६ देखि २०७० सम्मको तथ्यांक अनुसार हात्तीको चोरी शिकार सम्बन्धी ९ वटा र अवैध व्यापारमा संलग्न ८ वटा मुद्दाहरू दर्ता भएको पाइन्छ । यस तथ्यांकले हात्तीको अवैध चोरी शिकार र व्यापार बृद्धि भइरहेको देखाउँछ ।

## हस्तिदन्त र पुच्छरको रौं पहिचान गर्ने तरिकाहरू

- हात्तीको दाह्रा (हस्तिदन्त) को औषत वजन ९.५ किलोग्राम हुन्छ भने लम्बाई २ मिटरसम्म हुन्छ । कुनै भालेमा ठूलो दाह्रा हुदैनन्, त्यस्ता हात्तीलाई मखना भनिन्छ । पोथी हात्तीका दाह्रा साना हुन्छन्, यिनको तस्करी हुने सम्भावना हुँदैन, किनभने यसवाट सामानहरू बिरलै बनाइन्छन् ।
- हस्तिदन्त हल्का पहेँलो सेतो वा सेतो हुन्छ, अरु जन्तुको हड्डीको दाँजोमा बढी कसिलो र भारी हुन्छ । यसको क्रससेक्शन लिएर मेग्निफाइङ ग्लासवाट हेर्ने हो भने थुप्रै रेखाहरूले एक अर्कोलाई काटेर बनेको जालो देखिन्छ ।



फोटो नं. ८५: हस्तदन्तबाट बनेका सामानहरू

- हस्तिदन्त पालिस नगरेको अवस्थामा पनि हड्डीको दाँजोमा बढी चमक भएको हुन्छ ।

- हस्तिदन्तलाई आगोको ज्वालामा पोल्यो भने कालो मात्र हुन्छ डढ्दैन, तर अन्य जनावरका हड्डीहरू आगोमा पोल्दा डढेर अंगार बन्छन् । यो कुरामा ध्यान दिनुपर्छ कि आगोमा धेरै लामो अवधिसम्म पोल्नु हुँदैन नत्र भने हस्तिदन्त पनि डढ्छ ।
- हात्तीको पुच्छरको रौं गाढा वा कालो, मोटो लामो र कडा हुन्छन ।
- हात्तीको पुच्छरका रौं असली छन् भने आगोमा पोल्दा रौं डढेको जस्तो गन्ध आउँछ । यदि कुनै जन्तुको सिङवाट बनाइएका नक्कली रौं छन् भने तिनलाई पोल्दा पनि रौं डढेको जस्तो गन्ध आउँछ, तर कृत्रिम तरिकाले रङ्गाएको हुन सक्ने भएकोले सोको बिचार गर्नुपर्दछ ।

**चराहरू, Aves**

## Order: Gruniformes

## परिवारः ग्रुइडी (Gruidae)

### २५. सारस, Sarus Crane, *Grus antigone*

रा.नि. तथा व.ज. सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि २, आइयूसिएन रेड बुकमा संवेदनशील ।

शरीरको तौलः ७–८ किलोग्राम, शरीरको उचाईः १५७ से.मि. सम्म ।

#### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

फूल, मासु र प्वाँख ।

#### परिचय


सारसको शरीर हल्का खरानी रङ्गको लामो हुन्छ र रातो घाँटीमा सेतो टाउको अनि लामै खुट्टा हुन्छ । मानिसकै हाराहारीमा अग्लो तर लामो घाँटी भएको सारस विश्वकै दुर्लभ पंक्षीहरूको समूहमा पर्दछ । सामान्य चराको भन्दा धेरै लामो र चुच्चो घाँटी हुने यो चरा उड्ने चराहरू मध्येकै सबैभन्दा अग्लो चरा पनि



फोटो नं. ८६ः सारस

मानिन्छ । सारसको मुख्य आहारा भनेको कीरा फट्यांग्रा र सर्प हो । यसको औषत आयु भने ५० वर्षसम्म रहेको अनुमान गरिएको छ । विशेषगरी घाँसपात, अन्न किरा र सरिसृपहरू खाएर बाँच्ने सारस बासस्थान विनाशको कारण दिन प्रतिदिन संकटमा पर्दैछ । त्यस्तै बासस्थान वरपर भएका अव्यवस्थित उद्योगहरूबाट भइरहेको प्रदुषणले पनि सारसको कूल संख्यामा ह्रास आइरहेको बताइन्छ ।

### पाइने स्थानहरू




नेपालमा केही दशक अघिसम्म धानखेतमा समेत प्रशस्तै देख्न सकिने यो चरा पूर्वी नेपालबाट लोप भइसकेको छ । नेपालमा हाल यो चरा रुपन्देही, कपिलवस्तु, नवलपरासी, बाँके, बर्दिया, कैलाली, कंचनपुर जिल्लाहरूमा मात्र पाइन्छ । यो पंक्षी नेपाल बाहेक पाकिस्तान, भारत, बंगलादेश र म्यानमारमा पनि पाइन्छ ।

### चोरी निकासी र अवैध व्यापारको अवस्था

सारसको चोरी शिकार फुल, मासु र प्वाखको अवैध व्यापारका लागि गरिन्छ । त्यसका अलवा सारसका बच्चा चोरी गरी घरमा पाल्न लैजाने प्रवृत्तिका कारण पनि सारस संकटमा परेको हो । बिजुलीको नांगो तारमा अल्झिएर समेत यो पंक्षी मर्ने गरेको छ ।

## परिवारः ओटिडी (Otidae)

### २६. खरमुजुरहरू

नेपालमा दुई प्रजातिका खर मुजुरहरू पाइनछन् । ती हुन् : खरमुजुर, Bengal Florican, *Houbaropsis bengalensis* र सानो खरमुजुर, Lesser Florican, *Sypheotides indica*

रा.नि. तथा व.ज. सं. ऐन २०२९ मा संरक्षित (खरमुजुर, सानो खरमुजुर), साइटिस अनुसूचि १ (खरमुजुर), अनुसूचि २ (सानो खरमुजुर), आइयूसिएन रेड बुकमा अतिसंकटापन्न (खरमुजुर), संकटापन्न (सानो खरमुजुर) ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको उचाई (से.मि.) | शरीरको लम्बाई (से.मि.) | |
|---|---|---|---|---|---|
| खरमुजुर | ३५० भन्दा तल | | | ६६ | |
| सानो खरमुजुर | २५०–१,३१० | ०.५१ –०.७४ | | ४६–५१ | गृष्म आगन्तुक |

## अवैध व्यापारमा प्रयोग हुने अंगहरू

मासु र प्वाँख

## २६.१ खरमुजुर, Bengal Florican, *Houbaropsis bengalensis*


### परिचय



फोटो नं. ८७: खरमुजुर

खरमुजुर लोपोन्मुख प्रजातिको चरा हो । मझौला शरीर हुने यो पंक्षी शान्त एवम् खुल्ला घाँसेमैदानमा पाइन्छ । चौरमा बस्दा यसको ढाडमा भएको कालो संगैको सानो सानो थोप्लाहरू देखा पर्दछन् । बाँकी शरीर भने कालो रङ्गको हुन्छ । पोथी भालेको जस्तो नभएर अलि फुस्रो खैरो रङ्गको हुन्छ । यसको हुटिट्याँउको जस्तो हिंडाई र बकुल्लाको जस्तो उडाइ हुने गर्दछ । यो उड्दा मात्र यसको सेतो रङ्गको पखेंटा प्रष्ट देखिन्छ। खरमुजुरले मुख्य गरी कीरा फट्यांग्रा, पुतली, गाइने कीरा, कमिला, घाँसको कमलो टुसा आदि आहारको रुपमा खाने गर्दछ ।

### पाइने स्थानहरू




खरमुजुर उष्ण प्रदेशीय क्षेत्रमा पाइने चरा भएकोले नेपालमा यो तराईको घाँसे मैदानमा मात्र पाइन्छ । पहिले पहिले यो चरा तराईको प्रायः सबै क्षेत्रमा पाइन्थ्यो तर केही वर्षयता देखि

नेपालको संरक्षित क्षेत्रहरू चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहरू तथा कोशीटप्पु र शुक्लाफाँटा वन्यजन्तु आरक्षहरूमा मात्र सीमित हुन पुगेको छ । प्राकृतिक रुपमा खरमुजुर नेपाल बाहेक भारत र कम्बोडियामा पनि पाइन्छ ।

### २६.२ सानो खरमुजुर, Lesser Florican, *Sypheotides indica*

#### परिचय



फोटो नं. ८८: सानो खरमुजुर

सानो खरमुजुर सानो आकारको, पातलो, लामो घाँटी भएको पंक्षी हो । भालेको टाउकोको प्वाँखहरू दाविलोको टुप्पो आकारको, टाउको, घाँटी र तल्लोभाग कालो र माथिल्लो पिठ्यूँ वारपार सेतो कठालो, नउडेका बेला सेतो पंख ढकनीमा एउटा टाटो जस्तो देखिन्छ तर पखेटा खरमुजुरको भन्दा कम सेतो हुन्छ । यसका पोथी र अल्प वयस्कहरु बलौटे वा गेरुमैला रङ्गका हुन्छन, सानो नाप र पातलो ढाँचा तथा घना चिन्हहरू भएको पंख ढकनी र तेर्सा धर्सा पूर्ण उडान पंखतिर भएको कैलो रङ्गले यो खरमुजुरवाट छुट्याउन सकिन्छ । यो प्रायः केही झाडी सहितका घाँसे मैदान र खेतबारीमा पाइने गर्दछ ।

#### पाइने स्थानहरू

नेपालमा यो तराई क्षेत्रमा विशेष गरी चितवन रा.नि. र कोशी टप्पु वन्यजन्तु आरक्षमा पाइने गर्दछ । नेपाल बाहेक यो पंक्षी भारतमा पाइन्छ ।

## Order: Bucerotiformes

## परिवारः बुसेरोटिडी (Bucerotidae)

### २७. राजधनेश, Great Hornbill, *Buceros bicornis*

रा.नि. तथा व.ज. सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि १, आइयूसिएन रेड बुकमा अतिसंकटापन्न ।

**पाइने उचाईः** १२०–२७४ मि., शरीरको लम्बाईः ९५–१०५ से.मि. ।


## परिचय



फोटो नं. ८९ः राजधनेश

राजधनेश एउटा ठूलो र पहेंलो चुच्चो भएको चरा हो । यसको विशाल पहेंलो ठुँड मञ्जुषा र ठोँड साथै कालो पुच्छरमा सेतो पेटी हुन्छ । घाँटी, पंखरेखी र पृष्ठ पंखाधारमा पहेंलो लेप भएको देखिन्छ । भाले र पोथी दुबै उस्तै देखिने भएपनि पोथी अलिक सानो हुन्छ र पोथीको सेतो उपनानी र भालेमा रातो र ठूँड मञ्जुषाको अन्त्यमा कालो नभएको हुन्छ । यसको बोली चर्को र कर्कश, धेरैजसो युगल जोडीमा कराउने, गोङ्ग-गोङ्ग, गोङ्ग-गोङ्ग हुन्छ । यो प्रजाति तराई र भित्री मधेशको बाक्लो जंगलमा बस्ने गर्दछ । विशेष गरी जंगली फलफूल, साना वन्यजन्तु, चराहरू, छेपाराहरू, सर्पहरू, किराहरू यसको मुख्य आहारा हो ।

## पाइने स्थानहरू




नेपालमा राजधनेश तराई र भित्री मधेश क्षेत्रका बाक्ला जंगलहरूमा पाइने गर्दछ । विशेषगरी चितवन र बर्दिया रा.नि.हरू, पर्सा र शुक्लाफाँटा वन्यजन्तु आरक्षहरूमा यसको मुख्य वसोवास रहेको पाइन्छ । नेपाल बाहेक यो प्रजाति चीन, भारत, बंगलादेश, भुटान, म्यानमार, थाइल्यान्ड, कम्बोडिया, लाओस, भिएतनाम, मलेशिया र इन्डोनेशियामा पाइने गर्दछ ।

## अवैध व्यापारमा प्रयोगहुने अंगहरू

विशेषतः परम्परागत औषधीमा प्रयोग गर्न ठूंडको लागि यसको अवैध शिकार गर्ने गरिन्छ ।

**Order: Ciconiiformes**

## परिवारः सिकोनिडे (Ciconiidae)

### २८. भुँडिफोर गरूडहरू

नेपालमा पाइने ८ प्रजातिका गरूडहरू मध्ये राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को संरक्षित सूचिमा रहेका कालो भुँडिफोर गरुड, Black Stork, *Ciconia nigra* र सेतो भुँडिफोर गरूड, White Sstork, *Ciconia ciconia* को तल बर्णन गरिएको छ ।

रा.नि. तथा व.ज. सं. ऐन २०२९ मा संरक्षित, साइटिस अनुसूचि २ (कालो गरूड), आइयूसिएन रेड बुकमा कम चासो भएको (कालो भुँडिफोर गरूड र सेतो भुँडिफोर गरूड) ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको उचाई (से.मि.) | शरीरको लम्बाई (से.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| कालो भुँडिफोर गरूड | १२०–१,५२५ | ३.२ | १०६ | ९६ | हिउँदे आगन्तुक |
| सेतो भुँडिफोर गरूड | ३०५–९१५ | २.३–४.५ | १०० –१२५ | १०२ | बिरल बटुवा |

### अवैध व्यापारमा प्रयोग हुने कारणहरू

मासु

### २८.१ कालो भुँडिफोर गरूड, Black Stork, *Ciconia nigra*

#### परिचय

कालो भुँडिफोर गरूड जाडो महिनामा तराईमा बसाई–सराई गरी आउने चरा हो । यसको पेटको भाग बाहेक शरीर कालो रङ्गको भुत्लाले भरिएको हुन्छ । यो जमीनमा बिस्तारै निरन्तर हिड्ने गर्दछ । अरु भुँडिफोर जस्तै यो पनि उड्ने बेला



फोटो नं. ९०: कालो भुडिफोर गरुड

आफ्नो घाँटी बाहिर तन्काएर उड्ने गर्दछ  यसले विशेषगरी नदीका किनाराहरू र पानी भएका क्षेत्रहरूमा बस्न रुचाउँछ । यसले बच्चा जन्माउने काम साना साना झिक्राहरू मिलाएर सिमसार भएको कोणधारी र चौडापाते रुखमा गुँड बनाएर गर्दछ तर यो पर्याप्त मात्रामा खोलाहरू भएको पहाडी क्षेत्रमा पनि बस्न रुचाउँछ । यसको आहारा भने माछा, भ्यागुताहरू र कीराहरू नै हो ।

### पाइने स्थानहरू

नेपालमा कालो भुँडिफोर गरुड तराई क्षेत्रका नदी किनारहरू र सिमसार क्षेत्रमा विशेष गरी अन्य देशवाट बसाईसराई गरी जाडो महिनामा आउने गर्दछ । नेपाल बाहेक युरोप, अफ्रिका र एशियाका देशहरूमा पाइने गर्दछ ।

## २८.२ सेतो भुँडिफोर गरुड, White Stork, *Ciconia ciconia*

### परिचय



फोटो नं. ९१: सेतो भुडिफोर गरुड

सेतो भुँडिफोर गरूड बसाई सराई गरी आउने चरा हो । यसको उड्ने पखेटा बाहेक शरीरको अन्य भाग सेतो रङ्गको भुत्लाले ढाकेको हुन्छ । यो जमीनमा बिस्तारै र निरन्तर हिड्ने गर्दछ । अरु भुडिफोर जस्तै यो पनि उड्ने बेला आफ्नो घाँटी बाहिर तन्काएर उड्ने गर्दछ । यसको ठुँड र खुट्टा भने रातो रङ्गको हुन्छ जुन यसको बच्चा वेलामा काला हुन्छन् । यसले विशेषगरी खुल्ला खेतीबाली भएको क्षेत्रमा जहाँवाट पानी भएको सिमसार क्षेत्रहरू नजिकै भएको ठाँउमा रहन रुचाउँछ । यसले बच्चा जन्माउने काम साना साना झिक्राहरू मिलाएर सिमसार भएको रुखमा गुँड बनाएर गर्दछ। यसको मुख्य आहारा भनेको भ्यागुताहरू, ठूलो कीराहरू, चराका बच्चाहरू र छेपारोहरू हो ।

### पाइने स्थानहरू

नेपालमा यसको वितरणको बारेमा पर्याप्त सूचना उपलब्ध छैन तर यसले बसाईसराई गर्ने बेला नेपाललाई आफ्नो मार्गको रुपमा प्रयोग गर्ने गर्दछ । एउटा सेतो भुडिफोर कोशी टप्पु वन्यजन्तु आरक्षमा १९९६ मा पाइएको

थियो । यो प्रजाति प्रायशः सबै महादेशहरू-यूरोप, अफ्रिका र एशियामा पाइने गर्दछ ।

## Order: Galliformes

## परिवारः फ्यासिनिडे (Phasianidae)

### २९. कालिज प्रजातिहरू

फ्यासिनिडे परिवारका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को संरक्षित सूचिमा रहेका डाँफे, Impeyan Pheasant, *Lophophorus impejanus;* मुनाल, Satyr Tragopan, *Tragopan satyra* र चिर कालिज, Cheer Pheasant, *Catreus wallichii* को यहाँ बर्णन गरिएको छ ।

रा.नि. तथा व.ज. सं. ऐन २०२९: संरक्षित, साइटिसः अनुसूचि १ (डाँफे र चिर कालिज), अनुसूचि ३ (मुनाल), आइयूसिएन रेड बुकमा संवेदनशील (चिर कालिज), लोपोन्मुख (मुनाल), कम चासो भएको (डाँफे) ।

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको तौल (किलोग्राम) | शरीरको लम्बाई (से.मि.) | कैफियत |
|---|---|---|---|---|
| डाँफे | ३,३००–४,५७० | | ६३–७० | आवासीय |
| मुनाल | २,५००–३,८०० | १–२ | ५०.५–६३ | आवासीय |
| चिर कालिज | १,८००–३,०५० | १.४–१.७ | ९०–११८ (भाले)<br>६१–७६ (पोथी) | आवासीय |

### अवैध व्यापामा प्रयोग हुने अंगहरू

मासु, अण्डा र प्वाँख

### २९.१ डाँफे, *Impeyan Pheasant, Lophophorus impejanus*



फोटो नं. ९२: डाफे


### परिचय

डाँफे नेपालको राष्ट्रिय चरा हो । भाले डाँफेको टाउको बैजनी, हरियो, घाँटी रातो खैरो, छाती र पेट कालो खैरो र पुच्छर फुस्रो खैरो रङ्गको हुन्छ । हरियो

रङ्गको भालेको जुरो थुमका परेको जस्तो फुर्र परेको हुन्छ। झट्ट हेर्दा पोथी डाँफे मुनाल जस्तो देखिन्छ। पोथीको घाँटी र ढाड सेतो तथा कालो बैजनी रङ्गको हुन्छ। यसले घाँसे बीउ, अन्न, घाँसका टुक्रा, जरा तथा कीरा फट्यांग्राहरू खान्छ। हिमाली भेगतिर डाँफे पासोमा पारी मार्ने गरेको पाइन्छ।

### पाइने स्थानहरू

डाँफे नेपालको उच्च पहाडी भेगमा हुने गोब्रे सल्ला, तालिस पत्र, चिमाल, लालीगुराँस आदिका वन जंगल, घाँसे भीर पाखा तथा जंगलसँग जोडिएको कृषि भूमिमा पाइन्छ। यो नेपाल बाहेक भारत र पाकिस्तानमा पनि पाइन्छ।




## २९.२ मुनाल, Satyar Tragopan, *Tragopan satyra*

### परिचय




फोटो नं. ९३: मुनाल

भाले मुनालको रातो तल्लो भागमा कालो घेराभित्र सेतो थोप्ला र माथिल्लो भाग पीतहरीत खैरो हुन्छ। पोथी कैलोखैरो हुन्छ जसमा सेता रङ्गका थोप्ला र ठाडा धर्काहरू हुन्छन्। यसको बोल गहिरो र विलापपूर्ण, लेग्रो तानेको वाह, ऊ-आह, ऊ-आ आ आ आ आ गरी मुख्यतया बिहान १२-१४ पटक कराउने गर्दछ। यसका पछिल्ला आवाजहरू बढी विलम्बित हुँदैजाने र कुनै समय वाह वाह मात्र पनि गर्ने गर्दछ। यो हिमाली भेगको खस्रु र लाली गुराँसको वन भएको ठाउँमा बस्न रुचाउँछ। यसले मुख्यगरी कीराफट्यांग्रा, पुतली, गाइनेकीरा, कमिला, घाँसको कमलो टुसा आदि आहाराको रुपमा खाने गर्दछ।

### पाइने स्थानहरू

मुनाल नेपालका हिमाली क्षेत्रका खस्रु र गुराँसको वनहरूमा पाइने गर्दछ । नेपाल बाहेक यो पंक्षी भारत, भुटान र चीनमा पाइने गर्दछ ।





## २९.३ चिर कालिज, Cheer pheasant, *Catreus wallichii*

### परिचय


फोटो नं. ९४: चिर कालिज

चिर कालिज विश्ववाटै लोप हुन लागेको चरा प्रजाति हो । यसको लामो, चौडा तेर्सा धर्सा भएको पुच्छर, स्पष्ट कल्की र अनुहारको छाला रातो हुन्छ । भालेमा पोथी भन्दा बढी सफा, र स्पष्ट रुपले अंकित, साथै पिठ्युँमा राम्ररी चिनिने तेस्रा धर्साहरू, चिन्ह रहीत गर्दन र पुच्छर वारपार बढी चौडा तेर्सो धर्सो हुन्छ । विशेष गरी प्रभात पूर्व र साँझमा सम्पर्क गर्न आवाज निकाल्ने गर्दछ । काटेर वा डढेलो लागेर पलाएको घाँसे मैदानहरू र मानिसको बसोबास रहेको क्षेत्रहरू नजिकमा बस्न गर्न रुचाउँछ ।

### पाइने स्थानहरू




यो नेपालको सुदूर पश्चिम देखि पूर्वमा कालीगण्डकी उपत्यकासम्म फैलिएको पाइन्छ। विशेष गरी ढोरपाटन वन्यजन्तु शिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र, र रारा रा.नि. र तिनको वरपरको क्षेत्रमा यसको विशेष बासस्थान रहेको पाइन्छ । नेपाल वाहेक यो प्रजाति पाकिस्तान र भारतमा पाइने गर्दछ ।

## ३०. अन्य चरा प्रजातिहरू


फोटो नं. ९५: अवैध शिकार गरिएका कालिजहरू

नेपालमा संरक्षित चराको सूचिमा परेका बाहेक अन्य सुगा, लाटोकोसेरो, मैना जस्ता चराहरूको अवैध चोरी शिकारी र व्यापार हुने गरेको पाइन्छ ।

**३०.१ सुगा:** सुगाहरु विशेषत हरियो र हरियो मिश्रित रङ्गका हुन्छन् । यिनको छोटो घाँटी, छोटो तथा मजबुत अंकुश जस्तो चुच्चो हुन्छ भने माथिल्लो चुच्चोले पूरै तल घुम्रिएर तल्लो चुच्चोलाई छोपेको हुन्छ ।

**३०.२ बाज:** यस प्रजातिमा चुच्चो अंकुशीको जस्तो आकार भएको हुन्छ । खुट्टाका औंलामा भएका नंग्राहरू लामो, धेरै घुम्रिएका र तीखो हुन्छन् ।


फोटो नं. ९६: लाटोकोसेरो

**३०.३ मैना:** यसको कानबाट निस्केको ठूलो पहेंलो लोती, ठूलो सुन्तले पहेंलो चुच्चो र पखेटामा सेतो टाटो हुन्छ । बच्चा बेलामा यसको लोती र चुच्चो फिक्का हुन्छ ।

**३०.४ लाटोकोसेरो:** यस प्रजातिको ठूलो गोलाकार टाउको, अघिल्तिर फर्किएका ठूलो आँखाहरू, चौडा अनुहार चक्र र छोटो पुच्छर हुन्छ । यिनीहरू मध्ये हाप्सिलो र महाकौशिक प्रजातिका लाटोकोसेरोको धेरै ठूलो र ठाडा कानजुरा हुन्छन् ।

### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

विशेषत घरमा र चिडियाखानामा पाल्न, मासु खान तथा परम्परागत औषधीहरू बनाउनको लागि यी प्रजातिका चराहरूको अवैध संकलन र व्यापार हुने गर्दछ ।

## Order: Crocodilia

### ३१. गोहीहरू, Crocodiles

गोही घस्रने वर्गको प्राणी हो। नेपालमा यसका दुई प्रजाति छन्। ती हुन् घडियाल गोही, Gharial, *Gavialis gangeticus* र मगर गोही, Mugger, *Crocodylus palustirs* ।

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित (घडियाल गोही), साइटिस अनुसूचि १ (घडियाल गोही, मगर गोही) र आइयूसिएन रेड बुकमा अति संकटापन्न (घडियाल गोही), संवेदनशील (मगर गोही)।

घडियाल गोही शरीरको तौल: ६८० किलोग्राम, शरीरको लम्बाई: ६०० से.मि. ।

#### चोरी निकासी र अवैध व्यापार

मासु र छालाका लागि मारिन्छन्।

## परिवार: ग्याभियालिडे (Gavialidae)

### ३१.१ घडियाल गोही



फोटो नं. ९७: घडीयाल गोही

#### परिचय

यसको थुतुनो निकै लामो तथा पातलो हुन्छ जसको मद्दतले आफ्नो मुख्य आहार माछालाई सजिलै समात्न सक्दछ । यो जीवित गोही प्रजातिहरू मध्ये सबैभन्दा ठूलो गोही हो । यो स्वच्छ पानीमा बस्ने गर्दछ । यसको मुख्य आहार माछा हो तर कहिलेकाही कछुवा र स-साना स्तनधारी जनावरहरू पनि खान्छ। पोथी घडियाल वयस्क हुन करीव १० वर्ष लाग्छ जुनबेला यसको लम्बाई २.५ मि. जति हुन्छ। वयस्क भालेको लम्बाई ६ मिटर सम्म हुन्छ र १३ वर्षको उमेरमा यसले प्रजनन गर्न सक्दछ। यसको औषत आयु २९ वर्षको हुन्छ।

#### पाइने स्थानहरू र संख्या

यो गोही नेपालका राप्ती, नारायणी, बबई र कर्णाली नदीहरूमा पाइन्छ । नेपालमा १०२ घडियाल गोही रहेका छन्। त्यसैगरी भारतमा गेरुवा, चम्बल, सोन, केन र महानदीमा मात्र पाइन्छन्।

### चोरी निकासी र अवैध व्यापारको अवस्था

नदी क्षेत्रमा बढ्दो माछा मार्ने काम र यसमा प्रयोग हुने महाजालमा परी मर्ने र अण्डाको चोरी जस्ता कार्यले घडियाल गोहीहरू जोखिममा परेका छन् ।

## परिवारः क्रोकोडाइलिडे (Crocodilydae)

### ३१.२ मगर गोही

### परिचय



फोटो नं. ९८: मगर गोही

नेपालको नदीनाला, ताल, पोखरीमा पाइने यो गोहीले सालभरिमा २० देखि २५ वटा फुल पार्दछ । यसले वर्षमा दुई पटकसम्म फुल पार्दछ तर जंगली अवस्थामा यस्तो पाइदैन । यसको चौडा थुतुना हुनुको साथै छ वटा लामा र १६/१७ वटा तेर्सा छाला मुनि हड्डीका संरचना रहेका हुन्छन् । पुच्छरमा दुई श्रेणीका चेप्टा कत्लाहरू गाभिई टुप्पातिर एउटै भएर जान्छन्, खुट्टा पौडिन सजिलो हुने खालका औंला बीचका छाला जोडिएको हुन्छ । शरीरको रङ्ग माथितिर जैतुनी र तलतिर सेतो-पहेंलो हुन्छ । यो मांशाहारी गोहीले साना साना कीरादेखि स्तनधारी जनावरहरू तथा मानिसको सडेको मासु खान्छ । चितवन रा. नि. र बर्दिया रा.नि.मा भएको गोही प्रजनन् केन्द्रहरूमा यसका बच्चाहरू पालिएका छन् ।

### पाइने स्थानहरू र संख्या

यो गोही नेपालको महाकाली, कर्णाली, बबई, राप्ती, नारायणी, कोशी नदीका साथै शुक्लाफाँटा वन्यजन्तु आरक्ष, चितवन र बर्दिया रा.नि.का पानी जमेका ठाउँहरूमा पाइन्छन् । मास्के र स्लाइच २००२ ले राप्ती र नारायणी नदीमा गरेका सर्वेक्षणमा ५५ वटा मगर गोही पाइएको थियो । सन् २०१२ गरिएको सर्वेक्षणमा राप्ती नदीमा २६ र नारायणी नदीमा २९ मगर गोही पाइएको थियो । हालैको एक सर्वेक्षण अनुसार यिनको संख्या नेपालमा ४०० देखि ५०० सम्म भएको पाइएको छ (बराल र शाह २०१४) । नेपाल बाहेक यी गोही भारत, पाकिस्तान, बंगलादेश, म्यानमार, र इरानमा पाइन्छन् ।

## Order: Squamata

## परिवारः भारानिडे (Varanidae)

### ३२. गोहोरोहरू, Monitors


फोटो नं. ९९: सुन गोहोरो

नेपालमा दुई प्रजातिका गोहोरोहरू पाइन्छन् । ती हुन भैसे गोहोरो, Bengal Monitor, *Varanus bengalensis* र सुन गोहोरो, Golden Monitor, *Varanus flavescens* ।

रा.नि. तथा व.ज. सं. ऐन २०२९ मा संरक्षित (सुनगोहोरो), साइटिस अनुसूचि १ (सुनगोहोरा र भैसे गोहोरो), आइयूसिएन रेड बुकमा कम चासो भएको (भैसे गोहोरो, सुनगोहोरो) ।

**पाइने उचाईः** तराईदेखि १४०० मि. सम्म (सुन गोहोरा), तराईदेखि २८०० मि.सम्म (भैसे गोहोरो), शरीरको लम्बाईः ३६ से.मि. (सुन गोहोरो), ७५ से.मि. (भैसे गोहोरो), पुच्छरको लम्बाईः ४७ से.मि. (सुन गोहोरो), १०० से.मि. (भैसे गोहोरो) ।

#### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

छाला र मासु

#### परिचय


फोटो नं. १००: भैसे गोहोरो

दुबै प्रजातिका गोहोरोहरू झट्ट हेर्दा उस्तै देखिने भएता पनि सुनगोहोरोको शरीरमा माथिल्लो भागमा सुनौला वा रातो-सुनौला पट्टीहरू हुन्छन् र शरीरको रङ्ग अलिकति फुस्रो भएको हुन्छ । त्यसैगरी भैसे गोहोरोको शरीरको माथिल्लो भाग जैतुनी रङ्गको

हुन्छ जसमाथि स-साना काला थोप्लाहरू हुन्छन् । दुबैको शरीरको तल्लो पेटको भाग हल्का पहेंलो भएता पनि भैसे गोहोरोमा त्यहाँ काला थोप्लाहरू हुन सक्दछन् ।

### पाइने स्थानहरू

सुन गोहोरो नेपालको चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहरू, कोशी टप्पु र पर्सा वन्यजन्तु आरक्षहरू लगायतका क्षेत्रहरूमा पाइन्छ । त्यसैगरी भैसे गोहोरो तराई देखि पहाडमा पाइने गर्दछ । सुनगोहोरोहरू नेपाल बाहेक भारतमा पनि पाइन्छन् ।

### चोरी निकासी र अवैध व्यापारको अवस्था

गोहोरोको आकर्षक छालाको अवैध संकलन र व्यापार तराईमा बढी भएको देखिन्छ । केही जाति विशेषले शिकारी कुकुरको सहायताले यिनीहरूलाई मारेर स्थानीय हाट बजारमा बेच्ने गरेको देखिन्छ । यिनको मासुमा औषधीको गुण हुने अन्धविश्वास कारण खाने गरिन्छ । यिनको बोसो औषधीको रुपमा प्रयोग गरिन्छ । गोहोरोको छालालाई डम्फु, डमरु, खैंजडी जस्ता बाद्ययन्त्र बनाउनको लागि प्रयोग गरिन्छ ।

## परिवारः बोइडे (Boidae)

### ३३. अजिंगरहरू, Pythons

नेपालमा रेकर्ड गरिएका दुई प्रजातिका अजिंगर मध्ये बर्मिज अजिंगर, Burmese Rock Python, *Python bivittatus* र इन्डियन वा एशियाटिक अजिंगर, Asiatic Rock Python, *Python molurus* पाइन्छन् ।

रा.नि. तथा व.ज.सं. ऐन २०२९ मा संरक्षित (इन्डियन अजिंगर), साइटिस अनुसूचि १ (इन्डियन अजिंगर), अनुसूचि २ (बर्मिज अजिंगर), आइयूसिएन रेड बुकमा दुबै अजिंगर संवेदनशीलमा राखिएको छ (तर यो विश्लेषण अजिंगरको एउटै प्रजाति स्तरमा गरिएको थियो) ।

### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

मुख्यतया छाला

| प्रजाति | पाइने उचाई (मि.) | शरीरको लम्बाई (से.मि.) |
|---|---|---|
| इन्डियन अजिंगर | २५० भन्दा तल | ६५० (बढीमा ७६२ सम्म) |
| बर्मिज अजिंगर | १०० –२,८०० | ६५० |

## परिचय


फोटो नं. १०१: अजिंगर

दुबै प्रजातिमा चारपाटे टाटा पूरै शरीरभरि भएका हुन्छन् । बर्मिज अजिंगर बढी गाढा रङ्गको रातो देखि खैरो र गाढा क्रिम रङ्गको टाटा गाढा खैरो वा कालो छालामाथि हुन्छ । टाउकोमा त्रिशूल आकारको चिन्ह हुन्छ, जहाँबाट बाँकी टाटा देखिन थाल्छन् । सानादेखि ठूला स्तनधारी पंक्षी, घस्रने जाति र उभयचर जातिका जनावर खाने दुबै अजिंगर मांशाहारी हुन्, जसले तातो रगत भएका प्राणीलाई खाने गर्छन् । यिनीहरू साधरणतया पानी, सिमसार र दलदल नजिकको जंगलमा बस्छन् । पोथीले ८०-१०० वटा अण्डा पारी ६०-८० दिन ओथारा बसी बच्चा कोरल्छन् । बच्चा ४५-६० से.मि. लामा हुन्छन् ।

## पाइने स्थानहरू

इन्डियन अजिंगर बर्दिया जिल्लामा पाइएको छ तर तराईका अन्य भूभागमा पनि पाइने सम्भावना छ । बर्मिज अजिंगर नेपालको तराईमा प्रशस्त पाइन्छ र मध्यपहाडी क्षेत्रमा पनि पाइन्छ । नेपालको तराईको संरक्षित क्षेत्रहरू जस्तै बर्दिया, चितवनमा खेतबारीमा निस्किने गरेको र उद्दारको लागि सम्बन्धित निकायमा खबर गरेको पनि पाइन्छ ।

## चोरी निकासी र अवैध व्यापार

बर्मिज अजिंगर छाला, परम्परागत औषधी, पाल्नको लागि गरिने व्यापार, जस्ता कारणले अत्याधिक उपयोग हुने भएकाले गैर कानुनी व्यापार हुने गरेको पाइन्छ ।

## Order: Testudines

### ३४. कछुवाहरू, Turtles

नेपालमा हालसम्म पाइएका १७ प्रजातिका कछुवाहरू मध्ये १३ प्रजाति कडा खपटा भएका तथा ४ प्रजाति नरम खपटा भएका छन् । यी मध्येका साइटिसको अनुसुचि १ मा परेका ३ प्रजातिका कछुवाहरू, Tricarinate Hill Turtle or Three-keeled Land Tortoise, *Melanochelys tricarinata;* कटैया, Indian Peacock Soft-shell Turtle, *Nilssonia hurum* रबडहर/कैरा, Indian or Ganges Softshell Turtle, *Nilssonia gangetica* हरूको विवरण प्रस्तुत गरिएको छ । बाँकी प्रजातिहरू पनि साइटिसको अनुसुचि २ मा तथा आइयूसिएन रेड बुकमा बिभिन्न प्रावधानमा राखिएका छन् ।

साइटिसः अनुसुचिमा १ (कछुवा, कटैया र बडहर/कैरा), आइयूसिएन रेड बुकमा संवेदनशील (कछुवा, कटैया र बडहर/कैरा)

#### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

मासु र खपटा

| प्रजाति | पाइने उचाई (मि.) | खपटाको उचाई (से.मि.) | शरीरको लम्बाई (से.मि.) |
|---|---|---|---|
| कछुवा | १५०-३५० | ६.५ –६.७ | १४.६– १७.४ |
| कटैया | | | ३९– ४५ (भाले)<br>२४–४१ (पोथी) |
| बडहर/कैरा | १००-३०० | | ९४ |

## परिवारः जियोमाइडिडे (Geoemydidae)

### ३४.१ कछुवा, ठोटरी, पडनी कछुवा Tricarinate Hill Turtle, *Melanochelys tricarinata*

#### परिचय

पूर्ण रुपमा जमीनमा रहने यो कछुवाको खपटामा तीनवटा स्पष्ट देखिने पहेला धर्का हुन्छन् । यसको रङ्ग कालो वा खैरो-कालो हुन्छ भने तलतिर पहेंलो-

खैरो हुन्छ । टाउको कालो हुन्छ भने कहिलेकाँही दुवैतिर रातो धर्को दखिन्छ। साधारणतया सर्बभक्षी, जमीन तथा पानीमा खानेकुरा खान्छ। साधारणतया पतझड जंगलमा पाइन्छ । एउटा देखि तीन वटासम्म फूल पार्ने यसले साठीदेखि ७१ दिनसम्म ओथारो बस्छ। यो कछूवा चितवन रा.नि. को घडियाल प्रजनन् केन्द्र परिसरको २०५६ सालदेखि स्थापित, कछुवा पालन केन्द्रमा पनि पालिएको छ ।



फोटो नं. १०२: कछुवा

### पाइने स्थानहरू

तराईको वन क्षेत्रमा ।

### चोरी निकासी र अवैध व्यापार

आर्थिक वर्ष २०६५/६६ देखि २०६९/७० सम्मको पाँच वर्षमा अवैध व्यापारका दुईवटा घटना पाइएको छ ।

## परिवारः ट्रायोनिचिडे (Trionychidae)

### ३४.२ कटैया, बडहर, कटखिरी Indian Peacock Softshield Turtle, *Nilssonia hurum*

### परिचय

यसको टाउको ठूलो हुन्छ र थुतुनो तल झुकेको हन्छ। टाउकोको रङ्ग हरियो वा कालो, प्रशस्त पहेला धब्बाहरू भएको हुन्छ जुन आँखा पछाडि स्पष्ट देखिन्छ। बच्चाका खपटामा ४ वटा आँखा जस्ता देखिने चिन्ह हुन्छन् साथै प्रशस्त पहेला धब्बाहरू पनि हुन्छन् । यो सर्वहारा कछुवा तराईको बग्ने र जमेको पानीमा पाइन्छ। यो प्रजातिको कछुवाको पोथी भन्दा भाले सानो हुन्छ। यसले २० देखि ३० वटासम्म अण्डा पार्छन्। यिनीहरू प्राय राती सक्रिय हुन्छ।

### पाइने स्थानहरू

यो प्रजाति नेपालको सुनसरी, चितवन र बर्दियामा पाइएका छन् भने नेपाल बाहिर भारत, पाकिस्तान, बंगलादेशमा पनि पाइन्छन् ।

### चोरी निकासी र अवैध व्यापार

मासु खान र परम्परागत औषधीमा प्रयोग हुने भएकोले यसको चोरी निकासी र अवैध व्यापार हुने गरेको छ ।

## ३४.३ कटैया, बडहर कैरा, अभिनासा Indian or Ganges Softshell Turtle, *Nilssonia gangetica*

### परिचय

यो ठूलो टाउको,जैतुनी रङ्ग वा हरियो कालो वा पहलो थोप्ला भएको हुन्छ । अर्धवयस्कमा ४ देखि ६ वटा आँखा जस्तै धर्काहरू देखिन्छन् । गहिरो नदीको बगिरहने पानीमा रहने यसले पानीको सतहबाट लगभग ६ मिनेटमा १ पटकमात्र श्वास फेर्दछ । यसले २५ देखि ३५ वटा अण्डा पार्छ र २६० दिनको ओथारो पछि बच्चा निस्कन्छ । यो जीव एक वर्षसम्म खाना नखाइ पनि बाँच्न सक्छ । यसले माछा, उभयचर, अन्य प्राणी र बिरुवा खान्छ ।

### पाइने स्थानहरू

नेपालमा यो तराईका झापा, सुनसरी, चितवन, रुपन्देही, दाङ, कपिलवस्तु, बाँके, कैलाली, बर्दिया, कन्चनपुर जिल्लाहरुमा पाइएको छ भने नेपाल बाहेक भारत, चीन, पाकिस्तान, अफगानिस्तान, बंगलादेश लगायतका देशहरूमा पनि पाइएको छ ।

### चोरी निकासी र अवैध व्यापार

यो जीव मासु खान र परम्परागत औषधीका लागि मारिने गरिएको पाइन्छ ।

### अन्य विवरण

कछुवा मासु खानको लागि, परम्परागत औषधीको रुपमा प्रयोग गर्न, खपटा सजावट, र क्यूरियोको सामानहरू बनाउन र अन्धविश्वासका कारण पाल्नको



फोटो नं. १०३: कछुवा

लागि प्रयोग गरिन्छ । कछुवाको मासु, अण्डा र खपटाको अवैध संकलन र व्यापार गरिन्छ । कछुवाको मासु खाएको खण्डमा धेरै रोगहरू निको हुने अन्धविश्वास पनि छ। खपटाबाट पनि औषधी र जन्तर बनाउने गरिन्छ। तराईका गाउँघरमा जिउँदो कछुवा वा कछुवाको खपटा मात्र पनि घरमा राख्यो भने चट्याङ्ग पर्दैन भन्ने विश्वास गरिन्छ । जिउँदो कछुवालाई भाकल गरेर मठ मन्दिर र नजिक भएको पोखरीमा छोड्ने गरेको पनि पाइन्छ। जीवित कछुवा र कछुवाको अण्डालाई तस्करहरूले आफ्नो शरीरमा लुकाएर लैजाने गरेको पाइन्छ। कछुवाहरू विषालु नहुने भएता पनि यिनीहरूले टोकेर नराम्रोसंग घाउ पार्न सक्छन् । त्यसैले जिउँदो कछुवालाई हातले समात्दा पछिल्तिरको खुट्टा र पुच्छर भएनिर सावधानीपूर्वक समात्नु पर्दछ ।

## परिवार: गेक्कोनीडे (Gekkonidae)

### ३५. माउसुली, टोके–टोके, Wall Lizard, Tokay *Gekko gecko*

**पाइने उचाई:** २४०–६१० मि., शरीरको तौल: १५०–४०० ग्राम, लम्बाई: २८– ५१ से.मि.।

#### अवैध व्यापारमा प्रयोग हुने अंगहरू

संपूर्ण शरीर

#### परिचय

रातीको समयमा सक्रिय हुने यो माउसुलीको शरीरमा हल्का पहेंलोदेखि चम्किलो रातो थोप्लाहरू (निलो वा कैला) स्पष्ट देखिएका हुन्छन्। यो रुख वा घरमा बस्छ । पोथीले एक वा दुईवटा कडा



फोटो नं. १०४: माउसुली

खोल भएको फुल पार्छ र बच्चा नभएसम्म कडा सुरक्षा दिएर बस्छ । यसले कीरा फट्याङग्रा र स-साना मेरुदण्डीय प्राणी खान्छ ।

### चोरी निकासी र अवैध व्यापार

टोके-टोके प्रजातिको ठूलो माउसुलीलाई हजारौ यु.एस. डलरसम्म पनि हालेर किन्छन् भन्ने सुनिन्छ। यसको औषधी हुन्छ भन्ने भ्रमपूर्ण तर्कले गैरकानुनी व्यापार हुने गर्दछ। भियतनाम र चीनमा यसको औषधीय महत्वको कारणले भित्रिन्छ। नेपालमा २०६५ देखि २०७० सम्मको ५ वर्षमा यसको दुईवटा घटनामा जिउँदै पूर्ण शरीर सहित अवैध कारोवार गर्ने व्यक्तिहरू समातिएका थिए ।

## माछाहरू, Pisces

## Order: Syngnathiformes

## परिवारः सिङनाथिडे (Syngnathidae)

### ३६. सिहर्स, Seahorse (*Hippocampus spp.)*

### परिचय



फोटो नं. १०५: सिहर्स

नेपालमा नपाइने ५४ प्रजातिका सिहर्स माछाहरू समुद्री घाँसका सतह, कोरल रिफ वा म्यानग्रुभमा पाइन्छन् । यी माछा १.५ देखि ३५.५ से.मि.सम्म लामा हुन्छन् । यी हड्डी भएका माछा हुन् तर यिनीहरूको कत्ला हुँदैनन् । पातलो छाला शरीरभरि एक पछि अर्को रिङ जस्तो हुन्छन् । यिनीहरूको लामो थुतुनोले खाना सोसेर खान्छ र आँखा अलग अलग चल्ने र हेर्ने खालका हुन्छन् ।

अनियमित संकलन र बासस्थान विनासको कारण यो प्रजाति लोप हुने अवस्थामा छ । परम्परागत चाइनिज उपचार पद्धतिमा पनि बिना अध्ययन र परीक्षण

उपयोगी हुन्छ भन्ने मान्यतामा प्रयोग भैरहेको छ । यसरी वर्षेनि लगभग २ करोड सिहर्स माछाहरू अवैध रुपमा संकलन भई उपयोग गरिन्छन् । यी माछा इन्डोनेसिया, फिलिपिन्स र अन्य मुलुकका मानिसले पनि उपयोग गर्छन् । हाल सिङ्गा सिहर्सको बदला साना बच्चा वा प्याकेजिङ्ग गरिएका धुलोको पनि खरिद बिक्री गरिने भएकाले थप समस्या उत्पन्न भएको छ ।

सुकेको सिहर्स माछा ६०० देखि ३००० यु.यस. डलर प्रति किलोमा बिक्री वितरण भैरहेको छ भने ठूलो र नरमले बढी रुपियाँ पाउँछन् । यिनीहरू एक देखि पाँच वर्ष बाच्छन् । यी थोरै पानी भएको उष्णदेखि शीतोष्ण क्षेत्रको समुद्री पानीमा पाइन्छन् ।

## चोरी निकासी र अवैध व्यापार

नेपालमा २०६५ सालदेखि २०७० सालसम्मको ५ वर्षमा तीन वटा अवैध व्यापारको घटना पाइएका छन् जसमा २ वटा सिहर्स पूर्ण शरीर सहित गरेर २२.५ किलोग्राम परिमाण बरामद भएको थियो । यी अवैधरुपमा निकासी गर्न लागिएका सिहर्स प्रजातिका माछाहरू काठमाडौं र सिन्धुपाल्चोकमा समातिएका हुन् ।

k

# वनस्पतिहरू

k

## ३७. यार्सागुम्वा, संजीवनी, जीवनबुटी, कीरा, कीडास; Yarshagumba, Himalayan Viagra, Caterpillar fungus, *Ophiocordyceps sinensis*

**संरक्षित वनस्पति** (नेपाल सरकार २००५): नेपाल सरकारले यसलाई प्रशोधन नगरी विदेश निकासीमा प्रतिबन्धित प्रजातिको सूचिमा राखेको छ र जिल्ला वन कार्यालय वा वन विभागवाट अनुमति लिई संकलन गरिएको मात्र निकासीको लागि मान्यता प्रदान गर्ने गरिएको छ । हिमाली क्षेत्रका लागि यो रैथाने प्रजाति हो (आइयूसिएन, २००१) ।

### परिचय


यार्सागुम्वाको वास्तविक नाम यार्चागुम्वु हो जुन तिव्बती भाषाबाट आएको हो । नेपालमा यसलाई कीरा, यार्चागुन्वु, जीवनबुटी आदिका नामले चिनिन्छ । यो बिरुवा च्याउ र पुतलीको लार्भा मिलेर बनेको हुन्छ । हल्का खैरो पहेंलो रङ्गको यो लार्भाको चार जोर खुट्टा प्रष्ट देख्न सकिन्छ । यसको टाउकोमा ५ देखि ८ से.मि लामो च्याउ पलाएको हुन्छ ।



फोटो नं. १०६: यार्सागुम्वा

### प्राकृतिक बासस्थान

यार्सागुम्वा करीव ४,२५० देखि ४,९०० मिटरसम्मको उचाईमा पाइन्छ । नेपालमा यो उत्तरी भेग डोल्पा, जुम्ला, मुगु, हुम्ला, मनाङ, मुस्ताङ्ग, दार्चुला, बझाङ, रसुवा, रुकुम, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ्गका माथिल्लो भेगका नांगा, भिरालो, घाँसे मैदानहरूमा



पाइन्छ । त्यसैगरी, चीन, भारत र कोरियाका केही उच्च भूभागहरूमा प्रशस्त मात्रामा पाइन्छ ।

### उपयोग हुने भाग

यो बिरुवाको कीरा सहितको पुरै भाग उपयोग गरिन्छ ।

### संकलन समय

बसन्त ऋतुको आगमन संगै हिँउ पग्लन्छ र तत्पश्चात जमीनमा घाँस उम्रन्छ र यसैसंग यार्सागुम्वाको पनि जमीनमा च्याउ भाग निक्लन्छ र त्यही समय यसको उपयुक्त संकलन समय हो । मुख्यतया नेपालमा बैशाखदेखि असारसम्म यसको संकलन समय हो ।

### प्रयोग

यसको प्रयोगले फोक्सो, कलेजो, र मिर्गौला मजबुत हुने भनाई छ । यो खोकी, दम, क्षयरोग, नपुंसकता तथा लामो बिरामी पछि उठेकालाई तागत बढाउनका लागि प्रयोग गरिन्छ । यसलाई क्यान्सर रोगको उपचारमा पनि प्रयोग गर्न थालिएको छ । आधुनिक अनुसन्धानले पनि यो स्नायु सम्बन्धी रोगमा, निद्रा लगाउन, स्वास सम्बन्धी रोगमा र कोलेस्टोरेल घटाउन उपयोगी देखिएको छ । यसमा रोग प्रतिरोधात्मक क्षमता पनि पाइएको छ ।

### पहिचानको आधारहरू

- राम्रो यार्सागुम्वा सुनौलो रङ्गको हुन्छ ।
- यार्सागुम्वाको टुप्पातिरको भाग मृत झुसिलकीरा हो र फेदतिरको डाँठ सुकेको गाढा रङ्गको च्याउ हो ।
- यो च्याउ र पुतली लार्भा मिलेर बनेको हुन्छ ।
- हल्का खैरो पहेंलो रङ्गको यो लार्भाको चार जोर खुट्टा प्रष्ट देख्न सकिन्छ । कीराको टाउकोबाट शुरुमा खैरो र सुकेपछि कालो देखिने ५ देखि ८ से.मि. लामो च्याउ पलाएको हुन्छ ।
- कीरालाई भाँचेर हेर्दा भित्र सेतो हुन्छ तर परिपक्व भइसकेपछि कीराको पेट खोक्रो हुन्छ । कीराको भाग चपाउँदा हल्का गुलियो (दुधिलो) हुन्छ ।

## परिवारः भ्यालेरिनेसी (Valerianaceae)

यो वानस्पतिक परिवार भ्यालेरिनेसी अन्तर्गतका दुई प्रजाति जटामसी/भुल्ते/वाल्छड, Spikenard, *Nardostachys grandiflora* र सुगन्धवाल/समाया/नाक्पो/सीमजडी, Indian valerian, *Valeriana jatamansii* को वर्णन गरिएको छ।

| प्रजाति | संरक्षित वनस्पति (नेपाल सरकार २००५) | साइटिस अनुसूचि | आइयूसिएन २००१ | क्याम्प नेपाल, २००१ | रैथाने |
|---|---|---|---|---|---|
| जटामसी | प्रशोधन नगरी विदेश निर्यातमा प्रतिबन्धित। जिल्ला वन कार्यालय वा वन विभागवाट अनुमति लिई संकलन गरिएको मात्र मान्य हुने | २ | संकटापन्न | सम्बेदनशील | हिन्दूकुश हिमालय क्षेत्र |
| सुगन्धवाल | | उल्लेख नभएको | सम्बेदनशील | सम्बेदनशील | |

### ३८.१ जटामसी


#### परिचय



फोटो नं. १०७: जटामसी

जटामसी एउटा बाह्रमासे बहुवर्षीय सुगन्धित बिरुवा हो। यसको उचाई झण्डै ६० से.मि.सम्म भएको पाइन्छ। जटामसीको काण्ड ( गाना ) जमीन माथिबाट मुनिसम्म फैलिएको हुन्छ। जमीन मुनि रहेको मोटो काण्डलाई राता, खैरा झुस तथा रौ जस्ता जराहरूले छोपिएको हुनाले नै यसको नाम जटामसी भनिएको हुनु पर्दछ। जमीन माथिको काण्डबाट पात आउने र फूल फुल्ने हुन्छ। अण्डाकार, लाम्चो पातको लम्बाई ६ से.मि. सम्म हुन्छ। फूलहरू गुलावी, पियाजी र सेतो रङ्गका हुन्छन्।

## प्राकृतिक बासस्थान




जटामसी नेपालको मध्य तथा सुदूर पश्चिम क्षेत्रको ३,०००-४,५०० मिटर उचाईमा पाइन्छ । नेपालमा जटामसीको बासस्थान खासगरी उच्च हिमाली भेगमा पर्ने मुस्ताङ्ग, गोरखा, कर्णाली प्रदेश र दार्चुलासम्म फैलिएको छ । हिमाली धुपी, गुराँस, पाटन क्षेत्र तथा ढुंगााका खोंचहरू भएको उत्तरी मोहडामा यसको फैलावट प्रसस्त हुन्छ । यो भारतको पञ्जाबदेखि सिक्किमसम्म, भुटान, चीनको दक्षिण पश्चिम भागमा पनि भेटिन्छ । नेपालबाट निकासी हुने कूल जटामसीको परिमाण मध्ये ५० प्रतिशत भन्दा बढी कर्णाली अञ्चलबाट मात्र निकासी हुन्छ । जटामसीको बिरुवासंग तल्लो भेगमा भोजपत्र, सुनपाती, हिमाली धुपी हुन्छन् भने माथिल्लो क्षेत्रमा पदमचाल, पाँचऔले समेत मिश्रित भएको पाइन्छ ।

## अवैध व्यापारमा प्रयोग हुने भाग

यसको जरा (राइजोम) र काण्ड तेल निकाल्न र औषधीका लागि उपयोग गरिन्छ ।

## संकलन समय

आश्विन देखि कार्तिक महिनामा यसको संकलन गरिन्छ ।

## उपयोग

जटामसीको काण्डबाट सुगन्धित तेल निकालिन्छ जुन सुगन्धित धूप र अत्तर निर्माणमा व्यापक मात्रामा प्रयोग गरिन्छ । यसको काण्डको सारतत्व कलेजोको रोग, छारे रोग आदिको उपचारमा प्रयोग हुन्छ ।

## पहिचानको आधारहरू

- माथितिर फुकेको र तलतिर साँघुरिएको जमीन मुनिको काण्ड (राइजोम) राता र खैरा रौं जस्ता बाक्ला भुत्लाहरूले ढाकिएका हुन्छन् । यसै कारणले यसलाई स्थानीय भाषामा भुत्ले भन्ने गरिन्छ ।

- काण्डहरूको भित्री रङ्ग सेतो खाले हुन्छ। यसको मूल जरो पहेंलो, २० देखि ३० से.मि. सम्म लामो र २ देखि ७ वटा र कहिलेकाही १२ वटा सम्म काण्डहरूसंग थेगिएको हुन्छ।
- बास्नादार, सुगन्धित करीव ६ देखि ९ से.मि. लामा आलो वा सुकेको काण्ड तथा जराहरू बजारमा बेच्न योग्य मानिन्छन्।
- पातहरू साधारण, जमीनको सतह नजिकको काण्ड वरिपरिवाट पलाएका पातहरू लामा भालाकार वा चम्चाकारका हुन्छन। फूल फुल्ने काण्डवाट पलाई आएका पातहरू अण्डाकार किसिमका लामा हुन्छन्।


## ३८.२ सुगन्धवाल

### परिचय


फोटो नं. १०८: सुगन्धवाल

सुगन्धवाल बहुवर्षीय गानो हुने, सुगन्धित र औषधीय वनस्पति हो। नेपालमा यसलाई समायो पनि भनिन्छ र यसलाई स्थानीय स्तरमा धूप तथा औषधीको लागि र व्यापारमा सुगन्धित तेल उत्पादन गर्न सबैभन्दा महत्वपूर्ण मानिन्छ। यो फागुन देखि भदौ सम्म फूल्ने गर्दछ।

### प्राकृतिक बासस्थान




सुगन्धवाल शीतोष्ण र हिमाली प्रदेशको २,००० देखि २,७०० मिटरसम्मको उचाईमा ओसिलो ठाउँमा पाइन्छ। यो नेपालको पूर्वदेखि पश्चिमसम्मका प्रायजसो सबै पहाडी जिल्लाहरूमा लालीगुँरास, ओखर, ढटेलो, मयल, लौठ सल्ला आदिको वनमा पाइन्छ। पश्चिम नेपालका पहाडी जिल्लाहरूमा यो लालीगुँरास र सल्लाको जंगलमा बढी मात्रामा पाइन्छ। यसको वितरण तथा बिस्तार अफगानिस्तान, कश्मीर, उत्तर-पश्चिम भारत, सिक्किम, उत्तर-पूर्व भारत, भुटान, म्यानमारदेखि दक्षिण-पश्चिम चीनसम्म रहेको छ।

## अवैध व्यापारमा प्रयोग हुने भाग

जरा र काण्ड

## संकलन समय

यसका पातहरू पहेँलो भएर झर्न थालेपछि जरा संकलन गर्ने उपयुक्त समय थाहा हुन्छ जुन असोजदेखि मंसिरसम्ममा हुने गर्दछ ।

## उपयोग

जरा तथा जमीन मुनिको काण्ड औषधीको रुपमा प्रयोग हुन्छ जुन आँखाको समस्या, घाँटी दुखेको, अपच तथा घाउमा प्रयोग हुन्छ । एलर्जी, टाउको दुखेको, खोकी लागेको, चीसो र टन्सिलको उपचारमा पनि यी भागहरू उपयोगी हुन्छन् । काण्ड र जराको प्रयोगले जीवाणुसँग लड्ने क्षमताको विकास गर्दछ साथै रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । सुगन्धित तेललाई अत्तर, सौन्दर्य प्रशाधनका सामग्री अथवा अन्य औद्योगिक वस्तुहरू उत्पादन गर्न व्यावसायिक रूपमा प्रयोग गरिन्छ । उक्त तेल कपालमा लगाउने तेल बनाउन, अत्तर र अगरबत्ती बनाउन र स्नायुसम्बन्धी रोगहरूको उपचारमा प्रयोगमा आउँछ ।

## पहिचानका आधारहरू

- जमीन मुनिको काण्ड २.५ देखि १२ से.मि. सम्म लामो तथा २ देखि ५ से. मि. सम्म मोटो खैरो तथा कैला र धेरैजसो रेसमी रातो तथा खैरो जरा सहित मसिना जराहरूले माथि तथा तल दाग भएको पातले ढाकिएको हुन्छ ।
- काण्डको धुलो हल्का बास्नादार र खैरो रङ्गको हुन्छ ।
- सुगन्धवालको जरा तथा काण्ड जटामसीको जस्तो देखिने भएकाले यसलाई नक्कली जटामसी पनि भनिन्छ, त्यसैले यसलाई मिसावटको रुपमा पनि प्रयोग गरिन्छ तर सुगन्धवालको जरा तथा काण्डमा झुत्लाहरू हुँदैनन् र गुलावी नरम मसिना त्यान्द्राहरूले बेरिएका हुन्छन् ।

## ३९. कुट्की, कटुकी; Picrorhiza, Gentian, Kurroa, Hellebore; *Neopicrorhiza scrophulariiflora*

**रैथाने:** हिन्दूकुश हिमालय क्षेत्रमा मात्र पाइने, आईयूसिएनको रातो किताबमा संकटापन्न तथा संरक्षित वनस्पति भएकोले प्रशोधन नगरी विदेश निर्यातमा प्रतिबन्धित छ (नेपाल सरकार २००५) अतः जिल्ला वन कार्यालय वा वन विभागबाट अनुमति लिई संकलन गरिएको मात्र मान्य हुन्छ।


### परिचय

कुटकी झांगिएर फैलिने एउटा बहुवर्षीय बिरुवा हो। यसको उचाई ५-१० से.मि. सम्म हुन्छ तर जमीन मुनिको डाँठ (काण्ड) तेर्सो परी फैलिएको लामो हुन्छ । यसै काण्डवाट पातहरू जमीन बाहिर सोझै पलाउँछन्। पंखेटा आकारका पातको लम्बाई ६ से.मि. सम्म पाइन्छ । प्याजी रङ्गका फूलहरू एउटै डाँठमा धेरै फुलिरहेका देखिन्छन । कुट्कीको डाँठ र मूल जराको रङ्ग गाढा हुन्छ । काण्ड र जरा चपाउँदा ज्यादै तीतो स्वाद हुन्छ ।



फोटो नं. १०९: कुटकी

यसको जमीन मुनिको काण्ड औषधीको लागि उपयोगी हुने हुँदा यसको बिरुवा संकलन गर्दा पुरै उखेल्नु पर्ने हुन्छ। अतः होसियार नभई यसको संकलन गर्दा समूल नष्ट हुने संभावना प्रबल देखिन्छ। कुटकीको नयाँ बिरुवा सिर्जना गर्न जमीन मुनिको काण्ड नै उपयोगी छ। त्यसैले संकलनकर्ताले बिरुवा उखेल्दा यसको केही भाग जमीन मुनि छोड्नु नै नयां बिरुवा उमार्ने सबै भन्दा उत्तम तरिका हो।




### प्राकृतिक बासस्थान

कुट्की नेपालको मध्य तथा सुदूर पश्चिम क्षेत्रको ३,५००-४,८०० मिटर उचाई भएको भिरालो चट्टानी भागमा

वा चट्टान फुटेर बनेको बलौटे माटोमा पाइन्छ । कुट्की नेपाल वाहेक भारतको गढवालदेखि भुटान, दक्षिण पूर्वी तिव्बत, उत्तरी म्यानमार र पश्चिमी चीनमा पनि प्रशस्त मात्रामा पाइन्छ ।

### अवैध व्यापारमा प्रयोग हुने भाग

जरा र काण्ड

### संकलन समय

आश्विन देखि कार्तिक महिनामा यसको संकलन गरिन्छ ।

### उपयोग

जमीन मुनिको काण्ड पाचन, दुखेको, सुन्निएको, ज्वरो र झाडावान्तामा औषधीको रुपमा प्रयोग गरिन्छ । काण्ड वा जराकोधुलो हेपाटाइटिस र दममा प्रभावकारी मानिन्छ किनभने यसको जरा र काण्डवाट Picroliv and kutkoside हरू निस्कन्छ जुन रोग प्रतिरोधात्मक हुन्छ र शरीरको आत्मवल बढाउने खालको हुन्छ ।

### पहिचानको आधारहरूः

- जमीन मुनिको काण्ड बेलना आकारका ३ देखि ७ से.मि. लामो कलम भन्दा ठूलो नहुने, घस्रन सुरु गर्ने तथा पत्रे पातहरूले ढाकिएको हुन्छन् ।
- सुख्खा जमीन मुनिको काण्ड बेलनाकार कडा कैलो, खैरोसंगै भएका जरामा अनगिन्ती वृत्ताकार टाटो भएका तथा साना मसिना फुटेका तथा लम्बाईतिर चाउरी परेका हुन्छन् ।

## ४०. लौठ सल्ला, वर्मे सल्ला; Himalayan Yew, Common Yew ; *Taxus wallichiana*

### रैथानेः


हिमाली क्षेत्रमा पाइने, आइयूसीएनको रेड बुकमा संकटापन्न, संरक्षित वनस्पति, प्रशोधन नगरी विदेश निर्यातमा प्रतिबन्धित गरिएको (नेपाल सरकार २००५) यो वनस्पति साइटिसको अनुसूचि २ मा राखिएको छ ।

### परिचयः


फोटो नं. ११०: लौठसल्ला

लौठ सल्ला सानो आकारको सदाबहार प्रजातिको रुख हो । यसको छिप्पिएको पात कात्तिकदेखि चैतसम्ममा टिपिन्छ । डोल्पा जिल्लामा यसको पातहरू प्रशस्त रुपमा घर छाउने काममा प्रयोग गरिन्छ जसको परिणाम स्वरुप यो लोप हुने स्थितिमा छ । यसको २० से.मि. भन्दा बढी व्यास भएको रुखवाट मात्र पातहरू संकलन गर्न सकिन्छ । यसको पात झर्नु अघि फागुन चैतमा नै संकलन गर्नु पर्दछ ।

### प्राकृतिक बासस्थानः




यो प्रजाति नेपालमा १,८०० देखि ४,००० मिटरसम्मको उचाईमा पाइन्छ ।

### संकलन समय

यसको २० से.मि. भन्दा माथि व्यास भएको रुखबाट मात्र पात संकलन गर्न सकिन्छ । यसको पात झर्नु अघि फागुन चैतमा नै संकलन गर्नु पर्दछ ।

## अवैध व्यापारमा प्रयोग हुने भाग

पात, बोक्रा, हाँगा तथा काठ

## उपयोग

लौठ सल्लाको पात, बोक्रा, काठ र फल उपयोगमा ल्याइन्छ । यसको पात र बोक्रा Taxoids तथा अन्य त्यस्तै प्रकारका तेल उत्पादन गर्न प्रयोग हुन्छ । यसका बिभिन्न भागहरू जस्तै पात, बोक्रा, हाँगा तथा काठ, सौन्दर्य तथा केश साजसज्जाका सामानहरूमा मिसावटको रुपमा प्रयोग गरेको पाइन्छ । लौठ सल्लाको बिभिन्न भागहरूबाट निकालिएको Picataxel अर्बुद रोगको निदानमा लाभदायी हुन्छ ।

## पहिचानका आधारहरू

- लौठ सल्लाको डाँठ वा बोक्रा गाढा खैरो, फुस्रो, रातो, पातलो, तथा पत्र परेका पाप्रा आउने खालको हुन्छन् ।
- यसको भित्री काठ खैरो रातो तथा बाहिरी काठ हल्का रातो तथा फुस्रो पत्र भएको हुन्छ ।

## ४१. रक्तचन्दन, Red Sanders, Red Sandal wood, Almug, Red Sanders wood; *Pterocarpus santalinus*

आइयूसिएन रेड बुकमा संकटापन्न; साइटिसमा अनुसूचि २ मा राखिएको छ ।

### परिचय



फोटो नं. १११: रक्तचन्दन

रक्तचन्दन सानो खालको सदाबहार रुख हो । यसका पातहरू एकान्तर रुपमा रहन्छ र हाँगाका किनारमा झ्याम्म परी पलाएका हुन्छन् । पातहरू ९ देखि २५ से.मि. सम्म लामो हुन्छन् । भाले र पोथी फूलहरू बेग्ला बेग्लै रुखमा फुल्दछन । फूलको रङ्ग रातो हुन्छ । फल पौष माघ ताका पाक्दछ (ज्याकसन १९९४) । १० वर्ष तथा ३० वर्ष अवधिको रक्तचन्दनको औषत उचाई क्रमशः ३.४ मिटर तथा ११ मिटर पाइएको छ (ह्युच १९८६) ।

### वितरण

रक्तचन्दन भनी स्थानीय नामाकरण रहेको वनस्पतिको प्रजाति नेपाल तथा भारत दुवै देशमा पाइन्छ । तर नेपालमा पाइने र भारतमा पाइने रक्तचन्दन बिल्कुलै फरक फरक प्रजाति हुन् । भारतमा पाइने रक्तचन्दनको वैज्ञानिक नाम *Pterocarpus santalinus* हो र भारतबाट ल्याएर नेपालमा यसै प्रजातिको अवैध व्यापार हुन्छ ।

### अवैध व्यापारमा प्रयोग हुने भाग

**व्यापारिक नामः** रक्तचन्दन (Sandal wood)

**व्यापारिक अंगः** काण्ड तथा काठ

**संकलन समयः** बीऊ संकलन भाद्र देखि पौषसम्म गर्नुपर्दछ ।

## उपयोग

यसको भित्री काठ फर्निचर बनाउन, संगीतका सामाग्री बनाउन, बुट्टा कुँद्न प्रयोग हुन्छ । यसको काठ एवं धुलो तथा अन्य चीजहरू रातो रङ्ग निकाल्नमा प्रयोग हुन्छ जुन बिभिन्न उद्योगहरूमा रङ्गाउने साधनको रुपमा उपयोग गरिन्छ (जस्तै कस्मेटिक, खाना, फर्निचर आदि) । यसको काठ र फलले पोलेको ठाउँमा राहत दिन्छ, रक्तश्राव रोक्छ  साथै शूल र हर्षको रोगमा हितकारी मानिन्छ । यो थुप्रै चर्मसम्बन्धी रोग निको पार्नमा उपयोगी हुन्छ ।

## पहिचानका आधारहरू

- रक्तचन्दनको काठको रङ्ग अरु यस्तै प्रजातिहरू *P. dalbergioides, P. Indicus and Andenathera pavonina* को काठको भन्दा गाढा रातो हुन्छ ।
- अर्को प्रकारको रातो काठ *Dalbergia* को प्रजातिहरूबाट पनि पाइन्छ । रक्तचन्दनलाई बैजनी रातो काठको रुपमा बजारमा चिनिन्छ र बिक्री गरिन्छ । यसलाई काट्दा चम्किलो रातो प्याजी हुन्छ र पछि गाढा प्याजी रङ्गको हुन्छ । यसको प्रयोग पश्चात यसबाट बास्ना आउँछ ।
- यसलाई काट्दा थोपा थोपा गरेर रातो जुस निस्कन्छ तथा भित्री काठ गाढा प्याजी हुन्छ ।
- यसको बोक्रा कालो खैरो तथा धजा फाटेको, चिरा परेको आयातकार प्लेट जस्तो हुन्छ ।
- यसको काठ अरुको भन्दा भिन्न, लहरिलो कण भएको हुन्छ जसलाई बजारमा १ नम्बर काठको रुपमा लिइन्छ र महंगोमा किनबेच हुन्छ ।

## परिवारः एपोसाइनेसी (Apocynaceae)

### ४२. सर्पगन्धा, चाँदमरुवा, Serpentine wood, Rauwolfia root, Serpentine root, Snakeroot, Snakewood ; *Rauvolfia serpentine*

संरक्षित वनस्पति (प्रशोधन नगरी विदेश निर्यातमा प्रतिबन्धित) नेपाल सरकार (२००५): जिल्ला वन कार्यालय वा वन विभागवाट अनुमति लिई संकलन गरिएको मात्र मान्य हुने । रैथानेः दक्षिण पूर्वी एशिया; आइयूसिएन रेड बुकमा संकटापन्न; साइटिसमा अनुसूचि २ मा राखिएको छ ।

#### परिचय




फोटो नं. ११२: सर्पगन्धा

सर्पगन्धा बहुवर्षीय सदाबहार बिरुवा हो । यसको व्यापारिक नाम रावलफिया हो । यो बिरुवा साधारणतया ५० से.मि. सम्म उचाई भएता पनि कतैकतै १ देखि १.५ मिटरसम्म उचाई भएको पनि पाइन्छ । यसका पातहरू चिल्ला, लामो, भालाकार भएको हुन्छन् र प्रत्येक आँख्लाबाट तीन तीन वटा पातहरू निस्किएका हुन्छन् । यसको जराको स्वाद तीतो र टर्रो हुन्छ । यसको फूलफूल्ने समय चैतदेखि असारसम्म र फल फल्ने समय बैशाखदेखि असोजसम्म हो । फलहरू ज्येष्ठको अन्तिम हप्तावाट पाक्न शुरु गर्छन् र पाकेपछि फलको रङ्गकालो हुन्छ । अत्यधिक संकलनका कारण यो बिरुवा लोप हुने स्थितिमा पुगेकाले प्राकृतिक अवस्थावाट संकलन गरी व्यापार गर्न प्रतिबन्धित गरिएको छ ।

#### प्राकृतिक बासस्थान

प्राकृतिक अवस्थामा यो बिरुवा ओसिलो स्थानमा समुद्र सतह देखि १,२०० मिटरको उचाईसम्ममा पाइन्छ । यो विशेष गरेर सालको जंगलमा पाइन्छ ।



उष्ण प्रदेशीय वनस्पति भएकोले यो बिरुवा नेपाल लगायत भारत, म्यानमार आदि देशहरूमा पाइन्छ । यो एशिया बाहेक अफ्रिका र अमेरिकाको उष्ण भूभागमा समेत पाइन्छ ।

## अवैध व्यापारमा प्रयोग हुने भाग

जरा

### संकलन समय

यस बिरुवालाई रोपेको १८ देखि ३० महिनामा बाली संकलन गर्न सकिन्छ। जरा मंसिरदेखि पौष महिनामा खन्नु पर्दछ किनकि उक्त समयमा यसको रासायनिक सारतत्व बढी हुन्छ ।

### उपयोग

सर्पगन्धाको जरामा रिसर्पिन, सर्पेन्टाइन र एजमालिन आदि नामका मुख्य वनस्पतिजन्य रसायनहरू पाइन्छ। यो उच्च रक्तचाप, ज्वरो, पागलपन, मानसिक रोग आदिमा प्रयोग गरिन्छ । यसमा पाइने बिभिन्न रसायनहरू निद्रा लगाउने र उच्च रक्तचाप नियन्त्रण गर्ने आयुर्वेदिक औषधीहरू बनाउन प्रयोग गरिन्छ ।

### पहिचानका आधारहरू

- काण्ड साधारणतया हाँगाबिंगा नभएको र मसिनो हुन्छ जसलाई भाँच्दा पहेंलो खाले च्यापच्याप लाग्ने तरल पदार्थ निस्कन्छ ।
- जरा जमीन मुनि सिधै जाने, कडा, चिरा चिरा परेको सतह भएको, हल्का खैरा पहँलो रङ्गको ३ देखि २२ से.मि. सम्म गोलाई भएको हुन्छ ।
- जराको बाहिरी आवरण हल्का खैरो पहँलो हुन्छ भने भित्री कडा भाग घीउ रङ्गको हुन्छ ।
- ताजा आलो जरा नमिठो गन्ध भएको हुन्छ भने सुकेको जरा गन्ध रहित तीतो स्वादको हुन्छ ।
- जराको धुलोको रङ्ग पहेँलो खालको हुन्छ ।

## परिवारः डिस्कोरियसी (Dioscoreaceae)

### ४३. भ्याकुर, काडेभ्याकुर, कुकुरतरुल, जंगली पिडालु, वनतरुल; Wild yam, Elephants foot, Kniss, Deltoid yam; *Dioscorea deltoidea*

**रैथाने:** दक्षिण एशिया; आइयूसिएन रेड बुकमा संकटापन्न; साइटिसमा अनुसूचि २ मा राखिएको छ ।


#### परिचय



फोटो नं. ११३: भ्याकुर

भ्याकुर गानावाट निस्कने लहरेदार बिरुवा हो । यो गानोबाट बसन्त ऋतुमा पलाउँछ अनि झांगिन थाल्छ । फूल फुली फल लागी सकेपछि हिउँदमा यसको लहरा सुकेर जान्छ र गाना जमीन मुनि रहिरहन्छ । त्यसैले यो बहुवर्षीय गानायुक्त बिरुवा हो । यसका पातहरू डाँठ भएका हुन्छन् । डाँठहरू २ देखि ७ से.मि. हुन्छन भने पात ५ देखि १५ से.मि. लामो पान वा हृदयाकारको हुन्छन् । पातको तल्लो फेदवाट ७ वटा नसाहरू निस्किएका हुन्छन् ।

#### प्राकृतिक बासस्थान




यो नेपालको तराईदेखि भित्री मधेशमा पाइन्छ । त्यसैगरी यो प्रजाति काश्मिर देखि आसाम र इन्डोचीन तथा पश्चिमी चीनमा ४५० देखि ३,१०० मिटर सम्मको उचाईमा फैलिएको हुन्छ ।

#### अवैध व्यापारमा प्रयोग हुने भाग:

जरा र गाँठ

### संकलन समय:

भ्याकुरको गाना यसको बोट सुकेपछि वा पहेंलो भै सकेपछि खनिन्छ। यसका गानामा काँडा हुन्छन्। त्यसैले यसलाई काँडे भ्याकुर पनि भन्ने गरिन्छ। यसको फल भदौदेखि कार्तिकसम्ममा संकलन गरिन्छ।

### उपयोग

गानो वा कन्द थिचेर साबुनको रुपमा तथा बाहिरी रुपमा जुम्रा, उपियाँ तथा अरु कीराहरू मार्नका लागि प्रयोग गरिन्छ साथै ग्रामीण क्षेत्रमा माछा मार्न तथा साबुनको रुपमा प्रयोग गरिन्छ। कन्द धेरै पटक पानीले धोएपछि तरकारीको रुपमा खाना पनि सकिन्छ।

यसको गानोमा डायोस्जेनिन नामक रसायन पाइन्छ जसबाट स्टेरोईड हर्मोनहरू जस्तै, कन्टीकन्सटेरोइडस् आदि निकालिन्छ जसलाई पछि परिवार नियोजनको खाने चक्की औषधी बनाउन प्रयोग गरिन्छ।

### पहिचानका आधारहरू

- गाना बाहिर खैरोदेखि पहेंलो सुन्तला रङ्गको अदुवा जस्तो, रेसादार छोटो जराहरूले ढाकिएको हुन्छ।
- पातहरू साधरण फराकिलो अण्डाकार, चुच्चो भएको, आधा मुटु आकार भएको र काण्डको प्रत्येक आँख्लोमा एक आपसमा बिपरित हुने गरी पलाएका हुन्छन्।

## परिवारः जुग्लेन्डेसी (Juglandaceae)

### ४४. ओखर, हाडे ओखर; Walnut; *Juglans regia*

**रैथाने:** दक्षिण एशिया; आइयूसिएन रेड बुकमा संकटापन्न; साइटिसमा अनुसूचि २ मा राखिएको छ ।

### परिचय


यो करीव ३० मिटर अग्लो हुने रुख वर्गको पतझड वनस्पति हो । यसको बोक्रा खैरो रङ्गको सिधा गहिरो र चिरा चिरा परेको हुन्छ । फूल सानो पहेलो हरियो रङ्गको हुन्छ । यसको फूल फागुनदेखि बैशाखसम्ममा फूल्छ । फल कार्तिक-मंसिरमा पाक्दछ । पश्चिम नेपालमा पूर्वी नेपालमा भन्दा अलि ढिलो पाक्दछ ।



फोटो नं. ११४: ओखर

### प्राकृतिक बासस्थान

यो प्रजाति १,२०० मिटर देखि ३,००० मिटरसम्मको उचाईमा पूर्व, मध्य र पश्चिम नेपालमा पाइन्छ । यो नेपाल बाहेक भारत, चीन, भुटान, अफगानिस्तान, र म्यानमार, यूरोपका बिभिन्न देशहरूमा पनि पाइन्छ ।




### अवैध व्यापारमा प्रयोग हुने भाग

यसको डाँठ, पात, बोक्रा र फल प्रयोगमा आउने भए पनि बोक्रा र फलको मात्र ज्यादा बिक्री वितरण भइरहेको छ । यसको बोक्रामा जग्लान्डिक एसिड, जुग्लोन अर्सेन्टिक, बर्वेरिन नाम गरेको रासायनिक तत्व पाइन्छ भने यसको फलमा जुग्लान्सिन भन्ने रासायनिक तत्व पाइन्छ । फलमा अक्जालिक एसिड,

रेजिन र लिन्सिड आयल पाइन्छ। फलको तेल छालाको रोगमा, साबुनमा, खाने तेल र आइसक्रिम चकलेटहरूमा प्रयोग गरिन्छ। बोक्राको रङ्गलाई श्वेतप्रदर र पातलाई क्षयरोगको औषधिको रुपमा पनि प्रयोग गरिन्छ। फलको हरियो बोक्रावाट स्थानीय रुपमा रङ्ग निकाली त्यसलाई ऊन, राडी, पाखी रङ्गाउन प्रयोग गरिन्छ।

## संकलन समय

फल पाकिसकेपछि कार्तिक मंसिरमा र बोक्राको संकलन भाद्र-असोजमा गर्ने गरिन्छ।

## संरक्षणको स्थिति

प्राकृतिक अवस्थावाट संकलन गरिएको ओखरको फलको प्रति के.जी. रु ३ का दरले राजस्व वुझाउनु पर्दछ। यसको बोक्रालाई वन नियमावली २०५१ अन्तर्गत संकलन, उपभोग, बिक्री वितरण, ओसारपसार र विदेश निकासीमा प्रतिबन्ध लगाइएको छ।

## ४५. निरमसी (Neeramasi), निर्विषी, निर्मसी, निलोविष; Larkspur; *Delphihium denudatum*

### परिचय

निर्विषी प्रत्येक वर्ष उम्रने, भुवा र भुत्ला नभएको चिप्लो हाँगा भएको ९० से.मि. सम्म अग्लो हुने प्रजाति हो । यसको जरा टर्रो, तीतो र कोक्याउने हुन्छ ।



फोटो नं. ११५: निरमसी

### प्राकृतिक बासस्थान

यो प्रजाति १,५०० मिटर देखि २,७०० मिटरसम्मको उचाईमा पाइन्छ । यो नेपालको कर्णाली, सेती र मेची अञ्चलका बिभिन्न जिल्लाहरूमा पाइन्छ ।

### अवैध व्यपारमा प्रयोग हुने भाग

जरा

### संकलन समय

असोजदेखि कात्तिकसम्मलाई निर्विषी संकलन गर्ने सबैभन्दा उपयुक्त समय मानिन्छ ।

### उपयोग

निरमसीका जरा ताप उत्पन्न गर्ने, पाचक र वायुशमनको लागि औषधीको रुपमा प्रयोग गरिन्छ । यस बिरुवाको जरा अमलपित्त, ज्वरो, अल्सर र खोकीको औषधीका रुपमा पनि प्रयोग गरिन्छ ।

## ४६. पाँचऔंले, हातजडी; Marsh Orchid, Orchis, *Dactylorhiza hatagirea*

**रैथानेः** हिमाली क्षेत्रः आइयूसिएन रेड बुकमा संकटापन्न; संरक्षित वनस्पतिः अवैज्ञानिक संकलन, कम मात्रामा पाइने, बढ्दो माग, आदि कारणले यसको संकलन, प्रशोधन, ओसार पसार तथा विदेश निर्यातमा प्रतिबन्ध लगाएको छ (नेपाल सरकार २००५), साइटिसमा अनुसूचि २ मा राखिएको छ ।

### परिचयः


पाँचऔले हिमाली क्षेत्रमा पाइने एउटा महत्वपूर्ण जडीबुटी हो । नेपालको उत्तर-पश्चिमका डोल्पा, जुम्ला लगायतका जिल्लाहरूमा बोलिने नेपाली भाषामा पाँच औलेलाई हात्तजडी वा हात्तजरा पनि भनिन्छ । संसारभरि डाक्टाइलोराइजाका ७५ प्रजातिहरू पाइने बताइन्छ । तैपनि, बिभिन्न विशेषज्ञहरूले यसका प्रजातिहरूको सङ्ख्या १२-७५ सम्म भएको अनुमान गरेका छन् ।



फोटो नं. ११६: पाचँऔलें

डाक्टाइलोराइजाका प्रजातिहरू जमीनमा पाइने सुनाखरी (अर्किडेसी) परिवारका वनस्पति हुन् । यिनीहरू उष्ण प्रदेशदेखि आर्टिक युरासिया र उत्तर अफ्रिकामा पाइन्छन् । तर सबैभन्दा बढी प्रजाति विविधता मेडिटेरियन र ककेसस् क्षेत्र लगायत यूरोप र यसको वरपरका क्षेत्रहरूमा रहेको छ । हिमाली क्षेत्रमा भने एउटा मात्र प्रजाति (डाक्टाइलोराइजा हाटाजिरिया) पाइन्छ। पाँचऔलेका धेरैजसो प्रजातिहरू बासस्थानको विनाशले गर्दा लोप हुदैं गएको पाइएको छ । हिमाली क्षेत्रमा पनि स्थानीय औषधी र बिक्रीका लागि पाँचऔलेको गानाको अत्यधिक संकलन र बासस्थानको विनाशले गर्दा यसको अवस्था पनि संकटमा परेको छ ।

## प्राकृतिक बासस्थान




पाचँऔले शीतोष्ण हिमालयको वनस्पति हो । भौगोलिक रूपमा यसको वितरण तथा बिस्तार पश्चिम पाकिस्तान, कश्मीर, उत्तर-पश्चिम भारत, नेपाल र भुटानदेखि दक्षिण-पूर्वी तिब्बतसम्म रहेको पाइन्छ । प्राकृतिक अवस्थामा पाँचऔंले जताततै नहुर्केर शीतोष्ण तथा तल्लो अल्पाइन हिमालयको सीमित ठाउँहरूमा दुर्लभ रूपमा छरिएर रहेको हुन्छ । यो समुद्र सतहबाट २,८०० देखि ४,२०० मी. सम्मको उचाईका उत्तर-पश्चिमी, दक्षिण-पश्चिमी वा पूर्वी मोहडा भएका खुल्ला तथा ओसिलो घाँसेमैदान, भिरालो खर्क, दलदल जमीन भएको क्षेत्र, बुट्यान र खुला क्षेत्र भएको जंगलमा पाइन्छ। तर यो ३,८०० देखि ४,२०० मी. उचाईमा बढी मात्रामा पाइन्छ। विशेष गरेर दक्षिणी र दक्षिण-पूर्वी मोहडा भएका पाखाहरूमा, समुद्र सहबाट ३,८०० मिटरदेखि माथि, उचाई बढ्दै जाँदा यसको सङ्ख्याको प्रचुरता पनि बढ्दै जाने गरेको पाइएको छ। पश्चिम हिमालयमा यो समुद्र सतहबाट २,५०० देखि ५,००० मी. सम्मको उचाईका क्षेत्रहरूमा पनि पाइने बताइन्छ।

## अवैध व्यापारमा प्रयोग हुने भाग

व्यापारिक नाम: पाँचऔले, सालामपंजा, हत्ताजडी

व्यापारिक अंग: जमीन मुनिको हत्केला आकारको कन्द ।

## संकलन समय

आश्विन देखि कार्तिक महिनासम्ममा फूल झरिसकेपछि संकलन गर्ने गरिन्छ।

## उपयोग

यसका जरा नसा सम्बन्धी रोगमा र यौन उत्तेजना बढाउन प्रयोग गरिन्छ। यसको जरा पिसेर बनाएको लेप काटेको वा पोलेको ठाउँमा लगाइन्छ। यसको जरा अत्यन्त पोषणयुक्त, खोकी, ज्वरो, घाउ निको पार्न, पिसाब सम्बन्धी समस्या आदिमा प्रयोग गरिन्छ । यसलाई विशेष गरेर छालालाई मुलायम र

यौवन राख्ने र दुर्बलताको लागि शक्तिवर्धक औषधी (टनिक) का रूपमा प्रयोग गरिँदै आएको छ । यसको गानो झाडा पखाला, आउँ, मधुमेह, वीर्यसम्बन्धी दुर्बलता, अजीर्ण, आधा हर नचल्ने समस्या (पक्षघात), थकाई लाग्ने समस्या (दुर्बलता महसूस हुने), ऊर्ध्व मस्तिष्क सम्बन्धी समस्या, दीर्घस्थायी ज्वरो, घाउ-खटिरा, पोलेकोमा, खोकी, ब्रोङ्काइटिस, स्वरको धोत्रोपन (स्वरभङ्ग) इत्यादिको उपचारमा पनि प्रयोग हुने बताइन्छ । नेपालका केही ठाउँहरूमा यसको कलिलो पात र डाँठ तरकारीको रूपमा पनि खाने चलन रहेको छ ।

### पहिचानका आधारहरू

- यसको गाना हत्केलाबाट पाँचऔला पलाएजस्तो देखिन्छ । औँला जस्ता भाग कुनैमा तीन, चार वा छ वटासम्म पलाएको हुन्छ ।
- काँचो गाना घीउ रङ्गको सेतो हुन्छ भने सुकाइ सकेपछि हल्का कालो खैरो हुन्छ ।
- गानो हल्का चाउरी परेको र ससाना चिरा परेको हुन्छ, जुन सजिलै भाँचिने र गुलियो स्वादको हुन्छ ।
- नेपालबाट पाँचऔंलेको संकलन र निकासीमा प्रतिबन्ध लगाइएकोले यसको व्यापार अवधै रूपमा हुने गरेको छ । उच्च बजार मूल्य र बढ्दो मागका कारणले गर्दा पाँचआलैंको आर्थिक सम्भाव्यता उल्लेख्य रूपमा रहेको देखिन्छ । तर यसको व्यवसायिक माग र सम्पूर्ण व्यापारिक प्रणालीका बारेमा ठोस जानकारी छैन ।

## ४७. सुनगाभाका अन्य प्रजातिहरू (Orchids)

### परिचय

नेपालमा अर्किडलाई स्थान तथा बोलिचाली अनुसार सुनाखरी, सुनगँभा, जिवन्ति आदि बिभिन्न नामहरूले चिनिन्छ । अर्किड बहुवर्षीय झार वर्गमा पर्ने वनस्पतिका प्रजाति हुन् । अर्किडहरू रुख बिरुवाको सहाराले हावामा झुण्डिएर रहेका हुन्छन् । यसका केहि प्रजातिहरू जमीनमा जरा गाडेर पनि उम्रन्छन् भने कुनै कुनै प्रजातिहरू चट्टानमा उम्रन्छन् । अर्किडहरूले परजिवीहरू जस्तो रुखमा जरा गाडेर पोषण तत्व भने लिने गर्दैनन् सोही गुणले गर्दा यस्ता प्रकृतिका

प्रजातिहरूलाई Epiphytes भनिन्छ। अर्किड बिभिन्न प्रकारका आकर्षक बनौट र रङ्गहरूमा फुल्दछन् । अर्किडका पात र जराहरू प्रजाति अनुसार फरक फरक हुन्छन् । यसका बीऊहरू मसिना हुन्छन् । अर्किड कालो रङ्ग बाहेक सम्पूर्ण रङ्गहरूमा फुल्दछन् । संसारमा २५ हजारदेखि ३० हजारसम्म अर्किडका प्रजातिहरू पाइन्छन् ।

## प्राकृतिक बासस्थान

यी प्रजातिहरू रुखको सहारा लिएर उम्रने गर्दछन् । साहारा दिने रुखलाई होष्ट प्लान्ट भनिन्छ । यो प्रजाति उष्ण प्रदेश देखि टुन्ड्रासम्म पाइन्छ । कुनै कुनै प्रजातिहरू चट्टान र भुँइहरूमा समेत पाइन्छन् । अर्किडले होष्ट पलान्ट को रुपमा चिलाउने, खस्रु, लालीगुँरास, साल, कटुस, अंगेरी, बाँझ, काफल, चिउरी, मौवा आदिलाई प्रयोग गर्दछ ।

## अर्किड फूल्ने समय

अर्किड गृष्म ऋतुमा बैशाखदेखि श्रावण महिनासम्म फुल्छन् । केहि अर्किडहरू भने भाद्रदेखि मसिंरसम्म र कुनै कुनै त हिउँद ऋतुमा पनि फूल्दछन् ।

## अवैध व्यापारमा प्रयोग हुने भाग

पुरै बिरुवा र फूलहरू

## अर्किडको उपयोगिता

अर्किडमा पाइने Phytochemicals तत्वहरू Alkaloids, Flavonoids, Glycosides ले यसलाई एक अमूल्य औषधी बनाएको छ । नेपालमा भएका करीव ४५८ भन्दा बढी अर्किड प्रजातिहरू मध्ये ८२ प्रजातिहरू बिभिन्न औषधीको लागि प्रयोग भएका छन् । अर्किडलाई मुख्यतया आयुर्वेदिक शक्तिवर्द्धक औषधी च्यवनप्राशमा प्रयोग गरिन्छ । यसलाई हात भाँचिएको, मर्केको, पोलेको, आँतको ज्वरोमा औषधीको रुपमा उपयोग गर्छन् । यसका अलावा अर्किड श्रृंगार र सजावटको लागि निकै प्रयोग गरिन्छ ।

## चोरी निकासी

अन्तर्राष्ट्रिय बजारमा अर्किडको उपयोग औषधी र सौन्दर्यजन्य वस्तु बनाउन अधिक प्रयोग गरिन्छ । यो नेपालबाट चोरी निकासी हुने प्रमुख प्रजाति हो ।

अर्किडलाई तिब्बतीहरूले परम्परागत महँगो औषधीका रुपमा उपायेग गर्ने गरेकोले काठमाडौं उपत्यका र आसपासका जिल्लाहरूबाट संकलन भई तिब्बततर्फ अवैध रुपमा निकासी हुने गरेको पाइन्छ ।

## संरक्षणको स्थिति

अर्किड साइटिस अनूसूचि २ मा परेको दुर्लभ र खरीद बिक्री गर्न नपाइने वन पैदावार हो । नेपाल सरकारले पनि यसको खरीद, बिक्री वितरण, र ओसार पसारमा बन्देज लगाएको छ ।

# सन्दर्भ सामाग्रीहरू

रा.नि. तथा ब.ज.सं. बिभाग २०७१, साइटिस अनुसुचिमा सुचिकृत नेपालका दुर्लभ बन्यजन्तु र बनस्पति Flora and fauna of Nepal in CITES Annexes. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग ।

राजभण्डारी, सुनील लाल र पारस आचार्य २०६९, घडियाल गोही, हाम्रो कल्पवृक्ष, वर्ष २३, अंक २५७ ।

रा.नि. तथा ब.ज.सं. विभाग २०६९, प्रतिवन्धित तथा संरक्षित वन्यजन्तु तथा आखेटोपहार र वनस्पति पहिचान पुस्तिका, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल, काठमाडौं ।

व. विभाग २०६९, पञ्चासेका अर्किडहरू, नेपाल सरकार, वन विभाग, पञ्चासे संरक्षित वन कार्यक्रम, कास्की, स्याङ्जा र पर्वत ।

व. विभाग २०६६, नेपालको आर्थिक विकासका लागि प्राथामिकता प्राप्त जडिवुटिहरू, नेपाल सरकार, वन तथा भू संरक्षण मन्त्रालय, वनस्पति विभाग, थापाथली, काठमाडौ, नेपाल ।

ग्रिमेट, रिचर्ड; इन्सकिप, क्यारोल; इन्सकिप, टिम र हेम सागर बराल २००३, नेपालका चराहरू, क्रिष्टोफर हेल्म लिमिटेड, ए एण्ड सि ब्लाक लिमिटेड, लण्डन ।

एन्साव सन् २००३, व्यापारमा रहेका नेपालका महत्वपूर्ण गैरकाष्ठ वन पैदावारहरू, दिगो कृषि तथा जैविक श्रोतका लागि एसियाली नेटवर्क ।

चर्माकार, शम्भु २०६४, जटामसीको संक्षिप्त जानकारी र यसको सर्वेक्षण विधि, द इनिशिएशन, वार्षिक प्रकाशन, काठमाडौं फरेष्ट्री कलेज काठमाण्डौ नेपाल ।

चालिसे, मुकेश २०५६, नेपालका बन्यजन्तु भाग १, नेपाल नेचुरल हिस्ट्री सोसाइटि, काठमाडौं ।

चालिसे, मुकेश २०५८, नेपालका बन्यजन्तु भाग २, नेपाल नेचुरल हिस्ट्री सोसाइटि, काठमाडौं ।

चालिसे, मुकेश २०६८, नेपालका दुर्लभ र अनौठा बन्यजन्तु, बिबेक सिर्जनशील प्रकासन प्रा.लि., काठमाडौं ।

के.सी., राजेशमान २०६६, लोपोन्मुख पंक्षि शारस, हाम्रो कल्पवृक्ष, वर्ष २०, अंक २१९ ।

थापा, भक्त ब. सन २०११, प्रकृति र प्राणी (वातावरण), प्रकाशक: नीता थापा, चण्डोल, काठमाडौं ।

थापा, वर्ण ब. २०६६, नेपालमा हिउँ चितुवाको संरक्षण: एक समिक्षा, हाम्रो कल्पवृक्ष, वर्ष २०, अंक २१९ ।

बाँके राष्ट्रिय निकुञ्ज २०७०, बार्षिक प्रतिबेदन, बाँके राष्ट्रिय निकुञ्ज, ओभारी, बाँके ।

शाह, करन बहादुर र बराल, हेमसागर २०६९, नेपालमा हिउँ चितुवाको संरक्षण । हिमाली प्रकृती, काठमाडौं, नेपाल ।

Aryal, A and H.K.Yadav 2010, First camera trap sighting of critically endangered Hispid hare (*Caprolagus hispidus*) in Suklaphanta Wildlife Resreve, Nepal. World applied Science Journal 9(4).

Baral, H.S. and Shah K.B. Shah 2008, Wild Mammals of Nepal. Himalayan Nature, Kathamandu.

Baral, H.S and Shah, K.B. 2013, Status and Conservaiton of the Mugger Crocodile in Nepal. Crocodile Specialist Group Newsletter Vol. 32, No. 2, PP 16-20.

Bhusal,G., 2014, Status and distribution of Gaur (*Bos gaurus gaurus*) in Parsa Wildlife Reserve, Nepal. M.Sc. Thesis, Central Department of Environmental Science, TU.

DNPWC 2014, Status of Wildlife Crime Control in Nepal. Department of National Parks and Wildlife Conservation, Babarmahal, Kathmandu Nepal.

IUCN Red list (www.iucn.org) referred on June 2015.

Jnawali, S.R., Baral, H.S., Lee, S., Acharya, K.P., Upadhyay, G.P., Pandey, M., Shrestha, R., Joshi, D., Lamichhane, B.R., Griffiths, J., Khatiwada, A.P., Subedi, N., and Amin, R.(Compilers) 2011. The Status of Nepal's Mammals: The National Red List Series. Department of National Parks and Wildlife Conservation.

Paudel, K. 2015, Assessing Illegal Wildlife Trade in Araniko Trail, Nepal. M.Sc. Thesis. School of Environment Science and Management, Pokhara University, Kathmandu Nepal.

Shah, K.B. & Tiwari, S. 2004, Herpetofauna of Nepal: A conservation companion. IUCN Nepal.



